सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ जेठ २०८०, शुक्रबार (9 June 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ५७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सहकारीविरुद्ध प्रहरीमा उजुरीका चाङ, लाखौं सर्वसाधारणको अर्बौं बचत जोखिममा

बचतकर्ताको रकम हिनामिना गरेर सञ्चालकहरू फरार हुन थालेपछि सरकारले गऱ्यो करिब सय सहकारीकर्मीको पासपोर्ट रोक्का

नवराज मैनाली/नयाँ पत्रिका

नियमन गर्ने राज्यसंयन्त्रको अकर्मण्यताका कारण सहकारी संस्थामा लाखौँ सर्वसाधारणको अर्बौँ निक्षेप जोखिममा परेको छ। एकपछि अर्को सहकारी समस्यामा पर्दा प्रहरीमा उजुरीको चाङ लागेको छ भने सञ्चालक फरार हुन थालेका छन्।

पछिल्लो दुई महिनामा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मा मात्र एक दर्जन सहकारीविरुद्ध उजुरी परेका छन्। तीमध्ये धेरैजसो सहकारी विभागबाटै पत्राचार भएर अनुसन्धान भएका छन् भने सर्वसाधारण सीधै पनि सिआइबीमा पुग्न थालेका छन्। एउटै सहकारीविरुद्ध सयभन्दा धेरैको उजुरी परेको छ।

यी सहकारीमाथि सिआइबीले गर्दै छ छानबिन
पृष्ठ ११

उजुरी बढ्दै गएपछि अनुसन्धान नै धान्न नसक्ने अवस्था आउन लागेको सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले बताइन्। 'सहकारी ठगीको अवस्था भयावह देखिन्छ,' उनले भनिन्, 'फोन, फेसबुकदेखि कार्यालयमै आएर उजुरी गर्ने बढिरहेका छन्। उजुरीको चाप हेर्दा हामीले अनुसन्धान धान्न सक्ने अवस्था छैन। ठगी गर्ने सहकारीको संख्या सयौँ छ, पीडितहरूको संख्या लाखौँ छ। त्यसकारण यो समस्यालाई फरक ढंगले समाधान गर्नुपर्छ भन्ने लाग्छ, प्रहरीले थुनेर मात्र यो समस्या समाधान होला जस्तो लाग्दैन।'

सहकारी समस्या विकराल बन्दै गएपछि सरकारले राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त रावतको अध्यक्षतामा गत महिना कार्यदल गठन गरेको थियो। पहिलो बैठक बसेको दुई महिनाभित्र प्रतिवेदन बुझाउन समयावधि दिइएको भए पनि कार्यदलले अहिलेसम्म काम नै सुरु गरेको छैन।

विगतमा पनि समस्या समाधानका लागि विभिन्न समिति र कार्यदल बने पनि सहकारी क्षेत्रमा सुधार

» पृष्ठ ११ मा क्रमशः

■ बचतकर्ता सडकमा, सञ्चालक विदेशमा



सहकारीबाट पीडितहरू आफ्नो निक्षेप फिर्ताको माग गर्दै सडकमा उत्रिएका छन्। सहकारीपीडित बचतकर्ता महासंघको नेतृत्वमा बिहीबार उनीहरूले ठगी गर्ने सहकारीका सञ्चालकमाथि कारबाही तथा आफ्नो बचत फिर्ताको माग गरी माइतीघरदेखि नयाँ बानेश्वरसम्म विरोध च्याली निकालेका छन्। तर, रकम हिनामिना गरेर सहकारी सञ्चालकहरू भने विदेश भाग्न थालेका छन्। शिव शिखर र तुलसी सहकारीका पूर्वअध्यक्ष केदारनाथ शर्मा भारतमा लुकेर बसेका छन्। उनले दुई सहकारीको करिब ६ अर्ब भारतमा लगेर लगानी गरेका छन्। अन्य सहकारीका सञ्चालकहरू पनि भाग्न थालिसकेको स्रोत बताउँछ। यसलाई मध्यनजर गरेर करिब सय सहकारीकर्मीको पासपोर्ट रोक्का गरिएको छ। सरकारले १२ सहकारीलाई समस्याग्रस्त घोषणा गरिसकेको छ। साथै अन्य केही सहकारीमा समस्या देखिएको छ। समस्याग्रस्त घोषणा भइसकेका र अहिले समस्या देखिएका सहकारीसहितका सञ्चालक र व्यवस्थापक विदेश भाग्ने आशंकामा उनीहरूको पासपोर्ट रोक्का गरिएको हो। तस्बिर : **यम बम**/नयाँ पत्रिका

अनुसन्धान धान्नै नसक्ने गरी उजुरीको चाप बढेको छ

अन्तर्वार्ता



एआइजी किरण बज्राचार्य, निर्देशक, केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)

हामीकहाँ उजुरी एकदमै बढेका छन्। शिव शिखरका सञ्चालक त जेल चलान नै भइसके। एकताबद्धका सञ्चालकलाई पक्राउ गरी अनुसन्धान गरिरहेका छौँ। अन्य सहकारीको अनुसन्धान पाइपलाइनमा छ। फोन, फेसबुकदेखि कार्यालयमै आएर उजुरी गर्नेहरू बढिरहेका छन्। उजुरीको चाप हेर्दा हामीले अनुसन्धान धान्न सक्ने अवस्था छैन। ठगी गर्ने सहकारीको संख्या सयौँ छ, पीडितहरूको संख्या लाखौँ छ। त्यसकारण यो समस्यालाई फरक ढंगले समाधान गर्नुपर्छ भन्ने लाग्छ।

(विस्तृत पृष्ठ ११ मा)

केही चतुर व्यक्तिले सहकारी क्षेत्र डुबाए



● **केदार न्यौपाने**, पूर्वसचिव

सहकारी संस्था भनेको सरकारी नियमनभन्दा स्वअनुशासन र सदस्यकै नियमनमा चल्नुपर्ने हो। तर, यो क्षेत्रलाई केही चतुर व्यक्तिले बिगारे, संस्थालाई आफ्नो कम्पनी जसरी चलाए। सहकारीलाई साहुकारजस्तो बनाए। सहकारीको लेखापरीक्षणमा हुने सेटिङका कारण पनि यो क्षेत्रमा समस्या बढेको हो।

विश्वासको संकट मुख्य समस्या हो



● **नमराज धिमिरे**, रजिस्ट्रार, सहकारी विभाग

केही संस्थामा बदमासी भएको छ, धेरैमा व्यवस्थापनको समस्या हो। घरजग्गामा लगानी गरेका कारण धेरैमा समस्या आएको हो। त्यो समाधान गर्न सकिन्छ। सञ्चालक र बचतकर्तालाई छलफलमा राखेर हामीले विश्वासको वातावरण बनाइरहेका छौँ। विगतमा सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीका सदस्यले आफ्नो पैसा फिर्ता पाउन नसक्दा अहिले विश्वासको संकट देखिएको हो।

■ कोसीमा सत्तासंघर्ष

अल्पमतको सरकार अध्यादेशबाट बजेट ल्याउने तयारीमा

■ रेवतीरमण भण्डारी
प्रमुख सचेतक, एमाले, कोसी प्रदेश



सरकारले कुनै अवैधानिक काम गर्दैन, वैधानिक विकल्पअनुसार नै बजेट प्रस्तुत गर्नेछ।

■ भूपेन्द्र राई
प्रमुख सचेतक, कांग्रेस, कोसी प्रदेश



अल्पमतमा परेको सरकारले तुरुन्त राजीनामा दिएर लोकतान्त्रिक मूल्य-मान्यताको सम्मान गर्न कोसी प्रदेशका मुख्यमन्त्रीसँग जोडदार माग गर्दछौँ।

(विस्तृत पृष्ठ ३ मा)

आदरणीय सरहरू, कापी पढेर चेक गर्नुहोला है !



समय-सापेक्ष
मिलन पाण्डे

हामीले परीक्षालाई कर्मकाण्ड बनायौँ अनि कापी चेकिङलाई मजाक। अब परीक्षा प्रणाली र कापी चेकिङ प्रणाली दुवै बदलिन जरुरी छ

(लेख पृष्ठ ६ मा)

कृषि बिमाको तीन अर्ब अनुदान बाँकी पहिलो किस्तामा मन्त्रालयले ७५ करोड दिने



कृषि मन्त्रालयका सचिवको नेतृत्वमा कृषि बिमासम्बन्धी छुट्टै कमिटी गठन गरिएको छ। सोही कमिटीको बैठकले बिमाको अनुदान रकम दिने निर्णय गरेको हो।

(लेख पृष्ठ ९ मा)

कर्नर किक

● रवि मिश्र



कर्मचारी सरुवा व्यवस्थापन गर्न सामान्यले गठन गऱ्यो कार्यदल

नयाँ पत्रिका

निजामती कर्मचारीको सरुवा व्यवस्थापन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कार्यदल गठन गरेको छ। कर्मचारीतन्त्रमा सरुवाको विकृति झाँगिएपछि त्यसलाई नियन्त्रण गर्न कार्यदल गठन गरिएको मन्त्री अमनलाल मोदीले जानकारी दिए। मन्त्रालयका कर्मचारी प्रशासन महाशाखा हेर्ने सहसचिव हेमराज तामाङ र स्थानीय तह तथा क्षमता विकास महाशाखा प्रमुख सहसचिव बलराम रिज्याल सम्मिलित कार्यदल गठन भएको उनले बताए।

कार्यदलले सरुवासम्बन्धी हालका कानुनी व्यवस्था र अभ्यास हेरेर उपयुक्त सुझाव दिनेछ। 'सरुवासम्बन्धी बेथिति र गुनासा सम्बोधन गर्ने पहलका लागि कार्यदल गठन गरेका छौँ,' बिहीबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'कार्यदलले सरुवा प्रणालीलाई व्यवस्थित बनाउनेबारे सुझाव दिनेछ।' कार्यावधि, भौगोलिक क्षेत्र आदिका आधारमा सरुवा हुनुपर्नेमा उनले जोड दिए। सरुवालाई व्यवस्थित गर्न आफू लागिपरेको मोदीको दाबी छ।

कर्मचारीहरू सहर र सदरमुकाममुखी भएका कारण दुर्गम क्षेत्रको सेवाप्रवाह प्रभावित भएको मन्त्री मोदीले बताए। दरबन्दी कायम भएको ठाउँमा नबस्ने प्रवृत्ति रहेको बताउँदै उनले कर्मचारी सरुवाका लागि स्थानीय तहबाट व्यापक दबाब आउने गरेको दाबी गरे। 'मन्त्रालयले कर्मचारी पठायो हाजिर गर्न दिँदैनन्,' उनले भने, 'स्थानीय तहका जनप्रतिनिधि यही कर्मचारी चाहियो भन्दै सोर्सफोर्स लगाएर आउँछन्।'

» पृष्ठ ११ मा क्रमशः

■ सामान्य प्रशासनमन्त्री अमनलाल मोदी भन्छन्-

निजामती सेवा ऐन हाम्रो कारणले रोकिएको होइन



निजामती सेवा ऐन मन्त्रालयका कारण रोकिएको होइन। मन्त्री भएर आएदेखि नै शीघ्र ऐन जारी गर्न प्रयास गरिरहेको छु। विवादित विषय टुंग्याएर गत ९ चैतमा निजामती सेवा ऐनका सम्बन्धमा बनेको विधेयकको मस्यौदा रायका लागि अर्थ र कानुन मन्त्रालयमा पठाउने निर्णय गरेको थिएँ। तर, ती मन्त्रालयबाट अझै सहमति आइसकेको छैन। संघीय निजामती सेवा ऐन ल्याउन डे वानदेखि नै लागिपरेको छु। तर, अहिले अर्थ र कानुन मन्त्रालयमा अड्केको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



चार स्थानको तापमानमा रेकर्ड ब्रेक

नवलपुरको दुम्कौली, सुनसरीको धरान, इलामको कन्याम चिया बगान र ओखलढुंगामा अधिकतम तापक्रम हालसम्मकै उच्च, दुम्कौलीमा सबैभन्दा धेरै अधिकतम तापक्रम ४३.८ डिग्री मापन

● **डा. इन्दिरा कँडेल**, वरिष्ठ मौसमविद्



१९९० देखिको तथ्यांक ब्रेक गर्ने गरी तापक्रम बढ्नुले जलवायु परिवर्तनको असर पुष्टि गर्छ। यसको अर्थ चिसा दिन घट्दै गएको र ताता दिन बढ्दै गएको देखिन्छ।

यम बम/नयाँ पत्रिका

गर्मी लगातार बढ्दै जाँदा अधिकतम तापक्रमले कतिपय ठाउँमा रेकर्ड ब्रेक गर्न थालेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लोपटक नवलपुरको दुम्कौली, धरान बजार, इलामको कन्याम चिया बगान र ओखलढुंगामा अधिकतम तापक्रम हालसम्मकै उच्च पुगको हो।

दुम्कौलीमा पछिल्लो चार दिनदेखि अधिकतम तापक्रम ४३.८ डिग्री मापन भएको छ। त्यहाँ यसअघि उच्चतम तापक्रम ५ जुन १९७९ मा ४३.७ डिग्री मापन भएको थियो।

धरानमा बुधबार र बिहीबार अधिकतम तापक्रम

» पृष्ठ ११ मा क्रमशः

तराईका धेरै क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्री नाघ्यो

धनगढी (कैलाली) : ४०.५
टीकापुर (कैलाली) : ४१.७
बर्दिया : ४१.१
नेपालगन्ज (बाँके) : ४१.८
खजुरा (बाँके) : ४०.९
भैरहवा (रुपन्देही) : ४२.२
तौलिहवा (कपिलवस्तु) : ४१.३
सिद्धार्थनगर (रुपन्देही) ४१.५
रामपुर (चितवन) : ४२.१
भरतपुर (चितवन) : ४१.८
सिमरा (बारा) : ४२.८
विराटनगर (मोरङ) ४१.५
जनकपुर : ४२.४
कर्मैया (सर्लाही) : ४१.९
लहान (सिराहा) : ४०.५
राजविराज (सप्तरी) : ४०.९



मौसम विज्ञान विभागका अनुसार बिहीबारको अधिकतम तापक्रम

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् समीर श्रेष्ठले तराई क्षेत्रमा तत्काल वर्षाको सम्भावना नरहेकाले तापक्रम नघट्ने बताए। 'तराईका धेरै क्षेत्रमा तापक्रम धेरै छ, ४० डिग्रीभन्दा माथि नै छ,' उनले भने, 'यो लुको अवस्था हो।' तराईमा डेढ सातादेखिको अत्यधिक गर्मी अझै घट्न सकेको छैन। मनसुनयाम नजिकिँदै गए पनि वर्षा गराउने जलवायुजन्य गतिविधि निष्क्रियप्रायः बनेपछि बढेको तापक्रमका कारण तराईमा डेढ सातादेखि लु चलिरहेको छ।

ललितपुर महानगरले तोक्यो ३० स्थानमा निःशुल्क पार्किङ

शान्ति तामाङ / नयाँ पत्रिका

काठमाडौंका मुख्य सहरका पसल र अन्य व्यापारिक स्थलमा पार्किङस्थलको माग गर्दै व्यापारीहरूले कालो ब्यानर राखेको महिनौं भइसक्यो । काठमाडौं महानगरले वैकल्पिक व्यवस्था नगरी सार्वजनिकस्थलबाट पार्किङ हटाएकोमा उनीहरू आन्दोलित बनेका हुन् । उपत्यका पार्किङ व्यवस्थापन संघर्ष समितिमा आबद्ध भई उनीहरूले विभिन्न दबाबमूलक कार्यक्रम पनि गरिरहेका छन् ।

व्यवसायीहरूले विरोध गरे पनि पार्किङको समस्या ज्युँका त्युँ छ । तर, सिमाना जोडिएको ललितपुर महानगरपालिकाले भने पार्किङका विषयमा व्यवसायीबाट कुनै गुनासो सुन्नुपरेको छैन । न त नगर प्रहरीले सडकछेउछाउ रोकेको सवारीसाधन उठाउन ट्रक नै लिएर हिँड्नुपरेको छ । महानगर प्रहरी प्रमुख सीताराम हाछेथू भन्छन्- ललितपुर महानगरले चुस्त पार्किङ व्यवस्थापन गरेको छ । जसका कारण पार्किङबारे कुनै गुनासो सुन्नुपरेको छैन ।

महागनरभित्रका ३० ठाउँमा निःशुल्क पार्किङको व्यवस्था गरेका छौं । ती पार्किङस्थलमा पार्किङ गरेर पाँच मिनेटमा गन्तव्यमा पुग्न सक्ने अवस्था छ ।

महानगरका अनुसार १८ फिटभन्दा बढी चौडाइ भएका सडकखण्डमा सडककै एक लाइन पार्किङ गर्न दिइएको छ । साँघुरो ठाउँ र नो पार्किङ क्षेत्रमा पार्किङ गर्नेलाई भने जरिवाना तिराउने गरिएको हाछेथूले बताए । 'साँघुरा सडक, नो पार्किङ लेखिएका ठाउँ, जहाँजहाँ जाम हुन सक्छ, दुर्घटना हुन सक्छ, त्यस्ता ठाउँमा पार्क गरिएको छ भने पाँच सय रुपैयाँ जरिवाना तिराउँछौं । जथाभावी पार्किङ गर्नुहुन्न भन्ने भावना जगाउन जरिवानाको व्यवस्था गरेका हौं,' हाछेथूले भने ।

■ कहाँ-कहाँ छन् निःशुल्क पार्किङ ?

ललितपुरको मंगलबजार, हःजा, हौगल, टंगाल, नःटोल, पाटनढोका गेटअगाडि र पछाडि, सुन्धारा, पाटन भीमसेन मन्दिरअगाडि, पुल्चोक दमकलअगाडि, जावलाखेल प्रहरी कार्यालयअगाडि, महानगरपालिकाअगाडि, भनिमण्डल, एकान्नकुना खरीबोट, मानभवन, कुमारीपाटी, पाटन अस्पतालअगाडि, कर्मचारी सञ्चय कोषअगाडि पार्किङ गर्न सकिन्छ । यसैगरी, महालक्ष्मीस्थानअगाडि, जिल्ला अदालतअगाडि, लगनखेल बसपार्कपूर्व, लगनखेल बसपार्क उत्तरतर्फ, बटुक भैरव, कुपण्डोल, कनिबहाल, एकान्तकुना, सेन्ट मेरिज स्कुल पूर्वतर्फ, करिडोर युएन पार्कनजिकै, सानेपा करिडोर, बल्खु करिडोर, पाटन अस्पताल, भाटभटेनी र सुमेरु अस्पताल, निदान अस्पताल, अल्का अस्पतालको पार्किङमा निःशुल्क राख्न सकिन्छ । चक्रपथबाहिर भने पार्किङको समस्या नभएको महानगरले जनाएको छ ।

■ काठमाडौं महानगरलाई सीताराम हाछेथूको सुझाव



ललितपुरको सिमानामा रहेको काठमाडौंमा देखिएको पार्किङ समस्याबारे हाछेथू पनि अवगत छन् । उनी विकल्पविना दरबारमार्ग, बागबजारलगायत क्षेत्रका सडक-किनारको पार्किङ हटाउनैपर्ने खालको नरहेको बताउँछन् । 'दरबारमार्गको सडक ६४ फिट चौडा छ । त्यो क्षेत्र जाम बनाउने क्षेत्र होइन । त्यो क्षेत्रमा आउने भनेको पसल, रेस्टुरेन्ट आउने मानिस नै हो । तीन सय मिटरको त्यो बाटो जाम भएको मलाई थाहा छैन,' हाछेथूले भने, 'बागबजार क्षेत्रमा पनि जाम नै हुन्न । किनभने, त्यो वान वे हो । भोटाहिटीबाट बागबजार जान पाउँदैन । बागबजारबाट पनि भोटाहिटी जान पाउँदैन । त्यसैले यस्ता क्षेत्रमा विनाअध्ययन, विश्लेषण पार्किङ हटाउने काम भयो ।' बाटो खाली गर्ने, पार्किङ मात्र हटाउने नाममा जनतालाई दुःख दिन नहुने उनी बताउँछन् ।

'सेयरपुर'माथि विमर्श



काठमाडौं / नेपाल आर्थिक पत्रकार समाज (सेजन)का पूर्वअध्यक्ष नारायणप्रसाद सापकोटाद्वारा लिखित उपन्यास 'सेयरपुर'माथि विमर्श भएको छ । काठमाडौंमा बिहीबार आयोजित कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश हमाल, (सेजन)का वर्तमान तथा पूर्वअध्यक्षबीच उपन्यासमाथि विमर्श गरिएको हो ।

पुस्तकमाथिको छलफलमा बोर्डका अध्यक्ष हमालले पुस्तकले सेयर बजारमा लगानी गर्नका लागि प्रोत्साहित गरेको बताए । नेपालमा पुँजी बजार क्रमशः विस्तार हुँदै गएको हमालको भनाइ थियो । उनले उपन्यासमा रहेको पदम पात्रसँग सन्दर्भ जोड्दै आफू पनि नेपालमा विरक्त लागेर विदेश २० वर्ष बसेर पुनः स्वदेश फर्किएको स्मरण गरे ।

नेपालको सेयर बजार अझै सानो रहेको र पारदर्शी नभएको बताउँदै उनले पारदर्शी बनाउन प्रतिस्पर्धाको वातावरण तय गरिँदै लगेको बताए । क्षमता हुनेले व्यवसाय गर्न पाउने गरी वातावरण तय गरिएको उनको दाबी थियो ।

ठगी आरोपमा पक्राउ

भक्तपुर / कारागारमा रहेको थुनुवालाई छुट्टाइदिने प्रलोभनमा ठगी गर्ने सिन्धुपाल्चोक चौतारा नपा-१ घर भई मध्यपुर ठिमी नपा-९ बस्ने ४२ वर्षीय सञ्च तामाङलाई प्रहरीले पक्राउ गरेको छ । वैदेशिक रोजगार ठगी मुद्दामा कारागारमा रहेका थुनुवालाई छुट्टाइदिने भन्दै उनले पटक-पटक गरी चार लाख रुपैयाँ लिएका थिए । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले उनलाई काठमाडौं बानेश्वरबाट पक्राउ गरेको हो ।

Invitation for Quotations

Shree Mahadevsthan Secondary School

kumaikhola, dhunibeshi, Dhading

Invitation for Quotations for **the Construction of Mahadevsthan School Retaining Wall and Septic Tank**

Contract Identification No: 0**2/SCHOOL/MMV/SQ/079/80**

First Date of publication **: 21st May 2023**
Second Date of publication **: 9th June 2023**

1. The **Shree Mahadevsthan Secondary School, kumaikhola, dhunibeshi, Dhading** invites sealed quotations for the **construction of Mahadevsthan School Retaining Wall and Septic Tank.** The estimated amount for the works is **NPR 1195321.56(with vat)**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Shree Mahadevsthan Secondary School, kumaikhola, dhunibeshi,***or may visit PPMO website www.bolpatra.gov.np.]*
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP **www.bopatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Rs.1000 in the following account
   Name of the Bank : RASTRIYA BANIJAYA BANK, KHANIKHOLA, DHADING
   Office Account no. : 1080100001930001
4. Sealed bids must be submitted to the office **Shree Mahadevsthan Secondary School, kumaikhola, dhunibeshi,***through e-GP system i.ewww.bopatra.gov.np/egp* on or before 2**5TH June 2023 on 12:00.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2**5TH June 2023 on 14:00.** at the office of **Shree Mahadevsthan Secondary School, kumaikhola, dhunibeshi**. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRS.35500** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीहरुको विवरण		
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. २५०४२, स्थानीय व्यापार, अन्तर्गत मिति २०६७/०४/३० मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, वसन्तपुर गा.वि.स. वडा नं. १ स्थित **कारिणी मा ट्रेड लिंक** **प्रोप्राईटर तथा जमानीकर्ता : दुर्गेश कुमार गुप्त**	२) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४२३२१/०७४, स्थानीय व्यापार, अन्तर्गत मिति २०७५/०२/२४ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ स्थित **न्यू कारिणी माँ इन्टरप्राइजेज** **प्रोप्राईटर तथा जमानीकर्ता : रिता कुमारी अग्रहरी**	**३) दुर्गेश कुमार गुप्त** स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ हालको ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बाजे : काशी वनिया बाबु : सुशील कुमार गुप्त

जमानीकर्ताहरुको विवरण

१) दुर्गेश कुमार गुप्त	२) रिता कुमारी अग्रहरी
स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ हालको ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बाजे : काशी वनिया बाबु : सुशील कुमार गुप्त	स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बाबु : ओंकारनाथ अग्रहरी ससुरा : सुशील कुमार गुप्त पति : दुर्गेश कुमार गुप्त

धितोको विवरण

१) काशी वनियाको नाती, सुशील कुमार गुप्तको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने दुर्गेश कुमार गुप्तको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. १क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ५८५, ६२०, ६३५, ५८३, ५६९, ३५८, ३५६, ६३४, ५४१, ६१८ र १६२ को क्षेत्रफल क्रमशः १५६.६२, ६७०.१७, ३४०.११, २१.१६, ९३.१३, ६७.७२, १४२२.०५, ४६५.६३, ३४२.८७, १२६.९९ र ३३८.५८ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) काशी वनियाको नाती, सुशील कुमार गुप्तको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने दुर्गेश कुमार गुप्तको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ७क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. १११७ को क्षेत्रफल ३३०.१७ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

३) काशी वनियाको नाती, सुशील कुमार गुप्तको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने दुर्गेश कुमार गुप्तको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ८ख (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ५३ को क्षेत्रफल ६२६.३८ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

४) काशी वनियाको नाती, सुशील कुमार गुप्तको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने दुर्गेश कुमार गुप्तको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ४ (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ७८४ र ७६४ को क्षेत्रफल क्रमशः ३८०.९७ र ६७७.१७ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

५) काशी वनियाको नाती, सुशील कुमार गुप्तको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने दुर्गेश कुमार गुप्तको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ९ख (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ११०१ को क्षेत्रफल १२०२.१७ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

६) काशी वनियाको नाती, सुशील कुमार गुप्तको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने दुर्गेश कुमार गुप्तको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, वगाहा गा.वि.स. वडा नं. १क (हाल रोहिणी गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३१७ र ६१० को क्षेत्रफल क्रमशः २४५४.७३ र ८८८.९३ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

७) काशी वनियाको नाती, सुशील कुमार गुप्तको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने दुर्गेश कुमार गुप्तको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, वगाहा गा.वि.स. वडा नं. ८ख (हाल रोहिणी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ३१५ र ६१० को क्षेत्रफल क्रमशः २४५४.७३ र ८८८.९३ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

८) ओंकारनाथ अग्रहरीकी छोरी, सुशील कुमार गुप्तकी बुहारी, दुर्गेश कुमार गुप्तकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने रिता कुमारी अग्रहरीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, वगाहा गा.वि.स. वडा नं. ८ख (हाल रोहिणी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ३१५, १०३७ र १००६ को क्षेत्रफल क्रमशः ६२६.४८, २०१४.९१ र ६०१.०९ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

९) ओंकारनाथ अग्रहरीकी छोरी, सुशील कुमार गुप्तकी बुहारी, दुर्गेश कुमार गुप्तकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने रिता कुमारी अग्रहरीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. १क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ५४३ र ६५२ को क्षेत्रफल क्रमशः १७३.५५ र १२०२.१२ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

१०) ओंकारनाथ अग्रहरीकी छोरी, सुशील कुमार गुप्तकी बुहारी, दुर्गेश कुमार गुप्तकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने रिता कुमारी अग्रहरीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. २५० को क्षेत्रफल ७११.०७ (ब.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

११) ओंकारनाथ अग्रहरीकी छोरी, सुशील कुमार गुप्तकी बुहारी, दुर्गेश कुमार गुप्तकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने रिता कुमारी अग्रहरीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ५ (हाल लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३४६ र ३४४ को क्षेत्रफल क्रमशः ५५८.७२ र ७७८.८४ (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

१२) ओंकारनाथ अग्रहरीकी छोरी, सुशील कुमार गुप्तकी बुहारी, दुर्गेश कुमार गुप्तकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने रिता कुमारी अग्रहरीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ७ क (हाल लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४० को क्षेत्रफल ३२१.६७ (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

१३) कारिणी मा ट्रेड लिंकको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

१४) न्यू कारिणी माँ इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८०/०२/२६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीफर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मितिः २०७९/०९/०३ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **नेपालगंज धम्बोजी शाखा, बाँके**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरणः

रघुनाथ पन्तको नाति, मोती लाल पन्तको छोरा, बर्दिया जिल्ला, कालिका गा.वि.स., वडा नं. ५ स्थायी घर भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.वि.स, वडा नं. ८ बस्ने, ना.प्र.नं. ७४१२ (जारी मितिः २०५५/०४/१९, स्थान बर्दिया) भएको **श्री राजेन्द्र पन्त ।**

व्यक्तिगत जमानतकर्ताको विवरणः

बद्री प्रसाद पुडासैनीकी छोरी, मोती लाल पन्तकी बुहारी, राजेन्द्र पन्तकी श्रीमती बर्दिया जिल्ला, कालिका गा.वि.स., वडा नं. ५ स्थायी घर भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.वि.स, वडा नं. ८ बस्ने, ना.प्र.नं. १८५०९ (जारी मितिः २०५९/०८/१५, स्थान बर्दिया) भएकी **श्रीमती सुमित्रा पन्त ।**

धितोमा रहेको विवरणः

बर्दिया जिल्ला, कालिका गा.वि.स., वडा नं. ५ स्थायी घर भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.वि.स, वडा नं. ८ बस्ने, **श्रीमती सुमित्रा पन्त**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सावित कर्बिया जिल्ला, कालिका गा.वि.स., वडा नं. ५ मा अवस्थित कि.नं. ४६१, ८७५, ९९३ क्षेत्रफल ३३६०.००, ५६, २५ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम **बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **नेपालगंज धम्बोजी शाखा, बाँके**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मितिः २०८०/०३/०८ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **नेपालगंज धम्बोजी शाखा, बाँके**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०३/१० गते ३:०० बजे बैंकको **नेपालगंज धम्बोजी शाखा, बाँके**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुनकुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के क

■ कोसी प्रदेशमा सत्तासंघर्ष

अल्पमतको एमाले सरकार अध्यादेशबाट बजेट ल्याउने तयारीमा

विराटनगरमा **गणेश लम्साल**

कोसी प्रदेशमा अल्पमतमा परेको एमाले नेतृत्वको सरकारले प्रदेश संसद्लाई छलेर अध्यादेशमार्फत बजेट ल्याउन तयारी गरेको छ। तर, मुख्य प्रतिपक्षी दल कांग्रेस र तीन दिनअघि मात्र सरकारबाट बाहिरिएको माओवादीले अध्यादेशमार्फत बजेट ल्याएमा गैरसंवैधानिक हुने र त्यो आफूहरूलाई मान्य नहुने चेतावनी दिएको छ।

कांग्रेस संसदीय दलले अल्पमतमा परेकाले मुख्यमन्त्री हिक्मतकुमार कार्कीले तुरुन्त राजीनामा दिनुपर्ने माग गरेको छ। माओवादीले पहिले संसद्बाट विश्वासको मत लिएर मात्र बजेट ल्याउन सरकारलाई आग्रह गरेको छ। २४ पुसमा गठन भएको एमाले सरकारबाट जसपा र माओवादीले समर्थन फिर्ता लिएपछि सरकार हाल अल्पमतमा परेको छ। जसकारण सरकारले २४ जेठमा प्रस्तुत गर्ने भनेको आगामी वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत नै हुन सकेन। तर, सरकार संसद्को बर्खे अधिवेशन अन्त्य गराएर अध्यादेशमार्फत बजेट ल्याउने तयारीमा लागेको छ।



एमाले सचेतक रेवतीमरण भण्डारीले सरकारले अल्पमतमा परे पनि वैधानिक ढंगको विकल्प खोजेर आगामी वर्षका लागि बजेट ल्याउने तयारी गरिरहेको बताए। 'सरकारले कुनै अवैधानिक काम गर्दैन, वैधानिक विकल्पअनुसार नै बजेट प्रस्तुत गर्नेछ,' उनले भने।

कांग्रेस संसदीय दलका प्रमुख सचेतक भूपेन्द्र राईले जनताको आवाज बोल्ने संस्थालाई बन्धक बनाएर अल्पमतको सरकारले अध्यादेशमार्फत बजेट ल्याए गलत हुने बताए। अल्पमतमा परिसकेका मुख्यमन्त्री कार्कीले तुरुन्त राजीनामा दिनुपर्ने कांग्रेस संसदीय दलले निर्णय गरेको उनको भनाइ छ। 'अल्पमतमा परेको सरकारले तुरुन्त राजीनामा दिएर लोकतान्त्रिक मूल्य-मान्यताको सम्मान गर्न कोसी प्रदेशका मुख्यमन्त्रीसँग जोडदार माग गर्दछौं,' उनले भने।

पाँच महिनासम्म सरकारमा रहेर २३ जेठमा बाहिरिएको माओवादीले अध्यादेशमार्फत बजेट ल्याउनु गैरकानुनी हुने जनाएको छ। माओवादी दलका नेता इन्द्रबहादुर आइबोले अल्पमतमा परेका मुख्यमन्त्री कार्कीले पहिले विश्वासको मत लिएर मात्र बजेट ल्याउनुपर्ने भन्दै अध्यादेशमार्फत ल्याए मान्य नहुने बताए। 'हामी आग्रह गर्छौं, पहिले मुख्यमन्त्रीजी संसद्बाट विश्वासको मत लिनुहोस्, तर संसद्लाई छलेर अध्यादेशमार्फत बजेट ल्याउने चेष्टा नगर्नुहोस्,' उनले भने। संवैधानिक प्रक्रियाअनुसार अल्पमतमा परेको सरकारले अध्यादेशमार्फत बजेट प्रस्तुत गर्न प्रदेश सभाको अधिवेशन अन्त्य गराउनुपर्ने हुन्छ।

जसपा र माओवादीका गरी तीन मन्त्रीले राजीनामा दिएपछि कृषिमन्त्री भक्ति सिटौलालाई सहरी विकास तथा भौतिक योजना र सामाजिक विकासमन्त्री, बुद्धिकुमार राजभण्डारीलाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिइएको छ। माओवादीका दुर्गा चापागाईं र जीवन आचार्यले पदबाट राजीनामा दिएका थिए।



■ **रेवतीरमण भण्डारी**
प्रमुख सचेतक, एमाले, कोसी प्रदेश

सरकारले कुनै अवैधानिक काम गर्दैन, वैधानिक विकल्पअनुसार नै बजेट प्रस्तुत गर्नेछ।



■ **भूपेन्द्र राई**, प्रमुख सचेतक
कांग्रेस, कोसी प्रदेश

अल्पमतमा परेको सरकारले तुरुन्त राजीनामा दिएर लोकतान्त्रिक मूल्य-मान्यताको सम्मान गर्न कोसी प्रदेशका मुख्यमन्त्रीसँग जोडदार माग गर्दछौं।

नेपाल र कतारले मानव अधिकार संरक्षणमा सहकार्य गर्ने

नयाँ पत्रिका

नेपालको राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय मानव अधिकार समिति कतारले मानव अधिकार संरक्षणको कार्यमा सहकार्य गर्ने भएका छन्। बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा आयोगका अध्यक्षका हैसियतमा तपबहादुर मगर र राष्ट्रिय मानव अधिकार समिति दोहाको प्रतिनिधि गर्दै डा. मोहम्मद सैफ अल कुवारीले समझदारीपत्रमा हस्ताक्षर गरेका छन्।

समझदारीअनुसार मानव अधिकार संरक्षण र अधिकारको प्रवर्द्धनका लागि सम्बन्धित क्षेत्राधिकारको परिधिभित्र उजुरी प्रक्रिया र अन्य गतिविधिसम्बन्धी अनुभव आदानप्रदान गरिनेछ। त्यस्तै, कुनै पनि पक्षले कतारको भूभागमा नेपालका नागरिक र नेपालको भूभागमा कतारका नागरिकको मानव अधिकार र स्वतन्त्रताको उल्लंघनका घटनाबारे जानकारी पाएमा एकआपसमा सहयोग गर्नेछ। कतार र नेपालमा मानव बेचबिखन र जबर्जस्ती श्रम निवारण गर्न उचित क्षेत्राधिकारहरूसँग काम गरिने समझदारीपत्रमा उल्लेख छ।

■ समझदारी तीन वर्षका लागि मान्य हुने

नेपाल र कतारबीच भएको समझदारी तीन वर्षका लागि मान्य हुने उल्लेख छ। कुनै पनि पक्षले अर्को पक्षलाई लिखित रूपमा सूचना दिएर यो समझदारीपत्र रद्द गर्न सक्नेछ। समझदारीपत्रको खारेजीले कुनै पनि पक्षबाट त्यसरी खारेज गर्नुअघि सुरु भएका परियोजनालाई असर गर्ने छैन। सञ्चार, समन्वय र सूचनाको आदानप्रदानको आधिकारिक भाषामा अंग्रेजी, अरबी र नेपाली हुनेछन्। कार्ययोजनाका चरणको अनुगमन र मूल्यांकन गर्न प्रत्येक ६-६ महिनामा नियमित बैठक हुनेछन्।

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार कमिटीबीच दोस्रोपटक समझदारी भएको हो। सन् २०१५ नोभेम्बरमा दुवै पक्षबीच पहिलोपटक समझदारी भएको थियो। तर, कोभिड संक्रमणका कारण पुनः समझदारीको प्रक्रिया लम्बिएको आयोगका सहसचिव नवराज सापकोटाले बताए। समझदारीपछि कतारको कमिटीले आफ्नै कार्यालयमा एउटा नेपाली डेस्कसमेत सञ्चालन गर्नेछ। जहाँ नेपाली श्रमिकले गएका आफ्ना उजुरी नेपाली भाषामै दिन सक्नेछन्। कमिटीले हालै नेपालीमा भाषामा हाते पुस्तिका पनि प्रकाशन गरेको छ। जसमा कतारमा जाने आप्रवासी कामदारले जान्नै पर्ने जानकारी राखिएको छ।

मानव अधिकार आयोगले पहिलोपटक कोरियास्थित मानव अधिकार आयोगसँग समझदारीपत्रमा हस्ताक्षर गरेको थियो। कोरिया र नेपालबीच सन् २०१० मै समझदारी भएको थियो। तर, पुनः समझदारी भने हुन पाएको छैन। आयोगले मलेसियास्थित मानव अधिकार आयोगसँग पनि समझदारी गरेको छ। दुवै पक्षबीच सन् २०१९ मा पहिलोपटक समझदारी पत्रमा हस्ताक्षर भएको थियो भने गत सन् २०२२ मार्चमा दोस्रोपटक पुनः समझदारीपत्रमा हस्ताक्षर भएको थियो।

■ कोसीमा सत्तापक्षबाटै आफ्ना कार्यकर्तामाथि आक्रमण भएको एमाले दाबी

दोषीलाई तत्काल कारबाही नगरे दुवै सदन अवरोध गर्ने चेतावनी

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी एमालेले कोसी प्रदेशमा सत्तापक्षकै कार्यकर्ताको संलग्नतामा आफ्ना नेता-कार्यकर्तामाथि आक्रमण गरिएको आरोप लगाउँदै संघीय संसद्को दुवै सदन अवरोध गर्ने चेतावनी दिएको छ। एमाले प्रमुख सचेतक पदम गिरीले आक्रमणका सम्बन्धमा सरकारले चित्तबुझ्दो जवाफ र घटनामा संलग्नलाई तुरुन्त कारबाही नगरेसम्म सदन चल्न नसक्ने बताए।

'कोसीमा हामीमाथि नियोजित ढंगले आक्रमण भयो। यो गम्भीर घटना हो। प्रहरी प्रशासन पूरै मूकदर्शक भयो। हिंसा भड्काउने, मुलुकमा अराजकता मचाउने, शान्तिसुरक्षा कायम हुन नदिने काममा सत्तापक्षकै मान्छे लागेको देखियो,' गिरीले भने, 'यस विषयमा गृहमन्त्रीले जवाफ दिनुपर्छ। घटनामा संलग्न अपराधीलाई तुरुन्तै थुनेर कारबाही अगाडि बढाउनुपर्‍यो। होइन भने सदन चल्न सक्ने स्थिति छैन, अगाडि बढ्दैन।' गिरीका अनुसार बिहीबार एमाले कोसी प्रदेश दलका उपनेता राम राना, उपसभामुख सिर्जना दनुवार र त्रियुगा नगरपालिकाकी उपमेयर महेश्वरी राई चढेको गाडीमाथि ढुंगामुढा भएको छ।

एमालेको आपत्तिपछि सभाध्यक्षता गरिरहेकी उपसभामुख इन्दिरा रानामगरले यस विषयमा सरकारको ध्यानाकर्षण गराएकी थिइन्। ध्यानाकर्षणको जानकारी संसद् सचिवालयले सत्तारूढ माओवादी संसदीय दललाई गराइसकेको छ। माओवादी सचेतक रूपा सोसी चौधरीले सभामुखले गराएको ध्यानाकर्षणबारे गृहमन्त्रीलाई जानकारी गराइसकेको बताइन्। यद्यपि, जवाफ दिने-नदिने टुंगो लागिनसकेको उनको भनाइ छ।

संघीय संसद्का दुवै सदनमा १५ जेठमा प्रस्तुत आर्थिक वर्ष ०८०/८१ को बजेटमाथि प्रतिनिधिसभा र राष्ट्रिय सभामा छलफल भइरहेको छ। २१ जेठबाट बजेटमा छलफल हुनुपर्नेमा नागरिक विधेयक प्रमाणीकरण र प्रधानमन्त्रीको भारत भ्रमणमा सीमा विवाद हलको मोडालिटीको विषयमा विपक्षीबाट सदन दुई दिनसम्म अवरुद्ध भएको थियो। तेस्रो दिन करको दर हेरफेरको विषयले केही समय सदनको कार्यसूची प्रभावित भएको थियो। शुक्रबार राष्ट्रिय सभामा अर्थमन्त्रीले जवाफ दिने कार्यसूची छ भने प्रतिनिधिसभामा आइतबारसम्म छलफल चल्ने र मन्त्रीले जवाफ दिने कार्यसूची छ। शुक्रबार सदनको कार्यसूची अवरुद्ध भए बजेटमाथिको छलफल पछाडि धकेलिनेछ। यसअघिको अवरोधले छलफल दुई दिन पछाडि धकेलिएको थियो।

बिहीबार बजेटमाथि छलफलमा भाग लिएका सांसदहरूले बजेट सन्तुलित हुन नसकेको, शीर्ष नेताको क्षेत्रमा मात्र धेरै कार्यक्रम राखिएको, शिक्षा, स्वास्थ्य, कृषिलाई पर्याप्त बजेट नछुट्याएको गुनासो गरेका थिए। त्यस्तै, विद्युतीय सवारीको भन्सार निःशुल्क गर्न, चुरेको ढुंगागिट्टी निर्यात गर्ने योजना हटाउन सुझाव दिएका थिए। सांसदहरूले करको दायरा जथाभावी बढाएको, वित्तीय संघीयताको मर्मलाई आत्मसात् नगरेको भन्दै आलोचना गरेका थिए।

नागरिकता विधेयकमा कुनै समुदायविरुद्ध लागेका छैनौं : लामिछाने



काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफू नागरिकता विधेयकको विपक्षमा नरहेको स्पष्ट पारेका छन्। प्रतिनिधिसभाको बिहीबारको बैठकमा उनले प्रमाणीकरणको प्रक्रियामा मात्रै आफूहरूको विमति रहेको उनले बताए। आमनागरिकमा भने रास्वपा मधेसी समुदायविरुद्ध लागेको भन्ने भाष्य जबर्जस्ती निर्माण भइरहेको भन्दै उनले आपत्ति जनाए।

'नागरिकता विधेयकका सम्बन्धमा रास्वपा कुनै समुदायको विरुद्ध छ भन्ने भाष्य जबर्जस्ती निर्माण गरेर निमुखा नागरिकलाई गुमराहमा राख्न खोजिएको छ,' उनले भने, 'त्यसो गर्नेलाई यति मात्रै भन्न चाहन्छु कि राजनीतिसँग कुनै सरोकार र भोट बैंकको कुनै आवश्यकता नहुँदा पनि प्राकृतिक विपत्ति, वैदेशिक रोजगारीका समस्या र मिटरब्याजजस्ता विषयमा आवाजविहीन मधेसी जनताको पक्षमा हामी उभिएको संसार साक्षी छ।'

अहिलेको संसद्मा छलफल हुन पाएर प्रमाणीकरणको बाटोमा गएको भए धेरै विषयमा छलफल गर्न सकिने उनको भनाइ थियो। 'मलाई नागरिकले नागरिकता नपाउनुको पीडा थाहा छ, साँच्चै नै थाहा छ। कुनै पनि नेपाली नागरिक नागरिकताबाट वञ्चित हुनुहुँदैन। त्यो उसको नैसर्गिक अधिकार हो। जन्मसिद्ध नेपाली नागरिकका सन्तान र एकल आमाहरूको सन्तानको नागरिकताको अधिकार मेरो र तपाईंको जत्ति नै सुनिश्चित छ र हुनुपर्छ,' उनले भने।

रास्वपा सभापति लामिछानेले आधा घन्टा लामो सम्बोधनका क्रममा पार्टीका सांसदको केही दिनयताको बहस अमर्यादित भएको भन्दै माफीसमेत मागे। केही दिनयता प्रतिनिधिसभामा भएको छलफलबाट आफू लज्जित भएको उनले स्विकारे। 'हामीले पार्लियामेन्टको डिग्निटी राख्नलाई कहींकतै चुकिरहेका त छैनौं ? यसबारेमा अलिकति ध्यानाकर्षण गराउन चाहन्छु। जस्ताजस्ता विषयमा हामीले छलफल गर्‍यौं हामी नयाँ राजनीतिक दलका हिसाबमा। चाहे ती हाम्रा पक्षबाट आएका हुन् या अन्य राजनीतिक दलबाट आएका विषय हुन्। हामी कहीं न कहीं लज्जित भएका छौं। यो सदन भैंसी, राँगाको विषयमा गफ गरेर यदि पाँच वर्ष बिताउने हो भने हामीले गोबरबाहेक केही पनि प्राप्त गर्न सक्दैनौं। हाम्रा दलबाट पनि भएका कमी-कमजोरीलाई आत्मालोचना गर्न चाहन्छौं,' उनले भने।

बृहत् समाजवादी ध्रुवीकरणमा बाबुरामको जोड

काठमाडौं/ नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईले बृहत् समाजवादी ध्रुवीकरणमा जोड दिएका छन्। बिहीबारदेखि सुरु पार्टीको केन्द्रीय कमिटीको तेस्रो बैठकमा भट्टराईले 'अबको राष्ट्रको संकल्प : नयाँ समाजवादी विकल्प' विषयक राजनीतिक प्रस्ताव प्रस्तुत गर्दै नयाँ प्रगतिशील, लोकतान्त्रिक, समाजवादी शक्तिमा रूपान्तरित भएर बृहत् ध्रुवीकरणमा जोड दिएका हुन्।

नेसपा देशमा बृहत् प्रगतिशील, लोकतान्त्रिक समाजवादी ध्रुवीकरणसहित नयाँ समाजवादी वैकल्पिक शक्ति निर्माण गर्ने अभियानमा क्रियाशील रहेको उनले दाबी गरेका छन्। उनले समावेशिता, संघीयता, सुशासन, समृद्धि, समाजवादको विचार र एजेन्डामा आधारित भएर अगाडि बढेको पनि बताएका छन्।

नयाँ प्रगतिशील, लोकतान्त्रिक, समाजवादी शक्तिमा रूपान्तरित भएर बृहत् ध्रुवीकरणमा नलागे कम्युनिस्ट पार्टीहरू लामो समय अघि बढ्न कठिन पनि भट्टराईले औंल्याएका छन्। भट्टराईले कम्युनिस्ट पार्टीहरूलाई साम्यवादी धारको संज्ञा दिएका छन्। उनले एमाले, माओवादी, एकीकृत समाजवादी, मसाल, नेमकिपा, माओवादी क्रान्तिकारी र नेकपा समूहलाई यो धारमा समावेश गरेका छन्। प्रायः सबैले कम्युनिस्टले संसदीय बाटोबाटै अघि बढ्ने प्रयत्न गरिरहेकाले भनाइ र गराइको अन्तर्विरोधले लामो समयसम्म टिक्न नदिने उनले जिकिर गरेका छन्।

कांग्रेसलाई उदारवादी लोकतान्त्रिक धारका रूपमा व्याख्या गरेका भट्टराईले नेसपासहित रास्वपा, विवेकशील साझा, जनमत, नागरिक उन्मुक्ति र आम जनता पार्टीलाई उनले नयाँ वैकल्पिक शक्तिको रूपमा अर्थ्याएका छन्।

राप्रपालाई पुनरुत्थानवादी संवर्द्धनवादी धार र जसपा, लोसपा, जनमुक्ति, लिम्बुवानलगायत दललाई जातीय-क्षेत्रीय पहिचानवादी धारका रूपमा विश्लेषण गरेका छन्।

प्रहरीद्वारा अश्रुग्यास प्रहार गरी अवैध मल नियन्त्रण

सर्लाही/ प्रहरीले धनकौलबाट ठूलो परिमाणमा अवैध मलखाद बरामद गरेको छ। बिहीबार धनकौल गाउँपालिका- ७ बैरिया टोलमा तस्करीको मल नियन्त्रणमा लिएको प्रहरीले जनाएको हो। तस्करी गरेर गोदाम गरिराखेको मलखाद नियन्त्रणमा लिन खोज्दा स्थानीयबाट अवरोध भएपछि प्रहरीले केही सेल अश्रुग्यास प्रहार गरेको छ।

सूचनाका आधारमा स्थानीय राजु सहनीको घरमा लुकाई राखिएको भारतीय अवैध मलखाद बरामदका लागि जिल्ला प्रहरी कार्यालयको टोली घटनास्थल पुगेको थियो। बरामद मल जिल्लातर्फ ल्याउन खोज्दा स्थानीयले प्रहरीमाथि नै ढुंगामुढा गरेको सर्लाही प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए।

घटनास्थलबाट प्रहरीले ७२ बोरा मलखाद बरामद गरेको छ। सुरुमा जिल्लाबाट प्रहरी निरीक्षक सुमित कुसवाहको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो। स्थानीयको अवरोधपछि प्रनाउ थारूको नेतृत्वमा गएको थप मद्दत टोलीले मलखाद सदरमुकाम मलंगवा पुऱ्याएको हो। स्थानीयको ढुंगा प्रहारबाट इन्स्पेक्टर कुसवाह सामान्य घाइते भएका छन्। बरामद केही बोरा मल स्थानीयले प्रहरीबाट खोसेर लगेका थिए। अवैध मल भण्डारण गरेर राख्ने घरधनी राजु सहनी भने प्रहरी पुगेपछि फरार रहेको र उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुराको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जाहरु सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार ०१ गते शुक्रबार**का दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय डडेल्धुरामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:

तारा दत्त पन्त/गंगा देवी पन्तको नाति, निलकण्ठ पन्त/चन्द्रा देवी पन्तको छोरा, खण्डे पर्कीको नाति, कल्याण पार्की/राधु देबि पार्कीको छोरा, ईनरी देबि डम्बरु देवी पन्तको पति, डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स. वडा नं. ०७ स्थायी पार्कीको पति, डडेल्धुरा जिल्ला, उग्रतारा गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ बस्ने **बाशु देव पन्त** (ना.प्र.नं. १३६८२/२२४६, जारी मिति २०५४/०४/०१, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. राम दत्त जोशी/पार्वती देवी जोशीको नातिनी, गंगादत्त जोशी/कलावती देवी जोशीको छोरी, निलकण्ठ पन्त/चन्द्रा देवी पन्तको बुहारी, बाशु देव पन्तको पत्नी, डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स. वडा नं.०७ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं.०५ बस्ने **डम्बरु देवी पन्त** (ना.प्र.नं.७/२७/३१७, जारी मिति २०६१/०१/१५ जिल्ला प्रशासन कार्यालय डडेल्धुरा)।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **बाशुदेव पन्त**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, भुमिराज गा.वि.स. वडा नं. ०१ स्थित कित्ता नं. १३१७ को क्षेत्रफल ७-०-०-० (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण:

गोरे सिंह भाटको नाति, खडक सिंह भाटको छोरा, लक्ष्मी कुमारी पाण्डेय (भाट)को पति, डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०३ बस्ने **भुवन सिंह भाट** (ना.प्र.नं. ७४/०१/६९/००१९९, जारी मिति २०६९/०३/०४, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मदन राज पाण्डेयको छोरी, खडक सिंह भाटको बुहारी, भुवन सिंह भाटको पत्नी, डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०३ बस्ने **लक्ष्मी कुमारी भाट (पाण्डेय)** (ना.प्र.नं. ७४/०१/७४/०५१७९, जारी मिति २०७४/०५/०५ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

२. गोरे सिंह भाटको नाति, खडक सिंह भाटको छोरा, चित्रा कुमारी ऐडीको पति, डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०३ बस्ने **मिलन सिंह भाट** (ना.प्र.नं. ७४/०१/७०/०१३०४, जारी मिति २०७०/०८/०९ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

३. दान सिंह ऐडीको छोरी, खडक सिंह भाटको बुहारी, मिलन सिंह भाटको पत्नी, डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०३ बस्ने **चित्रा कुमारी ऐडी** (ना.प्र.नं. ७४१०१५/३७१, जारी मिति २०७०/०१/१३ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **चित्रा कुमारी ऐडी**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, खलङ्गा गा.वि.स. वडा नं. ७/क स्थित कित्ता नं. १०१० को क्षेत्रफल ०-८-३-२ (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३.ऋणीको विवरण

लछुवा पार्की/कृष्णा देवी पार्कीको नाती, नरपती पार्की/इन्नरी देवी पार्कीको छोरा, किसना देवी पार्कीको पति, डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ०८बस्ने **बहादुर पार्की** (ना.प्र.नं. ८९१/२६०७, जारी मिति २०४५/०२/१६ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

व्यक्तिगत जमानीकर्ताको विवरण :

१. नरभान पार्की/कलावती पार्कीको नातिनी, गोबिन्द पार्की/हंसा पार्कीको छोरी, नरपती पार्की/इन्नरी पार्कीको बुहारी, बहादुर पार्कीको पत्नी, डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ०८ (साबिक भुमिराज गा.वि.स., वडा नं. ०१) बस्ने **किसना देवी पार्की** (ना.प्र.नं. ६२, जारी मिति: २०४६/०६/२८ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

लिलाम हुने सम्पत्तिको विवरण

१. **बहादुर पार्की**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, भुमिराज टाँटर गा.वि.स., वडा नं. १ स्थित कित्ता नं. ११४२ को क्षेत्रफल १-१-२-१ (रोपनी)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. धनि कुमारी बैंक लि. र ऋणी **बहादुर पार्की** कायम रही सेती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इन्जिन नं. DAH60000012, चेसिस नं. 4H2776/1820028, सवारी नं. से २ त २७२६ को कार्टर कम्पनीको निलो ट्र्याक्टर थान १।

४.ऋणीको विवरण

मलाई हाम्रा स्कुलका कक्षाहरूको नतिजामा सधैँ केही गुनासा रहने गरेका छन् । म मेरै उदाहरण दिन्छु । म स्कुलले मलाई पढाउने शिक्षकले कापी जाँच्दा कहिल्यै प्रथम भइनँ । तर जब एसएलसीका लागि सेन्ट-अप परीक्षा जिल्लाले लियो, तब म प्रथम भएँ । मेरो यहाँ प्रश्न के हो भने कक्षामा सधैँ प्रथम हुने विद्यार्थी एउटै मात्र किन हुन्छ ? मेरो बुझाइ, किनकि कापी जाँच्ने शिक्षकले नाम लेखेको कापी जाँच्दा मानसिकता नै प्रथमलाई धेरै नम्बर दिने हुन्छ, त्यसैले नतिजा त्यस्तो आउँछ । मैले यो सबैमा सधैँ लागू हुन्छ भनिरहेको छैन, तर यो पनि हामीले छलफल गर्नुपर्ने विषय हो भन्ने लाग्छ ।

अर्को महत्त्वपूर्ण विषय भनेको हामीले ढोका थुनेर विद्यार्थीलाई पढायौँ । तर, परीक्षामा कसरी सटिक तरिकाले उत्तर लेख्ने, आफूलाई अभिव्यक्त गर्ने भनेर सिकाउन सकेनौँ । सिकाउनुपर्छ भनेर प्राथमिकतामा राख्न पनि सकेनौँ । बरु हामी शिक्षक नै विद्यार्थीलाई चिट चोर्न सिकाउन थाल्यौँ । आज विद्यार्थी नै शिक्षक र स्कुल प्रशासनलाई नै 'सेन्टर किन्न पैसा हामी उठाउँछौँ, तपाईंहरू डिल गर्नुहोस्' भन्ने तहमा पुगेका छन् ।

मलाई आफैँप्रति कहिलेकाहीँ हाँसो लाग्छ । हामीले शिक्षा र उत्तर चेकिङलाई मजाक बनायौँ । म कुनै वेला 'मेरो देश नेपाल'बारे निबन्ध घोकेर जान्थेँ । हामीले परीक्षालाई कर्मकाण्ड बनायौँ अनि कापी चेकिङलाई मजाक । तसर्थ, अब परीक्षा प्रणाली नै बदलिन जरुरी छ । अब कापी चेकिङ प्रणाली नै बदलिन जरुरी छ ।

अन्त्यमा, माफी माग्दै फेरि एउटा शिक्षकलाई चित्त दुख्न सक्ने कुरा भनेर बिट मार्न चाहन्छु । हाम्रा विद्यार्थीको 'लेभल' शिक्षककोभन्दा माथि पुग्न थालेको छ । त्यसैले, हामी शिक्षक 'अपडेट' र 'अपग्रेड' हुन जरुरी छ । हामीले कापी चेकिङ प्रणाली सुधार गर्न दुईवटा कुरा तत्कालै गरिहाल्न जरुरी छ । पहिलो, हामीले भत्ता दिएर कापी चेक गर्ने शिक्षकलाई पनि विद्यार्थीलाई जस्तै तिनै प्रश्नमा सो दिन परीक्षा दिन लगाउन जरुरी छ । आफैँले कापी जाँच्न तम्सिएका शिक्षक पहिला आफैँ पास हुन जरुरी छ । पास वा फेलको मात्र कुरा होइन, शिक्षकले प्रश्न र परीक्षाको वातावरण अनुभूति गर्न सके, कापी चेकिङ थप सुधार हुने मेरो तर्क हो । दोस्रो भने विद्यार्थीले आफूले लेखेको कापी निर्बाध रूपमा चेक भएपछि हेर्न पाउनुपर्छ । त्यसले, विद्यार्थीलाई सुधार गर्न र शिक्षकलाई सजग भएर कापी चेक गर्न प्रेरित गर्छ ।

@MilanPandey

३ प्रश्न

राजनीतिक विश्लेषक **डम्बर खतिवडा**लाई



७० वर्षे उमेरहद हटाउने एमालेको प्रस्तावलाई कसरी हेर्नुभएको छ ?

यसमा मेरो भिन्न मत छ । राजनीतिमा कानुन बनाएर या पार्टीको विधानमा उमेर हद राख्नु हुन्न । यस्तो प्रावधानले जेष्ठ नागरिकको अधिकार हनन हुन्छ । जागिरमा जस्तो राजनीतिमा सेवानिवृत्त हुने उमेरहद हुँदैन । राजनीतिमा उमेरहद राखेर कसैलाई खेदनु हुँदैन । राजनीतिबाट निवृत्त हुने विषयलाई संस्कारका रूपमा विकास गर्नुपर्छ । भारतमा बिजेपीमा ७५ वर्षपछि कोही पनि सक्रिय राजनीतिमा नरहने संस्कार छ । उनीहरू ७५ वर्षपछि पनि पार्टीमै रहन्छन् । तर, मार्गदर्शक मण्डलमा मात्र बस्छन्, कार्यकारी भूमिकामा बस्दैनन् । यसलाई अहिले मोदीले अपनाउँछन् या अपनाउँदैनन्, त्योचाहिँ हेर्न बाँकी नै छ ।

पार्टी राजनीतिमा यसले कस्तो प्रभाव पार्न सक्छ ?

काग्रेसमा पनि विधान संशोधन गरेर तेस्रोपटक सभापति बन्ने बाटो खोल्ने कि भन्ने अनौपचारिक चर्चा सुनिए पनि त्यहाँ त्यो बाटो खोल्न सक्ने सम्भावना निकै कम देखिन्छ । तर, एमालेमा भने वर्तमान अध्यक्ष केपी ओलीको विकल्पै छैन भनिँदै छ । यस्तोमा उसको विधानमा रहेको दुई कार्यकालको जुन प्रावधान छ, त्यसलाई संशोधन गरिन्छ या गरिन्न, यो प्रश्नचाहिँ बढी महत्त्वको छ ।

यो प्रस्ताव कार्यान्वयनपछि पार्टीमा युवालाई नेतृत्वमा पुग्ने बाटो बन्द हुने सम्भावना कति छ ?

यसले युवालाई नेतृत्वमा पुग्ने बाटो त पक्कै रोक्छ । त्यसैले, हिन्दू धर्मशास्त्रमा उल्लेख भएको वानप्रस्थको संस्कारजस्तै राजनीतिबाट आफ्नो उमेर, स्वास्थ्य र सक्रियता हेरेर आफैँ अलग हुने राजनीतिक संस्कार बसाउनु जरुरी छ ।

प्रेरक प्रसंग

खुसीको खोजी

एकपटक काठमाडौंको एउटा तारे होटेलमा भव्य सेमिनार चलिरहेको थियो । सेमिनारमा सयजना सहभागी थिए । सेमिनार चल्दै गर्दा सहभागीहरू अलि लोसे बन्दै गएको, उनीहरूमा उत्साहको कमी भएको महसुस गरेपछि सेमिनार सञ्चालकले सबै सहभागीको हातमा एउटा-एउटा बेलुन दिए र त्यसमा सबैलाई आआफ्नो नाम लेख्न लगाए । नाम लेखिसकेपछि सबै बेलुन संकलन गरियो । बेलुनलाई नजिकैको कोठामा राखियो । त्यसपछि सञ्चालकले सहभागीलाई सम्बोधन गर्दै भने- साथीहरू ! तपाईंहरूले आआफ्नो नाम लेखेको बेलुन हामीले सँगैको कोठामा राखेका छौँ । एकैछिनमा हामी सो कोठाको ढोका खोलिदिनेछौँ । ढोका खुल्नासाथ तपाईंहरूले भित्र प्रवेश गरेर बेलुन नफुट्ने गरी आआफ्नो नाम लेखिएको बेलुन खोजेर ल्याउनुपर्नेछ । यसका लागि तपाईंहरूले जम्मा तीन मिनेटको समय पाउनुहुनेछ ।



त्यसको केही समयमै बेलुन राखिएको कोठाको ढोका खोलियो । सबै सहभागी घचेटाघचेट गरेर भित्र पसे । सबैले तानातान र घचेटाघचेट गर्दागर्दै तीन मिनेटको समय सकियो । तर, कसैले पनि आफ्नो नाम लेखेको बेलुन हात पार्न सकेनन् ।

सबै असफल भएर सेमिनार हलमा फिर्ता भइसकेपछि सञ्चालकले पुनः सहभागीलाई सोही कोठामा पठाए । तर, यसपटक भने उनले कुनै पनि बेलुन टिप्न र त्यसमा जसको नाम लेखिएको छ, त्यो बेलुन सम्बन्धित व्यक्तिलाई दिन निर्देशन दिए । यसपटक सहभागीहरू भित्र पसेको दुई मिनेटमै आआफ्नो नाम लेखिएको बेलुन लिएर बाहिर निस्किए ।

यो देखेपछि मुसुमुसु हाँस्दै सञ्चालकले भने- आज तपाईंहरूको नाम लेखेको बेलुन खोज्ने क्रममा जे भयो, त्यही घटना हाम्रो खुसीको खोजीमा पनि घटित हुन सक्छ । यथार्थमा खुसी हाम्रै वरिपरि छ । तर, हामी पागलपन देखाएर त्यसलाई खोज्छौँ र पाउन नसकेर निराश बन्छौँ । तर, हाम्रो खुसी अरूको खुसीमा लुकेको हुन्छ । अरूलाई खुसी दिएर मात्र तपाईं हामी सबैले आआफ्नो खुसी प्राप्त गर्न सक्छौँ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भारतले कतिमा किन्छ बिजुली ?

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणमा भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली किन्न प्रतिबद्धता जनाएको बताएर त्यसलाई निकै ठूलो उपलब्धि बताइँदै छ । हाम्रा प्रधानमन्त्रीको भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री मोदीले आफ्नो भाषणमा नेपालबाट १० हजार मेगावाट बिजुली किन्ने दाबी गरेका भए पनि सो बिजुली कति मूल्यमा किन्ने हो भन्नेबारे भने कुनै संवाद भएको छैन । अनि, कुन देशका ठेकेदार कम्पनीले बनाएको आयोजनाबाट उत्पादित बिजुली किन्ने हो, त्यो पनि टुंगो छैन । त्यसैले, मौखिक सहमतिलाई नै लिएर ऐतिहासिक 'ब्रेक थ्रु' भयो भनेर हल्ला पिटाउनु व्यर्थ हो ।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं
gopaldevkota@gmail.com

एमालेमा युवा नेता छैनन् ?

एमालेले केही बुढाखाडा नेतालाई ध्यानमा राखेर विधानमा रहेको ७० वर्षे उमेरहदलाई हटाउने निर्णय गरेको सुन्दा दुःख लाग्यो । देशको राजनीतिमा युवा पुस्ता, युवा सोच, युवा जाँगर र युवा भिजनको खोजी भइरहेको समयमा फेरि पनि घुम्दैफिर्दै एमाले पार्टीलाई हजुरबा पुस्ताको कब्जामा पुऱ्याउन सहज बाटो बनाउनु भनेको एमालेमा अर्को पुस्ताको नेतृत्व नै नभएको संकेत हो । के साँच्चै एमालेमा दोस्रो या तेस्रो पुस्ताका नेताको खडेरी नै परेको हो त ?

● **अन्युत नेपाली**
स्युचाटार, काठमाडौं

युवालाई रोक्ने प्रयास

एमालेले ७० वर्षे उमेर हद हटाएर पार्टीमा युवा नेतृत्वका लागि अझै ठाउँ खाली नहुने सन्देश दिएको छ । उसको यस्तो निर्णयले पार्टीका युवा पुस्तामा आशा जगाउनुको साटो निराशा जगाएको छ । एमालेको निर्णयले पार्टीमा युवालाई कुनै स्थान छैन । उनीहरूले मौका पाउँदैनन् भन्ने प्रस्ट सन्देश दिएको छ । एमालेले गरेको निर्णयबाट हजुरबा पुस्तामा खुसी छाएको भए पनि युवा पुस्तामा निराशै निराशा फैलिएको छ । यो निर्णय तत्काल सच्याऊ ।

● **मृदु विक**
लगनखेल, काठमाडौं

जाहेरीकर्ता नै झुटा हुन् त ?

नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका आरोपीले इन्कारी बयान दिनु भनेको उनीहरूले लिएको कालो धन उनीहरूको साथमा नहुनु हो । यहाँ प्रस्ट छ, नेपालका नेताहरूले भ्रष्टाचार गरेर कमाएको कालो धन कि त उनीहरूका आफन्तसँग हुन्छ कि त साथीभाइ र ठूला व्यापारीसँग हुन्छ । हिजो कोठाभाडा तिर्न धौधौ पर्ने नेताहरूको आज काठमाडौंमै अर्बौंको घर छ, करोडौंको गाडी छ । तर, सम्पत्ति विवरण हेऱ्यो भने उनीहरू अति गरिब देखिन्छन् ।

जाहेरीकर्ताहरूको पृष्ठभूमि हेऱ्यो भने प्रायः सबै सर्वसाधारण नै भएको बुझिन्छ । एउटा सर्वसाधारणले यत्रो ठूला हाई प्रोफाइल भिआइपी व्यक्तिहरूमाथि विनाआधार आरोप लगाउने आँट गर्दैन, त्यो पनि एक वा दुईजनाले होइन, झन्डै चार सयजनाले किटानी जाहेरी दिएका छन् । यति धेरै जाहेरीकर्ता कदापि झुटा हुन सक्दैनन् । यसमा हाम्रो सम्मानित न्यायालयले गम्भीरतापूर्वक हेर्नुपर्छ । त्यस्तै, सम्बन्धित निकायले आरोपितका परिवार, आफन्त, साथीभाइलगायत शंकास्पद सबैको घरदेखि बैंक ब्यालेन्स सबै छानबिन गर्न जरुरी देखिन्छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा जाहेरीकर्ताले पनि गल्ती त गरेकै हुन् । तर, यसलाई कानुनको सहयोगीका रूपमा हेर्नुपर्छ । यदि जाहेरीकर्ताले उजुरी नदिएको भए आज नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर बेच्नेहरूले भोलि देश नै बेच्न सक्थे । अझै पनि यी आरोपितमाथि कडाभन्दा कडा कानुनी कारबाही भएन भने भोलि नेपाल आमा पनि बेचिने निश्चित छ ।

● **मान लामा**, ललितपुर
maanlama75@gmail.com

अखण्ड भारतको पहेली

दक्षिण एसियाली एकता सजिलै सम्भव छ, तर समस्या छिमेकी राष्ट्र शत्रु हो भन्ने गरी गढेको राष्ट्रको परिभाषामा रहेको छ



देश / विदेश

● आकार पटेल

यही २ जुनमा 'बेंगलुरु जेलबाट १० महिनापछि 'बंगलादेशी घुसपैठिया'को आरोप लागेका बंगाली दम्पती रिहा' शीर्षकमा समाचार प्रकाशित भयो । जमानत हासिल गरे पनि स्थानीय पहिचान पुष्टि गर्न नसक्दा यो दम्पती थप एक महिना जेलमा बस्नुपऱ्यो ।

सोही दिन 'नयाँ संसद् भवनमा बनाइएको 'अखण्ड भारत'को भित्तेचित्रप्रति नेपालका राजनीतिक नेताको आपत्ति' शीर्षकमा समाचार प्रकाशित भयो । सो समाचारमा 'अखण्ड भारत' हिन्दुत्व राष्ट्रवादी एक परिकल्पना हो, जहाँ अफगानिस्तान, बंगलादेश, भुटान, माल्दिभ्स, म्यान्मार, नेपाल, पाकिस्तान र श्रीलंका भारतको हिस्सा हो भन्ने मानिन्छ भनेर व्याख्या गरिएको थियो । नेपालमा पर्ने बुद्धको जन्मस्थल लुम्बिनी नयाँ संसद् भवनको भित्तेचित्रमा देख्न सकिन्छ ।

म 'द केस फर अखण्ड भारत' (अखण्ड भारतको पहेली) शीर्षकमा पुस्तक लेखिरहेको छु, जहाँ मैले दुई विषयमा खोज गर्नेछु । पहिलो यदि भारतीय विशेषतः भारतीय जनता पार्टी (भाजपा) को विचार बोक्ने हिन्दूले दक्षिण एसियालाई एकत्रित गर्न चाहन्छन् भने यी मानिस किन पेन्टिङ वा भित्तेचित्रभन्दा अगाडि बढ्न सकिरहेका छैनन् ? दोस्रो, वास्तवमै 'अखण्ड भारत'को निर्माण कसरी हुन सक्छ ? पहिलो प्रश्नको उत्तर सजिलो छ । भाजपा र भाजपालाई समर्थन गर्ने हिन्दू एकीकृत दक्षिण एसिया चाहन्नन् । यिनीहरू एक साम्राज्य चाहन्छन्, जहाँ रैती हुने गर्छन् । भारतमा सत्ता चलाइरहेको पार्टी, जसको एकजना पनि मुसलमान मन्त्री, सांसद र विधायक छैन, उसले चटगाउँको कुनै महिलालाई कसरी आकर्षित गर्न सक्छ वा पेसावरको कुनै बालकमा कसरी उत्साह थप्न सक्छ । भाजपालाई भूमि चाहिएको छ, न कि जनता । उदाहरणका लागि कस्मिरलाई नै हेरौँ न ।

धार्मिक पाखण्ड जोडिन आउने पहिलो प्रश्न रोचक छैन तर दोस्रो भने छ । अर्थात् उप-महाद्वीपका जनतालाई एकताबद्ध कसरी गर्न सकिन्छ होला ? हतियारका बलमा सकिँदैन र हामीले मान्न अस्वीकार गरे पनि हामीसँग हतियारको सामर्थ्य छैन । र, यो सत्य हो । कस्मिर नक्साभन्दा निकै फरक देखिन्छ । यो वास्तविक कस्मिरले विद्यालयमा भारतको नक्सा घोकेको एक औसत भारतीयलाई विचलित पार्नेछ । कस्मिरको पश्चिमी हिस्सा हाम्रो नियन्त्रणमा छैन र जतिसुकै डिङ हाँके पनि त्यसलाई फिर्ता ल्याउन सकिँदैन । याद राख्नुपर्ने के छ भने प्रतिद्वन्द्वी मुलुक हाम्रो मुलुकको सातौँ हिस्साबराबर मात्रै छ ।

हामी नेपाल, भुटान र बंगलादेशलाई केही हदसम्म सताउन सक्छौँ, यी मुलुकलाई नक्सा वा भाषणमा तमासेबाज ढंगले दाबी गर्न सक्छौँ तर ती मुलुकमा दाबी गर्नका लागि हामीसँग वास्तविक वैधता छैन । एकीकृत उप-महाद्वीप बन्न सक्ने अर्को पाटो छ, जसबारे मेरो पुस्तकले बोल्नेछ । एक शक्तिशाली मुलुक, विशाल अर्थतन्त्र, सबैभन्दा पुरानो लोकतन्त्र र सबैभन्दा अधिक जनसंख्या भएको मुलुकका नाताले भारतले आफ्ना छिमेकीमाथि गएर ती एकता गर्न खोजे के हुन्छ ? त्यो परिस्थिति कस्तो होला र त्यसले के निम्त्याउला ?

पहिला त भारतले गैरराजनीतिक मामिलाको सम्बोधन गर्नुपर्नेछ । जब युरोपियन युनियन गठन हुन थाल्यो, त्यतिवेला संयुक्त मुद्रा वा संसद् नभई स्टिल र कोइला उद्योग एकताको कारक बनेको थियो । किनभने, यी दुई वस्तु युरोपेली मुलुकको अर्थतन्त्र र सैन्य विकासका लागि आवश्यक थियो ।



तस्बिरः जीत देव/विकिमिडिया कमन्स

पहिले त युद्धपछि जर्मनीमाथि गरिएको जबर्जस्ती र पछि आपसी सहमतिमा युरोपेली राष्ट्र एक भएका थिए । स्मरण रहोस्, युरोपेली राष्ट्रमा मोटामोटी एउटै धर्मका मानिस बसोवास गर्दा पनि सन् १९१४ देखि १९४५ सम्म विश्वका अन्य हिस्साका तुलनामा बढी मानिसको हत्या त्यहीँ भएको थियो ।

साझा मुद्रा वा साझा प्रधानमन्त्री रोज्नतिर नलाग्ने हो भने दक्षिण एसियालाई जोड्ने सामानता के हुन सक्छन् ? त्यसमा यातायात वा सञ्चार पर्न सक्छ, अर्थात् छुट्टी मनाउन विनाभिसा कोलकातादेखि ढाका वा सिमलादेखि लाहोर जान सकिनेछ । यसो गर्न गाह्रो छ र ? बिल्कुलै छैन । यो तुरुन्तै हुन सक्ने काम हो, तर समस्या छिमेकी राष्ट्र शत्रु हो भन्ने गरी गढेको राष्ट्रको परिभाषामा रहेको छ ।

आर्को कदम भनेको युरोपियन युनियनले गरेझैँ सेवा र वस्तुको आयात-निर्यातमा बृहत् छुट हो । यसले अन्ततः अर्थतन्त्रहरूलाई जोड्नेछ र सबै मुलुकलाई फाइदा पुऱ्याउनेछ । विशेषतः अरूले उत्पादन गर्न नसक्ने तर आफूले गर्न सक्ने मुलुकलाई लाभ पुऱ्याउनेछ । भारतले कार, दुईपाङ्ग्रे सवारी साधन, पेट्रोल, सफ्टवेयर, संगीत वाद्ययन्त्र, पुस्तक, नर्स, इन्जिनियर र बायोकेमिस्ट अन्य राष्ट्रको उत्पादन लागतभन्दा सस्तोमा पठाउन सक्छ । यसो नगर्नु भनेको भारतीयलाई अवसर र भारतीय अर्थतन्त्र वृद्धिको सामर्थ्यलाई अस्वीकार गर्नु हुनेछ ।

यो सौम्य 'अखण्ड भारत'को अन्तिम पाटो भनेको युरोपियन युनियनले गरेझैँ राजनीतिक एकता हो । हामी अहिल्यै त्यहाँ जानुपर्दैन । दक्षिण एसियाका अन्य हिस्सा परिपक्व नहुन्जेल हामीले यस विषयमा सोच्न पनि आवश्यक छैन । तर, उल्लिखित दुई आयाम (साझा वस्तु र बेरोकटोक आयात-निर्यात) नछिचोली तेस्रो आयाममा पुग्न पूर्णतः असम्भव छ । अरू ढंगले एकता गर्छु भनेर सोच्नु अर्थात् नेपाल र अन्य मुलुकले आपत्ति जनाएको भित्तेचित्रबाट गर्छु भनेर सोच्नु केटाकेटीपन हुनेछ । भारतीय सम्भ्रान्तको सोच जसरी संसद्मा देखिएको छ, त्यो केटाकेटीपन र अवास्तविकता हो । तर, यो एक चासो दिइनुपर्ने विषय भने हो । 'अखण्ड भारत' कुची र भित्तेचित्रबाट सम्भव छैन ।

(पटेल एम्नेस्टी इन्टरनेसनल इन्डियाका अध्यक्ष हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

‘न्यायाधीशबाट हरिएको न्याय’ले महाभियोग पर्खिएको छ



● रामचन्द्र शर्मा

न्यायपूर्ण सम्मानित जीवनको आशामा ठूलो जन, धन र समय खर्चिएर संघर्षबाट देशमा संघीय लोकतन्त्र ल्याइयो । हामी सार्वभौम नेपाली जनताले संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बनायौं । संविधानमा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको मान्यता स्थापित गर्दै सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रता, समानताका हकजस्ता मौलिक हक र तिनको प्रचलनका लागि प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हकको सुनिश्चितता गर्‍यौं । ती मौलिक हकमा आघात पारिए संविधानको धारा ४६ मा धारा १३३ र १४४ मा लेखिएबमोजिम संवैधानिक उपचार पाउने संवैधानिक व्यवस्था पनि राख्यौं । संवैधानिक प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि संविधानको धारा १०१ मा महाभियोगको प्रावधान र न्यायाधीशको आचारसंहितासम्म बनाइएको छ । तर, कानुनको शासन र स्वच्छ सुनुवाइको आधारभूत प्रत्याभूति निष्पक्ष रूपमा दिनुपर्ने न्यायाधीशले सो नदिँदा न्यायिक स्वतन्त्रताको अवधारणा नै निरर्थक बन्न पुग्दो रहेछ भन्ने तितो अनुभव गराएको घटना निम्न रूपमा उल्लेख गर्न चाहन्छु :

१. **कानुनमा** : सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा २, ‘उपदफा १ मा जेसुकै लेखिएको भए पनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्थाबाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउनेछैन । तर, यो ऐन प्रारम्भ हुनुभन्दा अघि बहुद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको भए ती संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाको बखत उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्थाहरूले मुख्य कारोबार गर्न सक्नेछन् ।’ (सहकारी ऐन मिति २०७४/०७/०१ देखि प्रारम्भ भएको छ ।)

२. **व्यवहारमा** : २०६५ सालदेखि सञ्चालित शिवालय बहुउद्देश्यीय सहकारी कुस्मा पर्वतले आजका दिनसम्म पनि केवल बचत र ऋणको कारोबार गरी आएको छ । देशैभरका कृषि तथा पर्यटनजस्ता विषयगत सहकारी संस्थाले अहिले पनि बचत र ऋणको मात्र कारोबार गर्ने, अध्यक्ष र सञ्चालकहरूले निजी स्वार्थमा सहकारीको रकम दुरुपयोग गर्ने गरेकाले आत्मनिर्भर अर्थतन्त्र विकासमा सहयोग पुऱ्याउन सक्ने सहकारी क्षेत्र नै बदनाम र अविश्वसनीय हुँदै मुलुकको अर्थतन्त्रमा नकारात्मक असर र अराजकता बढाएको छ ।

३. **कानुन कार्यान्वयन नहुँदा नेपालको सहकारी इतिहासमा भएको पहिलो संवेदनशील घटना** : शिवालय सहकारीका अध्यक्ष विदुर पौडेलले आफू शिक्षक भएकाले बस्न मिल्दैन भनेका स्थायी शिक्षक प्रेमप्रसाद शर्मालाई बलपूर्वक सचिवमा राखी दुई करोडभन्दा बढी उठाएपछि उनै सचिवलाई समेत थाहा नदिई कोषाध्यक्ष र व्यवस्थापकसँग मिलेर विनाधितो कपाली तमसुक पनि रीतपूर्वक नबनाई सवा करोडभन्दा बढी आफैंले, ४५ लाखभन्दा बढी कोषाध्यक्षलाई र लेखा संयोजकलाई ४० लाखभन्दा बढी आफूखुसी लिए, दिए । उक्त कुरा पछि सचिवले थाहा पाई मिति २०७९/०५/२५ मा सञ्चालक समितिबाट निर्णय गराए मात्र ऋण लगानी गर्ने निर्णय, मिति २०७९/०६/२९ मा ऋणीबाट धितो मान्ने निर्णय, ०७९/०७/२९ मा ऋण असुलीका लागि घरदैलो गर्ने निर्णय, मिति २०७९/०८/२४ मा जमानी बसेकाले ऋण उठाउने विशेष पहल गर्ने निर्णय, मिति २०७९/०९/२५ मा बचत जम्मा गर्न स्थगित गर्ने निर्णय आफ्नै पहल र हस्ताक्षरबाट गराए । तर, भोलिपल्ट ०७९/९/२६ गते बोलाइएको बैठकमा सेयर प्रमाण पत्र दिन र लाभांश बाँड्ने कुरा सचिवले जोडदार उठाउँदा लिखित रूपमा बैठक बस्न नसकी मिति २०७९/०९/२९ गते दिउँसो सहकारीका अध्यक्षले कोषाध्यक्ष र व्यवस्थापकसँग मिली संस्था स्वेच्छाचारी रूपमा चलाई धराशयी बनाएकाले कानुन र सहकारी विभागले सबै सदस्यहरूको सेयर र बचत सुरक्षित गरिदेओस् भन्ने सुसाइड नोट लेखी रुखमा झुन्डिई आत्महत्या गरे । संस्थाबाट आफूले ऋण नलिएका सचिव शारीरिक र मानसिक रूपमा स्वस्थ, पारिवारिक र सामाजिक सम्बन्ध राम्रो हुँदाहुँदै पनि धराशयी बनाइएको सहकारीका सेयर सदस्यहरूको सेयर र बचतको सुरक्षाका निम्ति आफ्नो जीवन नै त्याग गरेको नेपालको सहकारी इतिहासको पहिलो र संवेदनशील नमुना घटना हो ।

४. **कानुनी उपचार** : (क) मृतकको मनी पर्समा ऋणी र बचतको विवरण भेटिएकाले मिति २०७९/०९/३० मा जिल्ला प्रहरी कार्यालय पर्वतमा जाहेरी दिइएको ।

(**ख**) **प्रहरी** : मिति २०७९/०९/३० मा पहिला पत्राउ गरिएका अध्यक्ष विदुर पौडेलको बयान नौ दिनपछि लिइएको, जाहेरीमा उल्लेखित साक्षीलाई १५ दिनपछि कर्मकाण्डी रूपमा अधुरो सोधपुछ गरेको, बचत र ऋणतर्फ अनुसन्धान नगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६ र ८ को उल्लंघन गरिएको ।

(**ग**) **सरकारी वकिल** : उक्त संहिताको दफा १०(३) बमोजिम अनुसन्धानको निर्देशन नदिएको, अभियोग पुष्टिको आधारको रूपमा रहेका सहकारीले पठाएका तमसुक र सञ्चालक समितिको निर्णयलाई अभियोग पत्रमा चर्चा नगरी सहकारीबाट प्राप्त नौ थान कागज भन्ने अमूर्त भाषा प्रयोग गरी लुकाइएको, सहकारीको रकम आफूखुसी परिचालन गरी ठगी गरेको देखिँदादेखिँदै दोषीउपर अभियोग नलगाएको, पीडित जाहेरवालालाई मुद्दाको कारबाही सम्बन्धमा कुनै जानकारी नगराएको ।

(**घ**) **अदालत** : उक्त संहिताको दफा १४(६) बमोजिम प्रहरीको अपूरो अनुसन्धानमा विचार नपुऱ्याएको, मिसिलमा रहेका ठोस प्रमाण अनदेखा गरी धरौटीमा छाडी दफा ६७ (१) (ख) उल्लंघन भएको ।

(ङ) प्रहरीले अनुसन्धान गर्न र सरकारी वकिलले अभियोजन गर्न छुटाएको सहकारीको रकम हिनामिना र ठगी गरेको विषयमा ठोस प्रमाणसहित मिति २०७९/११/२२ मा जाहेरी दिएकोमा प्रमाण खोज्ने बहानामा प्रहरीले सुरुमा दर्ता गर्न इन्कार गरेको, दुई महिनापछि पत्राउको अनुमति माग्न अदालत जाँदा प्रमाण नपुगेको बहानामा अदालतबाट पत्राउ अनुमति नदिई दफा ९(३) को दुरुपयोग गरिएको ।

(च) सहकारी संस्था नियमन गर्ने संवैधानिक र कानुनी जिम्मेवारी पाएको कुस्मा नगरपालिकाले सेयर सदस्यहरूले सहकारीको रकम हिनामिना सम्बन्धमा दिइएको उजुरी सोही सहकारीमा पठाई जिम्मेवारीबाट पन्छिएको ।

(छ) न्याय दिने, दिलाउने अदालत, सरकारी वकिल र प्रहरीले आफ्नो कानुनी कर्तव्य पूरा नगरेकाले गर्न लगाउन सर्वोच्च अदालतमा मिति २०८०/०२/०८ मा परमादेशको रिट दर्ता गरिएको ।

५. सर्वोच्च अदालतका माननीय न्यायाधीशबाटै न्यायको मार्ग अवरुद्ध गरियो : सुसाइड नोट, तमसुक, सञ्चालक समितिका निर्णयहरू, दोषी अध्यक्षलगायतको बयानसमेतबाट सहकारीको रकम आफूखुसी गरेको प्रस्ट हुने वस्तुनिष्ट आधार अनदेखा गरी सुरु तहको जिल्ला अदालतबाट संविधानको धारा १८(१) ले दिएको समानताको हक, धारा २० (९) ले दिएको स्वतन्त्र, निष्पक्ष र सक्षम अदालतबाट स्वच्छ सुनुवाइको हक र धारा २१ ले दिएको अपराध पीडितको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हकसमेतमा आघात पुऱ्याएकाले संविधानको धारा १३३ को उपधारा २ र ३ को आधारमा जाहेरीमा उल्लेखित दोषीलाई पत्राउको अनुमति दिई अनुसन्धानको प्रक्रिया अघि बढाउनसमेत परमादेश जारी गरी पाऊँ भनी सर्वोच्च अदालतमा निवेदन गरेकोमा विपक्षीलाई नबुझीकनै निवेदन खारेज गरियो । पत्राउ अनुमति दिनुपर्ने मनासिब आधारका रूपमा रहेका ठोस प्रमाण अनदेख गर्ने, प्रहरीबाट भएको अपूरो अनुसन्धानमा विचार नपुऱ्याउने जिल्ला न्यायाधीशको काम कारबाही थप अनुसन्धानको निर्देशन नदिने र उपलब्ध प्रमाण लुकाउने सरकारी वकिलको काम कारबाही, फितलो अपराध अनुसन्धान गर्ने प्रहरीको फितलो काम कारबाही र आफ्नो संवैधानिक र कानुनी जिम्मेवारी पन्छाउने कुस्मा नगरपालिकाको काम कारबाहीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६ , ८, ९(३), १०(३), १४(६), जिल्ला अदालत नियमावली नियम १०(७), संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ख) को उल्लंघन पुगी पीडितको समान कानुनी संरक्षण पाउने मौलिक हक हनन भएकाले ती हक प्रचलनका लागि एक मात्र अन्तिम विकल्प रहेको परमादेशको रिटको कानुनी मार्ग सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. श्रीकुमार चुडालको एकल इजलासबाट खारेज गरिँदा पीडितले न्याय पाउने मार्ग अवरुद्ध हुन पुगेको छ ।

६. **सर्वोच्च अदालतका न्यायाधीशमाथि महाभियोग लगाउनुपर्ने औचित्य र आवश्यकता** : संसदीय सर्वोच्चता भएको बेलायतबाट सन् १३७६ मा उच्चपदस्थ पदाधिकारीलाई फौजदारी अभियोग लगाई पदबाट हटाई दण्डित गरी सुरु भएको महाभियोगको पद्धति १८०५ पछि त्यहाँ कसै उपर लगाएको देखिँदैन । संवैधानिक सर्वोच्चता भएको अमेरिकाको संविधानको धारा २ को उपधारा ४ मा उच्चपदस्थ अधिकारीले संविधानको गम्भीर उल्लंघन वा अपराध गरेमा महाभियोग लगाउने प्रावधान छ । त्यहाँ अहिलेसम्म आठजना न्यायाधीशउपर कसुरजन्य कार्य गरेको आधारमा महाभियोग लगाई पदमुक्त गरेको देखिन्छ । भारतको संविधान र जजेज (इन क्वेरी) एक्ट १९६८ ले महाभियोगसम्बन्धी व्यवस्था गर्दै न्यायाधीशमाथि महाभियोग लगाएको पाइन्छ ।

हाम्रो देशको सन्दर्भमा तत्कालीन सम्माननीय प्रधानन्यायाधीश श्री सुशीला कार्कीउपर व्यवस्थापिका संसद्मा मिति २०७४/०१/१७ मा महाभियोगको प्रस्ताव पेस भए पनि सोउपर अधिवक्ता सुनिलरञ्जन सिंहबाट रिट निवेदन परी मिति २०७४/०१/२२ मा महाभियोगको आधार सर्वोच्च अदालतले प्रहरी महानिरीक्षकको बहुवासम्बन्धी मुद्दामा गरेको फैसलालाई आधार बनाएको देखिँदा संविधानको मर्मविपरीत रहेको भन्दै पदमा यथावत् राख्ने अन्तरिम आदेश जारी भयो । महाभियोगको प्रस्तावकले मिति २०७४/०२/१५ मा फिर्ता लिई संसद् बैठकबाट समेत मिति २०७४/०२/२३ मा उक्त महाभियोग फिर्ता भएको छ ।

मिति २०७९/०८/०८ गते संवैधानिक इजलासबाट मिति २०७४/०२/१४ मा उमेर हदका कारण प्रधानन्यायाधीश सेवानिवृत्त हुनुभएको र संसद्बाट महाभियोगको प्रस्ताव फिर्तासमेत भएको हुँदा कानुनी उपचार प्रदान गर्न नपर्ने भनी रिट खारेज हुने ठहर भएको देखिन्छ । रिट खारेज भए पनि अदालतमा विचाराधीन मुद्दा वा न्यायिक निर्णयमा भएको असन्तुष्टिलाई आधार बनाएर राजनीतिक प्रतिशोध वा बदलाका भावनाले महाभियोग लगाउनुहुँदैन भन्ने सन्देश दिँदै वस्तुतः महाभियोगको प्रयोजन आवश्यक भएकाले नै सोसम्बन्धी प्रावधान संविधानमा समावेश भएको र कानुनको शासनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न व्यवधान गर्ने व्यक्तिलाई पदबाट हटाउन र सजाय गर्न यसको प्रयोग हुन सक्छ भन्दै महाभियोगको औचित्य र आवश्यकता उक्त फैसलामा औंल्याइएको छ ।

> संवैधानिक प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि संविधानको धारा १०१ मा महाभियोगको प्रावधान र न्यायाधीशको आचारसंहितासम्म व्यवस्था छ

त्यस्तै तत्कालीन सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर जबरालाई न्यायपालिकाको नेतृत्व गर्न अक्षम, सरकारमा भागबन्डा खोज्नेलगायत विकृति र विसंगति बढाएको, २१ वटा आरोपमा संसद्मा महाभियोग प्रस्ताव दर्ता भई मिति २०७८/११/०१ देखि निलम्बित हुनुभएको । उक्त महाभियोगको टुंगो लगाउने प्रक्रियामा विलम्ब भई नटुंगिँदै बयानसम्म लिएको अवस्थामा संसद्को कार्यकाल सकिएकाले संसद् सचिवालयको दराजमा अन्योलको अवस्थामा प्रस्ताव थन्किएको र उमेर हदको कारण प्रधानन्यायाधीश सेवानिवृत्त हुनुभएको ।

यो पंक्तिकार लोकतान्त्रिक राजनीतिक प्रणालीलाई जीवन्तता प्रदान गरी राज्यका प्रमुख अंगबीच सन्तुलन कायम राख्नमा अहं भूमिका निर्वाह गर्ने सिंगो न्यायपालिका र सर्वोच्च अदालतको गरिमा र मर्यादा उँचो रहँदा मात्र न्याय र कानुनको क्षेत्रमा आबद्ध न्यायाधीश, कानुन व्यवसायी, प्राध्यापक र कर्मचारीदेखि आमजनताको शिर उँचो हुने मान्यता राख्दै तदनुरूपको व्यवहार गर्दै तीन दशकभन्दा बढी समयदेखि कानुन व्यवसायमा आबद्ध रहिआएको छ । मैले द्वेष र बदला भावनाले होइन, छिटो-छरितो गुणस्तरीय न्याय सम्पादन, न्यायको पहुँच अभिवृद्धि गर्ने, न्यायिक सुशासनको प्रवर्द्धन, न्यायालयप्रतिको जनआस्था वृद्धि गर्नेजस्ता न्यायपालिकाको चौथो पञ्चवर्षीय योजनाका लक्ष्य र न्यायिक काम कारबाही तथा मुद्दाको फैसलामा गुणस्तरीयता अभिवृद्धि गर्नेलगायत रणनीतिक उद्देश्य हासिल गर्न सघाउने पवित्र भावनाले महाभियोगको संवैधानिक प्रावधान व्यवहारमा ल्याउनुपर्ने अनिवार्य आवश्यकता विवेकले देखेको हुँदा सार्वजनिक रूपमा बौद्धिक बहसको थालनी गर्ने प्रयास गरेको हुँ ।

सहकारी ऐनको उल्लिखित कानुनबमोजिम शिवालय बहुउद्देश्यीय सहकारी कुस्मा पर्वतले बचत र ऋण मुख्य कारोबारको रूपमा गर्न नपाउनेमा गर्दै आइरहेको छ । त्यसमाथि अध्यक्ष विदुर पौडेलले अन्य कोषाध्यक्ष र व्यवस्थापकसँग मिली सहकारीको दुई करोडभन्दा बढी सेयर र बचत रकम आफूखुसी परिचालन गरी सहकारी ऐनको दफा १२२ को देहाय (च) को कसुर गरेको । उक्त कसुरमा दफा १२४ बमोजिम ४ वर्षदेखि ६ वर्षसम्म कैद सजायसमेत हुने र दफा १३० ले अनुसूची १ भित्र पारेकाले ठोस प्रमाणसहित पीडितले प्रहरीमा जाहेरी दिएकोमा दुई महिनासम्म प्रमाण खोज्ने बहानामा जाहेरी नै दर्ता गरिएन । त्यसपछि पनि प्रहरीले जरुरी पत्राउ पुर्जी जारी नगरी जिल्ला अदालतसँग पत्राउको अनुमति माग्न गएको । पत्राउको अनुमति दिने मनासिब आधार हुँदाहुँदै जाहेरीमा उल्लिखित ठोस प्रमाणलाई अनदेखा गर्दै पत्राउको अनुमति नदिइएको, जसले गर्दा संहिताको दफा ६, ८, ९ र १० समेतका प्रावधान प्रयोजनहीन हुन पुगी सहकारी क्षेत्र नै बदनाम हुने गरी रकम दुरुपयोग र ठगी गरेको जघन्य अपराधको प्रभावकारी अनुसन्धान हुने प्रक्रिया अवरुद्ध भएकाले जरुरी पत्राउ पुर्जी जारी गर्न प्रहरीलाई र पत्राउ अनुमति दिनु भनी जिल्ला अदालतका नाउँमा अन्तरिम आदेशको माग गर्दै सहकारीको उपरोक्त कानुन लागू गर्नू-गराउनू भनी मन्त्रिपरिषद्का नाउँमा, प्रहरीलाई आवश्यक निर्देशन दिनू भनी गृह मन्त्रालयसमेतलाई परमादेश माग गरी पीडितले सर्वोच्च अदालतमा रिट दायर गरेकोमा उक्त रिट विपक्षीलाई समेत नबुझी खारेज गरिएको । पूर्ण पाठ आउन बाँकी नै भएता पनि विपक्षीलाई नै नबुझी खारेज गरिदिएकाले एकातर्फ पुनरावलोकन हुन सक्ने-नसक्नेमा मत बाझिएका छन् भने अर्कोतर्फ अध्यक्षसमेतको मिलोमतोमा धराशयी बनाइएको सहकारीका सदस्यले न्याय पाउने, दोषीलाई कानुनको दायरामा ल्याई कानुनको शासन कायम गर्न नसक्ने अवस्था सिर्जना हुन पुगेको छ ।

जिल्ला अदालतका माननीय न्यायाधीश श्री आनन्दप्रसाद श्रेष्ठले दोषीलाई पत्राउ अनुमति नदिनुमा तिनै दोषीमाथि सोही अदालतमा चलेको आत्महत्या दुरुत्साहन मुद्दाको मिसिलमा संलग्न रहेका अभियोग पुष्टि गर्ने ठोस प्रमाण (अध्यक्ष विदुर पौडेलले ८३ लाखभन्दा बढी र कोषाध्यक्ष नरेन्द्रबहादुर खत्रीले ४५ लाखभन्दा बढी रकम ऋण लिई गरेको नाम मात्रको कपाली तमसुक, सहकारीको सञ्चालक समितिको निर्णयहरू) थुनछेकको आदेश गर्दा चर्चासमेत नगरी अनदेखा गरी धरौटीमा छाडेका कारण आफ्नो कमजोरी उजागर हुने भय, पूर्वाग्रह, अरूको दबाबसमेत प्रमुख कारण रहेको छ । रिट निवेदन दिँदा सम्पूर्ण तथ्य खुलाएर दिनुपर्ने हुँदा आत्महत्या दुरुत्साहन मुद्दामा प्रहरीको अपूरो अनुसन्धानतर्फ संहिताको दफा १४ ९६० बमोजिम जिल्ला न्यायाधीशले विचार पुऱ्याउनुपर्ने हो, होइन ? अपूरो अनुसन्धान पूर्ण भएको प्रतीत हुने गरी तहसिलदारबाट पत्र लेखिँदा उक्त दफा १४ (६) को उल्लंघन भयो, भएन ? न्यायाधीश र श्रेस्तेदार अनुपस्थित रहेको दिन तहसिलदारले न्यायाधीश बिदामा रहेको भनी पत्राउ अनुमति दिन अस्वीकृत गर्दा जिल्ला अदालत नियमावली २०७५ को नियम १० (७) को उल्लंघन भयो भएन ? सरकारी वकिलले दफा १० (३) बमोजिम थप निर्देशन दिनुपर्ने हो, होइन ? अभियोग पत्र तयार गर्दा सरकारी वकिलले प्राप्त प्रमाण घुमाउरो पाराले लुकाउन मिल्ने हो, होइन ? जस्ता प्रश्न खडा भएको खुलाउँदै सो प्रश्नको निरूपण गर्न माग गरिएको भए पनि सम्पन्न भइसकेका उक्त काम बदरको लागि उत्प्रेषणको माग नगरी आत्महत्या दुरुत्साहन मुद्दाको हकमा सामान्य अधिकार क्षेत्रअन्तर्गत उच्च अदालतबाट न्याय पाउने आशा गरिएको ।

जिल्ला अदालतबाट संहिताको दफा ९(३) १४(६) र जिल्ला अदालत नियमावली २०७५ को नियम १०(७), सरकारी वकिलबाट दफा १०(३) र सरकारी वकिलको आचारसंहिता र जिल्ला प्रहरी कार्यालय पर्वतबाट संहिताको दफा ६, ८, ९(६) र १० को कानुनी प्रावधान सही रूपमा पालना नहुँदा पीडितलाई अन्याय परेको तर त्यसको उपचारको व्यवस्था कानुनमा प्रस्ट नभएको र दफा ९९ मा केही प्रावधान भए पनि सो पर्याप्त र प्रभावकारी नभएको । सार्वजनिक अपराधजस्ता सामान्य मुद्दामा समेत पत्राउ पुर्जी जारी गरी आएको अदालत र प्रहरीले ठोस आधार र प्रमाणसहित सहकारीको रकम ठगी र दुरुपयोग गरिएकै कारण सहकारी संस्था, सहकारी मूल्य-मान्यता र कानुनअनुसार चल्नुपर्छ भन्ने मान्यतामा अडिक निर्दोष सचिव प्रेमप्रसाद शर्मालेे ज्यानै त्यागेको हृदयविदारक वस्तुगत घटनालाई अवमूल्यन र अनदेखा गर्दै अपराध अनुसन्धान नै प्रभावित बनाएका जिल्ला न्यायाधीशको त्रुटिपूर्ण कार्यलाई सच्याउनुपर्ने संवैधानिक जिम्मेवारी भएका सर्वोच्च अदालतका न्यायाधीशसमेतबाट सो सम्बन्धमा के कसो भएको हो भनी जिल्ला अदालतसमेतबाट बुझ्दै नबुझी रिट खारेज गरिदिनुले न्यायको ढोका बन्द भएको छ । एकातर्फ उक्त अपराध सरकारवादी हुने भनी कानुन बनाई पीडितको वादी हुने अधिकार खोसिएको र अर्कोतर्फ वादी हुने अधिकार लिएको सरकारका तर्फबाट काम गर्ने प्रहरी र सरकारी वकिलले झारा टार्ने मात्र काम गरी अनुसन्धान र अभियोजन फितलो गर्नुका साथै मूल कसुरमा अनुसन्धान र अभियोजन गर्न पन्छिई दोषीलाई बचाउन उद्यत रहँदा पीडितले पाउनुपर्ने न्याय अपहरित हुन पुगेको छ ।

संविधानको रक्षा र विकासमा अभिभावकीय र सिर्जनात्मक भूमिका खेल्न संविधानको धारा १३३ ले सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकनको अधिकार दिएको हो । सो अधिकारलाई अपराधको अनुसन्धानसम्म नटुंगिएको, मुद्दाको स्वरूपसम्म नपाएको अवस्थालाई अदालतको कामकारबाहीप्रतिको असन्तुष्टिको जामा पहिराएर रिट खारेज गरिएको छ । रिट खारेज गर्ने सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. श्री कुमार चुडाल सरकारी वकिलको पृष्ठभूमिबाट अदालतको न्यायाधीशमा प्रवेश गर्नुभएकाले सरकारी वकिल र जिल्ला न्यायाधीशको गल्ती कमजोरी ढाकछोप गर्न रिट खारेज गर्नुभएको सहजै अनुमान गर्न कठिन छैन । किनभने न्यायिक कामकारबाहीको उपयुक्त सम्पादनको लागि निष्पक्षता अत्यावश्यक हुन्छ । निर्णयपूर्वका समस्त न्यायिक प्रक्रियामा निष्पक्षता कायम गरेर मात्र निष्पक्ष न्यायिक निर्णय गर्न सम्भव हुन्छ । न्यायकर्ताको न्यायप्रतिको निष्ठा र सदाचारिता गरिएको निर्णयमा झल्किनुपर्छ । रिट खारेजीको निर्णय गर्दा उपरोक्त तथ्यमा आधारित रिट खारेज गर्नुले न्यायप्रतिको निष्ठा होइन, न्याय सम्पादन गर्न पन्छिएको, कार्यक्षमताको अभाव रहेको, सर्वोच्च अदालतको न्यायाधीशको गरिमामा धक्का पुऱ्याउने खाले खराब आचरण रहेको भन्ने प्रस्ट देखाउँछ । त्यति मात्र नभई संविधान राजनीतिक दस्ताबेजको रूपमा समेत मानिने ठानी राजनीतिक पक्षसमेत जोडिएर आएका संसद् विघटनजस्ता मुद्दामा पनि न्याय सम्पादन गर्न नपन्छिएको सर्वोच्च अदालत के अदालतभित्रको गलत कामकारबाही सच्याउन न्याय सम्पादन गर्दा अदालतहरूमा परकम्प आउँछ कि भनी संविधान र कानुनबमोजिम न्याय सम्पादन गर्न पन्छिई आफ्नो न्यायिक धर्म छाडेको त होइन ? भन्ने प्रश्न खडा भएको छ ।

७. **प्रतिनिधिसभाका माननीय सदस्यहरूमा सार्वजनिक अनुरोध** : शक्ति सन्तुलनका लागि संसद्को एक विशिष्ट औजार र खराब एवं अक्षमलाई हटाउने माध्यमको रूपमा संविधानको धारा १०१ (२) मा समावेश गरिएको महाभियोगसम्बन्धी प्रावधानलाई सदुपयोग गर्दै उपरोक्तानुसार रिट खारेज गर्ने सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. श्री कुमार चुडालउपर महाभियोगको प्रस्ताव ल्याउन निम्न आधार प्रस्तुत गर्दै सार्वजनिक अनुरोध गर्छु :

(क) मिति २०७८-डब्लुओ-००३५ उत्प्रेषण परमादेश मुद्दामा मिति २०७८/१२/०९मा भएको फैसलाको पृष्ठ ३८ मा (यदाकदा केही अपवादजन्य अवस्थामा अदालतबाट भए गरिएका काम-कारबाहीको कुरालाई लिएर अदालतलाई प्रत्यर्थीको रूपमा उल्लेख गर्नुपर्ने अवस्था र परिस्थिति देखिन सक्छ ।) भनी स्थापित गरेको कुराको उपेक्षा

(ख) नेकाप २०६७ अंक ११, नि.नं. ८५०७ मा अपूरो अनुसन्धान गरी मुद्दा चलाउँदा पनि मुद्दा चलाएको व्यक्ति र पीडित दुवैको न्याय पाउने हक हनन हुन्छ । (प्रकरण २९) सरकारवादी बनाएर पीडितको वादी हुने हक पनि खोस्ने, वादी बन्ने अधिकार लिएको सरकारले झारा टारेर लापर्बाही गरेर अनुसन्धान नै पूरा नगरी कसैलाई मुद्दा कमजोर पारी अभियोग लगाई मुद्दा चलाउने कार्य स्वीकार्य हुँदैन । सरकारले कर्तव्य पूरा गरेको मान्न सकिँदैन । (प्रकरण ३७) भन्ने नजिरविपरीत

(ग) नि.नं. १०७७९ उत्प्रेषण परमादेश मुद्दामा - कानुनको देखादेखी त्रुटि भएको छ, छैन ? कानुनको उचित प्रक्रिया अवलम्बन भएको छ, छैन ? भन्ने प्रश्न रिट क्षेत्रबाट हेरिन्छ भन्ने नजिरको प्रतिकूल ।

(घ) संविधानको धारा १३३ (२) उल्लंघन

(ङ) ठोस प्रमाणको अनदेखा गरी अपराध अनुसन्धान र अभियोजनसम्बन्धी उपरोक्त कानुन निष्क्रिय बनाई कानुनको शासनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न व्यवधान खडा गरिएको ।

अन्त्यमा संसद्मा पेस हुने महाभियोग प्रस्ताव संविधानअनुसार छानबिन भई उपयुक्त निकास निकाली न्यायपालिकाको गरिमा र अदालतप्रतिको जनआस्था अभिवृद्धि हुनेमा आशावादी छु ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय जनकपुरको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

(प्रकाशित मिति २०८०/०२/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लि. शाखा कार्यालय जनकपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुनः धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार ०१ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जनकपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा उद्योग, मन्त्रालय, वणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा मिति २०६७/०८/२० मा प्रा.फ.र.नं. १०४७/८५/०६७/०६८ दर्ता कायम रहेको महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको र हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं.०७ स्थित **काजल फैन्सी स्टोर्स** (प्रोप्राइटर राम औतार राउत/सम्पत देवीको नाती, विन्देश्वर राउत बर्रे/सुशिला देवीको छोरा, सुनिता कुमारी देवीको पति महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०७ बस्ने **शैलेन्द्र कुमार चौरसिया,** ना.प्र.नं. ९१०९३७८१ जारी मिति २०५६/०२/१४ जिल्ला प्रशासन कार्यालय महोत्तरी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. राम औतार राउत/सम्पत देवीको नाती, विन्देश्वर राउत बर्रे/सुशिला देवीको छोरा, सुनिता कुमारी देवीको पति महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०७ बस्ने **शैलेन्द्र कुमार चौरसिया** (ना.प्र.नं. ९१०९३७८१ जारी मिति २०५६/०२/१४ जिल्ला प्रशासन कार्यालय महोत्तरी) ।
२. मिथीला विहारी शरण राउत/मनतोरिया देवीको छोरी, विन्देश्वर राउत बर्रे/सुशिला देवीका बुहारी, शैलेन्द्र कुमार चौरसियाको पत्नी महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०७ बस्ने **सुनिता कुमारी देवी** (ना.प्र.नं. १८३०५३/४९४ जारी मिति २०६३/१०/११ जिल्ला प्रशासन कार्यालय महोत्तरी) ।

लिलाम हुने सम्पतिको विवरण

१. **शैलेन्द्र कुमार चौरसिया**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, भेडियाही फुलकाहा गा.वि

५६ लाख सेयर लगानीकर्ताको सुरक्षा गर्ने अर्थमन्त्रीको प्रतिबद्धता

काठमाडौं/ अर्थमन्त्री प्रकाशशरण महतले ५६ लाख लगानीकर्ताको लगानी सुरक्षा सुनिश्चित गर्न कुनै कसर बाँकी नराख्ने बताएका छन्। धितोपत्र बोर्डको ३१औं वार्षिकोत्सव कार्यक्रममा बोल्दै मन्त्री डा. महतले सेयर बजारमा आममानिसको लगानी र आयआर्जनको माध्यमका रूपमा ठूलो आकर्षण रहेको र बोर्डको जिम्मेवारी पनि थपिएको बताए। उनले भने, 'बजारलाई अझै स्वच्छ, विस्तारित र लगानीकर्ताको सुरक्षा सुनिश्चित गर्नु छ, मेरो तर्फबाट कुनै कसर बाँकी रहँदैन, लगानी गर्नेले ढुक्कले लगानी गर्नुभए हुन्छ।'

बजेटले आमलगानीकर्तालाई आयकरको दायरामा ल्याउने भन्ने हल्ला मात्रै भएको उनले बताए। 'सेयर बजारमा लगानी गर्दा बढी फाइदा हुन्छ कि भनेर अथवा भोलि केही होला कि भनेर जसले गाँस काटेर लगानी गरेका छन्,' उनले भने, 'उनीहरूको सुरक्षा गर्ने सबैभन्दा ठूलो जिम्मेवारी धितोपत्र बोर्डको नै हो।'

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले आगामी आर्थिक वर्षभित्रमा कमोडिटिज एक्सचेन्ज सञ्चालनमा ल्याउने गरी काम गरेको बताए। ब्रोकर लाइसेन्स वितरण पनि दुई महिनाभित्र सम्पन्न गर्ने उनले बताए। उनले भने, 'अहिले एलोआई (आशयपत्र) पाएका सबैलाई लाइसेन्स वितरण हुन्छ, १८ कम्पनीले पाइसके, अब बाँकीले पनि पाउँछन्।' त्यस्तै, अब आईपिओ (प्राथमिक सेयर) निष्कासनको स्वीकृति पनि मिति तोकेर ४५ दिनभित्र दिने तयारीमा रहेको उनले बताए।

काभ्रेमा पहिलोपटक 'वृत्ति मार्ग-निर्देशन तथा रोजगार मेला' हुने

इन्द्रबहादुर थापा/ नयाँ पत्रिका



बनेपामा जिल्लामै पहिलोपटक वृत्ति मार्ग-निर्देशन तथा रोजगार मेला हुने भएको छ। बनेपा नगरपालिका र पनौती नगरपालिकाको आयोजनामा बनेपा ८ स्थित लायकु परिसरमा यही २६-२७ जेठमा हुने भएको हो।

बिहीबार बनेपा नगरपालिका सभाहलमा वृत्ति मार्ग-निर्देशन तथा रोजगार मेलाको जानकारी दिने हिसाबले पत्रकार सम्मेलन गर्दै जानकारी गराइएको हो। रोजगारको खोजीमा रहेका युवायुवती, विद्यार्थीहरूलाई उनीहरूको वृत्ति मार्ग-निर्देशन गर्ने तथा उनीहरूको भेट रोजगारदाता र सेवा प्रदान गर्ने सरकारी गैरसरकारी निकायहरूसँग गराउने उद्देश्यले मेलाको आयोजना गर्न लागेको बनेपा नगरपालिकाका मेयर शान्तिरत्न शाक्यले जानकारी दिए। 'मेरो वृत्ति मेरो खोजी, मेरो सीप भविष्यको दीप' भन्ने मूल नाराका साथ लायकु परिसर बनेपामा वृत्ति मार्ग-निर्देशन तथा रोजगार मेला आयोजना गरेको शाक्यले बताए। हेल्भेटास नेपालको प्राविधिक सहयोगमा मेला आयोजना हुने उनले जानकारी दिए। मेलाको उद्घाटन बनेपा नगरप्रमुख शाक्यको प्रमुख आतिथ्यमा हुने आयोजकले जनाएको छ। उक्त मेलाबाट वृत्ति विकाससम्बन्धी परामर्श सेवा तथा जानकारी, सीपमूलक तालिम दिने संस्थाहरूको प्रदर्शनी र तालिमबारे जानकारी, रोजगारसम्बन्धी सूचना दिइनुका साथै रोजगारदातासँग प्रत्यक्ष सम्पर्क, निःशुल्क सञ्चालन हुने कार्यस्थलमा आधारित सीपमूलक तालिमसम्बन्धी जानकारी, रोजगारको अवसर प्राप्त गर्न सकिने र स्थानीय उत्पादनहरू प्रदर्शनीजस्ता सेवा प्राप्त हुने बताइएको छ।

स्थानीय जनशक्तिलाई स्थानीयस्तरमै रोजगारी उपलब्ध गराउने अभिप्रायले आयोजना गरिएको मेलामा विभिन्न उद्योग व्यवसायबाट १८ वटा, विभिन्न उद्योग संघ-संस्थाबाट ९ वटा, अटोमोबाइल व्यवसायी तथा संघ, महासंघबाट ३ वटा, घरेलु तथा साना उद्योग, लघु उद्योगहरूबाट ६ वटा, सामाजिक विकास मन्त्रालय/दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोस्रो बाट एउटा, प्राविधिक शिक्षालयहरूबाट ६ वटा, इलाका प्रहरी, इन्सुरेन्स कम्पनीहरूलगायतका ५ वटा गरी जम्मा ४८ वटा स्टल रहने जानकारी दिए। मेलामा करिब १० हजारजनासम्मको सहभागिता रहनेछ भने ३ हजार युवाले वृत्ति परामर्श सेवा प्राप्त गर्ने आयोजकले विश्वास लिएको छ।

नबिल बैंक लिमिटेड, टिकापुर शाखा, कैलाली तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०२/२६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत : यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सोको लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१. **ऋणी फर्मको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, कैलालीमा, मिति : २०७५/०५/२८ मा प्रा.फ.र.नं. २६०१५/०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री गणेश शान्ती ट्रेडर्स।**
ठेगाना : कैलाली जिल्ला, भजनी नगरपालिका, वडा नं. १।

ऋणी फर्मका प्रोप्राइटरको विवरण

वैकुण्ठ नापितकी छोरी, नर बहादुर श्रेष्ठकी बुहारी, गणेश बहादुर श्रेष्ठकी श्रीमती, कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने नागरिकता नं. ६७१२२३०३९ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०३५/०२/३१) भएको **श्रीमती शान्ति नापित।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. नर बहादुर श्रेष्ठको नाति, गणेश बहादुर श्रेष्ठको छोरा, कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने नागरिकता नं. ३९८८३ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०५७/११/११) भएको **श्री विनोद प्रसाद श्रेष्ठ।**
२. डम्बर बहादुर डि.सी.की छोरी, गणेश बहादुर श्रेष्ठकी बुहारी, विनोद प्रसाद श्रेष्ठकी श्रीमती, कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने नागरिकता नं. ६७२०३१/३७२१ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०६७/०२/२५) भएको **श्रीमती पुष्पा श्रेष्ठ।**

२. **ऋणी फर्मको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम सावित्र श्री ५ को सरकार हाल नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, धनगढीमा, मिति : २०६२/०४/११ मा प्रा.फ.र.नं. १०८९२/०६२/६३ अन्तर्गत दर्ता भएको **श्री श्रेष्ठ गल्ला तथा मल खाद केन्द्र।**
ठेगाना : कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ३।

ऋणी फर्मका प्रोप्राइटरको विवरण

नर बहादुर श्रेष्ठको नाति, गणेश बहादुर श्रेष्ठको छोरा, कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने नागरिकता नं. ३९८८३ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०५७/११/११) भएको **श्री विनोद प्रसाद श्रेष्ठ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. डम्बर बहादुर डि.सी.की छोरी, गणेश बहादुर श्रेष्ठकी बुहारी, विनोद प्रसाद श्रेष्ठकी श्रीमती, कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने नागरिकता नं. ६७२०३१/३७२१ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०६७/०२/२५) भएको **श्रीमती पुष्पा श्रेष्ठ।**
२. वैकुण्ठ नापितकी छोरी, नर बहादुर श्रेष्ठकी बुहारी, गणेश बहादुर श्रेष्ठकी श्रीमती, कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने नागरिकता नं. ६७१२२३०३९ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०३५/०२/३१) भएको **श्रीमती शान्ति नापित।**

३. **ऋणीको नाम र ठेगानाको विवरण**

नर बहादुर श्रेष्ठको नाति, गणेश बहादुर श्रेष्ठको छोरा, कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने नागरिकता नं. ३९८८३ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०५७/११/११) भएको **श्री विनोद प्रसाद श्रेष्ठ।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

डम्बर बहादुर डि.सी.की छोरी, गणेश बहादुर श्रेष्ठकी बुहारी, विनोद प्रसाद श्रेष्ठकी श्रीमती, कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने नागरिकता नं. ६७२०३१/३७२१ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०६७/०२/२५) भएको **श्रीमती पुष्पा श्रेष्ठ।**

४. **ऋणी कम्पनीको नाम र ठेगाना विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति : २०७५/०७/२९ मा दर्ता नं. २०२३६५/०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री गणेश शान्ती निमार्ण सेवा प्रा. लि.।**
ठेगाना : कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. नर बहादुर श्रेष्ठको नाति, गणेश बहादुर श्रेष्ठको छोरा, कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्न नागरिकता नं. ३९८८३ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०५७/११/११) भएको **श्री विनोद प्रसाद श्रेष्ठ।**
२. डम्बर बहादुर डि.सी.की छोरी, गणेश बहादुर श्रेष्ठकी बुहारी, विनोद प्रसाद श्रेष्ठकी श्रीमती, कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने नागरिकता नं. ६७२०३१/३७२१ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कैलाली, मिति : वि.सं. २०६७/०२/२५) भएको **श्रीमती पुष्पा श्रेष्ठ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

१. कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने **श्रीमती शान्ति नापित**को नाममा दर्ता भई यस बैंकको पक्षमा ऋणी **श्री श्रेष्ठ गल्ला तथा मल खाद केन्द्र** र **श्री गणेश शान्ती ट्रेडर्स**को नाममा संयुक्त रुपमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ४ क मा अवस्थित क्रमश : कि.नं. ६२३, ३५२, ३०१, ६९२, ६०२ र २९५ क्षेत्रफल क्रमश : ०-२-२-२, ०-०-५-०, ०-०-५-०, ०-१-०-०, ०-१-०-० र ०-०-१०-० विघाहामा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने **श्रीमती पुष्पा श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा ऋणी **श्री श्रेष्ठ गल्ला तथा मल खाद केन्द्र** र **श्री गणेश शान्ती ट्रेडर्स**को नाममा संयुक्त रुपमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, खैलाट गा.वि.स. वडा नं. ३ मा अवस्थित कि.नं. १३९ क्षेत्रफल २-१०-५-० विघाहामा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. १ बस्ने **श्रीमती पुष्पा श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा ऋणी **श्री श्रेष्ठ गल्ला तथा मल खाद केन्द्र** र **श्री गणेश शान्ती ट्रेडर्स**को नाममा संयुक्त रुपमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ९ मा अवस्थित कि.नं. ८९९ क्षेत्रफल ०-३-०-० विघाहामा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण :

१. ऋणी **श्री विनोद प्रसाद श्रेष्ठ** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. प्रदेश ३-०१०२२ च ७६५३ भएको Ford Freestyle 1.2L petrol Trend Car.
२. ऋणी **श्री गणेश शान्ती निमार्ण सेवा प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. सु.प.प्र. ०१०० १ख २८२८ भएको Eicher Tipper.

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

PRiME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय कुश्मा, पर्वत : ०६७-४२१२३९/४० शाखा कार्यालय बिरौटा, कास्की: ०६१-४५७३०२/०३

को

शाखा कार्यालय कुश्मा, पर्वतको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०२/२६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय कुश्मा, पर्वतबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०१/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत तिर्नुपर्ने सम्पूर्ण कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१ ऋणीको विवरण

जित बहादुर श्रेष्ठको बुहारी, रामकृष्ण श्रेष्ठको पत्नी, पर्वत जिल्ला,साबिक शिवालय उ.म.न.पा./गा.वि.स वडा नं. १ स्थित स्थायी ठेगाना भएको **रिना कुमारी श्रेष्ठ (ना.प्र.प.नं. २६१८, पर्वत)**

व्यक्तिगत जमानतकर्ताको विवरण

मोहन लाल श्रेष्ठको बुहारी, जीत बहादुर श्रेष्ठको पत्नी, पर्वत जिल्ला, साबिक शिवालय उ.म.न.पा./गा.वि.स वडा नं. १ स्थित स्थायी ठेगाना भएको **शेष कुमारी श्रेष्ठ (ना.प्र.प.नं. ५६२९, पर्वत)**

धितोमा रहेको सम्पतिको विवरण

रिना कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय पर्वतको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्वत जिल्ला, साबिक शिवालय गा.वि.स/न.पा. वडा नं. १ (नक्सा सिट नं. १) स्थित कित्ता नं. ११७३ को क्षेत्रफल ०-४-०-१ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

२ ऋणीको विवरण

जगतबहादुर शाहीको बुहारी, राम कुमार शाहीको पत्नी, म्याग्दी जिल्ला, साबिक पिप्ले गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **बिनीता शाही मल्ल (ना.प्र.प.नं. ४९१०१६/२०३३०, म्याग्दी)**

व्यक्तिगत जमानतकर्ताको विवरण

अम्मर बहादुर शाहीको नाति, लोकबहादुर शाहीको छोरा, म्याग्दी जिल्ला, साबिक पिप्ले गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **जगतबहादुर शाही (ना.प्र.प.नं. ११४३६, म्याग्दी)**

धितोमा रहेको सम्पतिको विवरण

बिनीता शाही मल्लको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, साबिक छीनेडांडा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. ०९४१०४३१) स्थित कित्ता नं. २९४२ र ३८४८ को क्षेत्रफल क्रमश: ०-४-१-० र ०-०-२-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

३ ऋणीको विवरण

महाश्रम पाध्याको नाति, खगेश्वर पाध्याको छोरा, बाग्लुङ्ग जिल्ला, साबिक छिस्ती गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **लेख नाथ शर्मा (ना.प्र.प.नं. १३७०२/१६५६, बाग्लुङ्ग)**

व्यक्तिगत जमानतकर्ताको विवरण

खगेश्वर पाध्याको बुहारी, लेख नाथ शर्माको पत्नी, बाग्लुङ्ग जिल्ला, साबिक छिस्ती गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **शर्मिला शर्मा (ना.प्र.प.नं. ३८३७, बाग्लुङ्ग)**

धितोमा रहेको सम्पतिको विवरण

साबिक कैलाश विकास बैक लि. हाल यस बैंकको नाममा चाताचात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन:

सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
Renault Kwid RXT 'O'-2017	E075732	MEEBBA002H7517926	बा. ९८ च. ३०७६

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०२/२६ गते शुक्रवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु कुश्मा, पर्वत र बिरौटा, कास्कीबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०३/०८ गते शुक्रवार कार्यालय समय भित्र ऋणीको विवरण नं. २ को धितोमा रहेको सम्पतिको हकमा यस बैंकको शाखा कार्यालय बिरौटा, कास्की र अन्य ऋणीहरुको धितोमा रहेको सम्पतिको हकमा शाखा कार्यालय कुश्मा, पर्वतमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०३/०९ गते सार्वजनिक विदा परेकाले मिति २०८०/०३/१० गते आइतवार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगददाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुट्टाखुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय कुश्मा, पर्वतमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार २६ जेठ ०८०

कृषि बिमाको तीन अर्ब अनुदान बाँकी, पहिलो किस्तामा ७५ करोड दिन मन्त्रालय सहमत

मुना कुँवर/नयाँ पत्रिका

सरकारले कृषि, पशुपक्षी तथा जडीबुटी बिमाको अनुदान बक्यौता रकमध्ये ७५ करोड दिने भएको छ। निर्जीवन बिमा कम्पनीहरूले कृषि बिमा नै बन्द गरेपछि कृषि तथा पशुपक्षी विकास मन्त्रालयले बक्यौता रकमको करिब २५ प्रतिशत रकम पहिलो चरणमा भुक्तानी गर्न तयार भएको हो।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, नेपाल बिमा प्राधिकरण र बिमक संघको संयुक्त बैठकमा बक्यौता अनुदानमध्ये कृषितर्फ पाँच करोड १२ लाख र पशुपक्षीतर्फ ६९ करोड ८८ लाख भुक्तानी दिने निर्णय गरेको हो।

सरकारले आंशिक अनुदान रकम भुक्तानी गर्ने भएपछि कृषि बिमा खोल्ने-नखोल्ने विषयमा बिमक संघले निर्णय नगरेको संघका महासचिव एवं नेको इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत अशोक खड्काले बताए। 'मन्त्रालयले बुधबार निर्णय गरेको छ। एक-दुई दिनमा पैसा आउँछ। त्यसपछि संघको बैठक बस्नेछ। बैठकले नै बिमा कारोबार सुरु गर्ने वा नगर्ने भन्ने विषयमा निर्णय गर्नेछ,' उनले भने। तर, सरकारले पूरै रकम भुक्तानी नगरेसम्म कारोबार सुरु गर्न नहुने उनको तर्क छ। 'मेरो व्यक्तिगत धारणा हो यो। अनुदान रकम नआएपछि कम्पनी कसरी चल्ने ? त्यसैले पूरै भुक्तानी हुनुपर्छ भन्ने मेरो दाबी हो,' उनले भने।

मन्त्रालयले कृषि, पशुपक्षी तथा जडीबुटी बिमा कार्यक्रम सुरु गरेसँगै मन्त्रालयका सचिवको नेतृत्वमा कृषि बिमासम्बन्धी छुट्टै कमिटी गठन गरेको छ। सोही कमिटीको नेतृत्वमा बसेको बैठकले बिमाको अनुदान रकम दिने निर्णय गरेको नेपाल बिमा प्राधिकरणका कार्यकारी निर्देशक एवं कमिटीका सदस्यसचिव राजुरमण पौडेलले बताए। कमिटीको छुट्टै कोष पनि छ। सोही कोषमा जम्मा भएको रकमध्ये ७५ करोड भुक्तानी गर्ने निर्णय भएको उनले बताए। दोस्रो चरणमा ४२ करोड निकासा गरिने योजना रहेको उनले बताए। कोषमा एक अर्ब २७ करोड रकम भएको
उनले बताए।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ १९ दिनदेखि कृषि बिमा ठप्प

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले अनुदान रकम रोकेपछि निर्जीवन बिमा कम्पनीहरूले १९ दिनदेखि कृषि बिमा कारोबार ठप्प पारेका छन्। नेपाल बिमक संघले सूचना जारी गर्दै गत जेठ पहिलो सातादेखि नै कृषि बिमा पोलिसी र दाबी भुक्तानी गर्न बन्द गरेका हुन्।

नेपालको कृषि क्षेत्रलाई व्यावसायिक बनाउन सरकारले कृषि मन्त्रालयको नेतृत्वमा कृषि बिमा सुरु गरेको हो। माघ ०६९ देखि औपचारिक रूपमा नै कृषि, पशुपक्षी तथा जडीबुटी बिमा सञ्चालनमा ल्याएको हो। कृषि बिमामा बिमा कम्पनीहरू उत्साहित नदेखिएपछि बिमा कम्पनी तथा कृषकलाई कृषिमा बिमामा प्रेरित गर्न सरकारले अनुदानको समेत व्यवस्था गरेको थियो।

तर, सरकारले ०७७ सालदेखि बिमा कम्पनीहरूलाई कृषि बिमाबापतको अनुदान रकम भुक्तानी नगरेको नेपाल बिमक संघका महासचिव एवं नेको इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत खड्काले बताए। उनका अनुसार बिमा कम्पनीहरूको तीन अर्ब रुपैयाँ अनुदान रकम बक्यौता छ। सरकारले ०७७ सालदेखि नै माछा बिमाको अनुदान भुक्तानी गरेको छैन भने ०७८ सालदेखि बाली बिमाको अनुदान रकम भुक्तानी गरेको छैन। त्यस्तै, ०७८ सालदेखि पशुपक्षी बिमाको अनुदान रकम भुक्तानी नभएको उनले बताए।

अनुदान रकम भुक्तानी नभएपछि संघले नेपाल सरकार कृषि तथा पशुपक्षी विकास मन्त्रालय, कृषि विभाग र नेपाल बिमा प्राधिकरणलाई पटक-पटक मौखिक तथा लिखित अनुरोध गरेको संघले जनाएको छ। तर, सरकारले कुनै पनि चासो नदिएपछि संघले कृषि बिमा नै बन्द गर्ने निर्णय गरेको संघका महासचिव खड्काले बताए। उनका अनुसार सरकारले अनुदान रकम भुक्तानी नगर्दा बिमा कम्पनीहरू जोखिममा पर्न थालेका छन्।

कृषिभन्दा पनि पशुपक्षी बिमाको अनुदान रकम भुक्तानीमा समस्या भएको प्राधिकरणका प्रवक्ता एवं कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए। 'प्राधिकरण र कृषि विभागले बिमा कम्पनीहरूले बुझाएको दाबी विवरण प्रमाणित गर्ने काम भइरहेको छ। प्रमाणित हुँदै गर्छ, भुक्तानी पनि हुँदै गर्छ,' उनले भने।

■ कृषि बिमाको तीन अर्ब बक्यौता

कृषि, पशुपक्षी तथा जडीबुटी बिमाबापत निर्जीवन बिमा कम्पनीहरूलाई तीन अर्ब रुपैयाँ बक्यौता रहेको छ। सरकारले ०७७ सालदेखि नै भुक्तानी गर्न बन्द गरे पनि कृषि बिमाको सुरुवातदेखि नै भुक्तानीमा समस्या हुँदै आएको थियो।

नेपाल बिमक संघका अनुसार शिखर इन्स्योरेन्सको ५९ करोड ३८ लाख अनुदानबापत रकम भुक्तानी हुन बाँकी छ। आइएमई प्रुडेन्सियलको ४९ करोड ८७ लाख बाँकी छ। एनएलजी इन्स्योरेन्सको ३३ करोड ७७ लाख भुक्तानी हुन बाँकी छ। नेको इन्स्योरेन्सको ३० करोड १९ लाख बाँकी छ। त्यस्तै, सगरमाथा लुम्बिनी जनरल इन्स्योरेन्सको २३ करोड ३४ लाख रुपैयाँ बाँकी छ। हिमालयन एभरेस्ट इन्स्योरेन्सको १६ करोड ५६ लाख, सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको १५ करोड ९६ लाख, अजोड इन्स्योरेन्सको १५ करोड ९२ लाख, नेपाल इन्स्योरेन्सको ११ करोड १६ लाख, ओरियन्टल इन्स्योरेन्सको १० करोड ६८ लाख, सानिमा जिआइसी इन्स्योरेन्सको ९७ करोड, प्रभु इन्स्योरेन्सको ६४ करोड र राष्ट्रिय बिमा कम्पनीको २५ करोड रुपैयाँ भुक्तानी हुन बाँकी रहेको छ।

चालू आर्थिक वर्ष ०७९/८० को चैत महिनासम्मा निर्जीवन बिमा कम्पनीहरूले कृषि बिमाबापत एक अर्ब ८१ करोड ५१ लाख रुपैयाँ बिमाशुल्क आर्जन गरेका छन्। बिमा प्राधिकरणको तथ्यांकअनुसार कम्पनीहरूले कोसी प्रदेशबाट २२ करोड २० लाख बिमाशुल्क आर्जन गरेका छन्। मधेस प्रदेशबाट १६ करोड ७४ लाख, बागमती प्रदेशबाट ६६ करोड ८२ लाख, गण्डकी प्रदेशबाट २३ करोड १५ लाख, लुम्बिनी प्रदेशबाट २७ करोड चार लाख, कर्णाली प्रदेशबाट १९ करोड ७९ लाख र सुदूरपश्चिम प्रदेशबाट पाँच करोड ७३ लाख रुपैयाँ आर्जन गरेका छन्।

त्यस्तै, कम्पनीहरूले चालू आवको चैत महिनासम्माम एक लाख ३५ हजार ४३ वटा कृषि बिमा पोलिसी बिक्री गरेका छन्। प्राधिकरणको तथ्यांकअनुसार कोसी प्रदेशमा १८ हजार पाँच सय ३४ वटा पोलिसी बिक्री भएका छन्। मधेस प्रदेशमा नौ हजार एक सय ४५, बाग्मती प्रदेशमा ५१ हजार ९१, गण्डकी प्रदेशमा १४ हजार आठ सय ४३, लुम्बिनी प्रदेशमा २६ हजार पाँच सय ९५, कर्णाली प्रदेशमा १० हजार एक सय १० र सुदूरपश्चिम प्रदेशमा चार हजार सात सय २५ वटा पोलिसी बिक्री भएको तथ्यांकमा उल्लेख छ।

माथिल्लो अरुणमा विश्व बैंकले लगानी गर्न चाहनु सकारात्मक : अर्थमन्त्री



नयाँ पत्रिका

अर्थमन्त्री डा. प्रकाशशरण महतले विश्व बैंकले माथिल्लो अरुणमा लगानी गर्न खोज्नु सकारात्मक रहेको बताएका छन्। माथिल्लो अरुण जलविद्युत् परियोजनामा लगानी गर्न इच्छुक विभिन्न विदेशी दातृ निकायका प्रतिनिधिहरूसँग छलफल गर्दै उनले यस्तो बताएका हुन्। 'हामीले अरुण तेस्रोमै विश्व बैंकको लगानी चाहेका थियौं। विश्व बैंक पनि लगानी गर्न तयार थियो, तर विविध कारणले त्यसले पूर्णता पाउन सकेन,' उनले भने, 'अहिले माथिल्लो अरुणमा लगानीको विषयमा सकारात्मक छलफल हुँदा निकै खुसी लागेको छ।'

मन्त्रालयले मंगलबार विश्व बैंक, एसियाली विकास बैंक, जाइका, जर्मनी सरकार, ओपेक फन्ड, युरोपियन युनियन, युरोपियन लगानी बैंक, कुवेत फन्ड, जर्मन, साउदी विकास फन्डलगायतका दातृ निकायका प्रतिनिधिसँग छलफल गरेको हो।

एक हजार ६१ मेगावाटको उक्त अर्धजलाशययुक्त आयोजनामा विश्व बैंकले अन्य दातृ निकायको साझेदारीमा सहुलियत ऋण दिने घोषणा गरिसकेको छ।

मन्त्री महतले जलाशययुक्त दूधकोसी जलविद्युत् परियोजनामा एसिया विकास बैंकले चासो राखेको भन्दै लगानीको प्रक्रिया छिटो अगाडि बढाउन आग्रह गरे। 'अहिले पनि नेपालले सुक्खायाममा भारतबाट बिजुली आयात गर्नुपरेको छ,' उनले भने, 'त्यसैले हामीलाई धेरै जलाशययुक्त योजना आवश्यक छ। प्रधानमन्त्रीको भारत भ्रमणले पनि नेपालमा उत्पादित १० हजार मेगावाट बजार सुनिश्चित गरेको छ। हामी आन्तरिक बजार बढाउँदै पेट्रोलियम पदार्थको उपभोग घटाउने क्रममा रहेका छौं।' त्यसैगरी, छलफलमा उर्जामन्त्री शक्ति बस्नेतले नेपालमा जलविद्युत् उत्पादन र यसको प्रभावबारे चर्चा गरेका थिए।

छलफलमा विश्व बैंक दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष मार्टिन रेजर, उपाध्यक्ष वांग्जी चेनको पनि सहभागिता रहेको थियो। छलफलमा विश्व बैंक, एसियायी विकास बैंक, जाइका फन्ड, साउदी फन्डका प्रतिनिधिहरूले माथिल्लो अरुण परियोजनामा लगानी गर्न इच्छुक रहेको बताए। जर्मनी सरकारका प्रतिनिधिले परियोजनामा हुने प्रगतिका आधारमा ट्रान्समिसन लाइनमा लगानी गर्न आफूहरू इच्छुक रहेको बताएका थिए।

प्राधिकरणको सहायक कम्पनी अपर अरुण जलविद्युत् कम्पनीले यो आयोजना अघि बढाएको छ। संखुवासभामा बन्ने उक्त आयोजनामा कुल दुई खर्ब १४ अर्ब ८६ करोड लागत अनुमान गरिएको छ। त्यसको ७० प्रतिशत रकम अर्थात् एक खर्ब ५० अर्ब ४० करोड लगानी भने ऋणमार्फत जुटाउने योजना छ। कुल ऋण रकममध्ये ५३ अर्ब ३४ करोड स्वदेशी हुने पक्का भइसकेको छ। गत भदौमा जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआइडिसिएल)को नेतृत्वमा नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र नागरिक लगानी कोषले उक्त आयोजनामा ऋण लगानी गर्ने समझदारी भइसकेको छ। बाँकी ९७ अर्ब ६ करोड ऋण भने विश्व बैंकले साझेदारीमा दिने गरी यसअघि नै प्रतिबद्धता गरेको थियो। सोहीअनुसार बिहीबार दातृ निकायसँग छलफल भएको हो। विश्व बैंकको टोलीले दुईपटक आयोजना बन्ने ठाउँको अवलोकनसमेत गरिसकेको छ।

सम्भवतः स्वदेशी तथा विदेशी लगानीकर्तासँग ०२३ को अन्तिमसम्ममा अन्तिम ऋण लगानी सम्झौता हुने प्राधिकरणका अधिकारीहरू बताउँछन्।

परियोजना निर्माणका लागि गर्नुपर्ने पूर्वतयारीका जग्गा अधिग्रहण, रूख कटानलगायतका धेरैजसो कामहरू सम्पन्न भइसकेका छन्। सन् ०२५ जुलाईबाट परियोजना निर्माणको काम सुरु गर्ने गरी काम अगाडि बढिरहेको छ। अब प्रत्येक इच्छुक दातृपक्षसँग वित्तीय योजना र ऋणका सर्त तथा ब्याजदरबारे आन्तरिक छलफल गर्ने तयारी छ। आयोजना बनाउन झन्डै ६ वर्ष लाग्ने अनुमान छ। सोहीअनुसार सन् २०३० भित्र आयोजनाको निर्माण सम्पन्न हुने बताइएको छ।

आयोजनाको कुल लागतको ३० प्रतिशत अर्थात् ६४ अर्ब ४६ करोड लगानी भने कम्पनीले स्वपुँजीमार्फत गर्नेछ। स्वपुँजीको ४९ प्रतिशत रकम 'नेपालको पानी जनताको लगानी' कार्यक्रमअनुसार सर्वसाधारणमार्फत उठाइनेछ। बाँकी ५१ प्रतिशत भने प्रवर्द्धक कम्पनीले लगानी गर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर

बोलपत्र रद्ध सम्बन्धि सूचना

सूचना प्रकाशित मिति : २०८०/०२/२६ गते

यस मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरबाट मिति २०७९/१२/२० गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित ई- बोलपत्र ठेक्का न. IFB no:- MP/MPPOJ/WORKS/NCB/2079-80/07 सम्बन्धि निर्माण कार्यको बोलपत्र प्राविधिक कारणले रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

श्री भक्तपुर जिल्ला चाँगुनारायण न.पा वडा नं ६ बस्ने वीरमान सिंह तामाङको नातिनी दिर्घ बहादुर तामाङ की छोरी सन्चमाया लामाको नामको १५ दिने सूचना

उप्रान्त निवेदक भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं ६ बस्ने विकास लामाले आफ्नी आमा मिति २०५० देखि वेपत्ता हुनुभएको हुनुभई खोजतलास गर्दा पनि हालसम्म फेला नपरेको तथा कुनै केही जानकारी पाउन नसकेको हुँदा निज सन्चमाया लामाको मृत्युको न्यायिक घोषणा गरिपाउँ भनी यस अदालतमा निवेदन परेको हुँदा अदालतको मिति २०८०/२/१७ को आदेशानुसार सरोकारवालाको नाममा यो सूचना प्रकाशित गरिएको छ। सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपाई सन्चमाया लामा जिवित भए सो निवेदन उपर दावी उजुर गर्न यस अदालतमा उपस्थित हुन आउनुहोला। वेपत्ते सन्चमाया लामा को बारेमा थाहा जानकारी पाउने जो कोहीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस अदालतमा लिखित जानकारी दिनुहुन सम्बन्धित सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानुन बमोजिम हुनेछ। ईति सम्वत २०८० साल जेठ महिना २४ गते रोज ४ शुभम...

सिन्धुज्वाला हाइड्रो पावर लि.
तीनकुने, काठमाडौं

विशेष साधारणसभा सम्बन्धि २१ दिने सूचना

यस सिन्धुज्वाला हाइड्रो पावर लि.को सञ्चालक समितिको समवन्धमा कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वरबाट मिति २०७९/१/२ मा जारी भएको निर्देशन उपर केहि व्यक्तिहरूले उच्च अदालत पाटनमा पुनरावेदन दायर गरेकोमा मिति ०७९/१/२ को कम्पनी रजिष्टारको निर्णय सदर मानी फैसला भएको हुदाँ कम्पनीको प्रथम सञ्चालक समितिले उक्त निर्देशन बमोजिम विशेष साधाणसभा बोलाई सोही निर्देशन बमोजिम सञ्चालक समितिको निर्वाचन लगायतका कार्यहरू सम्पन्न गर्ने कानुनी दायित्व हुन आएकोले निम्न मिति, समय र स्थानमा यहाँहरूको विशेष साधारणसभामा गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिएको छ।

मिति : २०८०/३/१६ गते शनिवार
समय : विहान ८:०० बजे
स्थान : स्काइ दरबार पार्टी प्यालेस, बग्गी खाना, सिंहदरबार, काठमाडौं

विशेष साधारण सभाका छलफलका विषयहरु

१. संचालक समितिको निर्वाचन सम्वन्धमा
२. निस्पक्ष लेखा परीक्षकको नियूक्ती र पारिश्रमिक निर्धारण सम्वन्धमा
३. विविध

नोट : निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको कार्यालयमा प्रकाशित गरिने छ। विशेष साधारणसभामा उपस्थित हुन आउने शेयर धनीहरुले आ-आफ्नो शेयरधनी प्रमाणपत्र लिएर आउनुहुन अनुरोध गर्दछु।

संचालक समितिको निर्देशन बमोजिम
कम्पनी सचिव

नबिल बैंक लिमिटेड, दाङ्ग शाखा, दाङ्ग तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०२/२६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत : यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगाना विवरण
तिलाराम सुवेदीकी छोरी, सहदेव मंडलकी बुहारी, विजय कुमार मंडलकी श्रीमती, दाङ जिल्ला, त्रिभुवननगर पञ्चायत वडा नं. १० स्थायी घर भई हाल दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. १४/२५७४ (जारी मिति : २०४४/१०/२० स्थान दाङ) भएकी **श्रीमती बुद्धि मायाा मंडल।**
जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
१. चन्द्र बहादुर सापकोटाकी छोरी, विजय कुमार मंडलकी बुहारी, शुशिल अधिकारीकी श्रीमती सुखेंत जिल्ला, उत्तरगङ्गा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. ३२३५० (जारी मिति : २०५५/०३/०९ स्थान भक्तपुर) भएकी **श्रीमती शोभा सापकोटा।**
२. सहदेव मंडलको नाति, विजय कुमार मंडलको छोरा, दाङ जिल्ला, त्रिभुवन नगर न.पा. वडा नं. १० स्थायी घर भई हाल दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. २३३५ (जारी मिति : २०५५/०१/१६ स्थान दाङ) भएको **श्री शुशिल अधिकारी।**
धितोको विवरण
धितोमा रहेको घर/जग्गाको विवरण :
दाङ जिल्ला, त्रिभुवन नगर पञ्चायत वडा नं. १० स्थायी घर भई हाल दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १४ बस्ने, श्रीमती बुद्धि मायाँ मंडलको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ जिल्ला, घोराही गा.वि.स. वडा नं. १क मा अवस्थित कि.नं. ३६०८ र ३६१० क्षेत्रफल ०-०-३½ र ०-०-२ विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेड, महेन्द्रनगर शाखा, कञ्चनपुर तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ताभुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०२/२६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ताभुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत : यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलामबिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानतदिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलामबिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको फर्मका नाम र ठेगानाको विवरण
प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग पर्यटन तथा वातावण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कञ्चनपुर (महेन्द्रनगर)मा मिति : २०७५/१०/१७ मा प्रा.फ.र.नं. ३५३/४८५५/०७७/७८ अन्तर्गत दर्ता भएको **श्री नन्दीता फर्निचर उद्योग।**
ठेगाना : कञ्चनपुर जिल्ला, बेदकोट नगरपालिका, वडा नं. ६, कञ्चनपुर।
ऋणी फर्मका प्रोप्राइटरको विवरण
श्री राम बोहोराको नाति, ललित बोहोराको छोरा, कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ६ बस्ने नागरिकता नं. ९०४०५२६६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कञ्चनपुर मिति : वि.सं. २०५६/०३/२३ भएको **श्री हेमराज बोहोरा।**
व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण
रामेश्वर भट्टकी छोरी, ललित बोहोरकी बुहारी, हेमराज बोहोराकी श्रीमती, कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ६ बस्ने नागरिकता नं. ७५३००३/१७७५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का कञ्चनपुर मिति : (वि.सं. २०६३/१०/१६ भएकी) **श्रीमती निता कुमारी भट्ट (बोहरा)।**
धितोको विवरण
धितोमा रहेको घर/जग्गाको विवरण :
कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा. वडा नं. ६ बस्ने **श्री हेमराज बोहोरा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं. ३ मा अवस्थित कि.नं. १३१९ क्षेत्रफल ९.०१.६१ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

स्ट्यान्डर्ड चार्टर्डको 'ब्लकचेन नलेज सेयरिङ सेसन'

नयाँ पत्रिका

डिजिटल ट्रेड फाइनान्स नेटवर्क कन्दुरसँगको सहकार्यमा स्ट्यान्डर्ड चार्टर्ड बैंकले नेपाल राष्ट्र बैंकका लागि 'ब्लकचेन नलेज सेयरिङ सेसन' आयोजना गरेको छ। कार्यक्रममा डिस्ट्रिब्युसन लेजर टेक्नोलोजी (डिएलटी), यसको प्रयोग र यसले वर्तमान प्रणालीमा देखिने समस्यालाई हटाई ट्रेड फाइनान्समा पुऱ्याउने सहयोगका विषयमा छलफल गरिएको हो।

डिएलटीले विश्व व्यापारलाई उच्च संगठित सञ्जालमा रूपान्तरण गर्दै दक्षता सुधार गर्न र ट्रेड फाइनान्सिङमा लागत घटाउन सहयोग पुऱ्याउँदै आएको जनाइएको छ। कार्यक्रम अत्यन्त फलदायी साबित हुने विश्वास लिएका बैंकले जनाएको छ। यस किसिमको कार्यक्रमले नेपालका लागि



डिएलटीको सम्भावित लाभ विचार गर्न मद्दत गर्ने र यसले देशको व्यापार प्रवाह सुधार गर्न योगदान पुऱ्याउन सक्ने बैंकको दाबी छ।

कन्दुर लिडिङ ट्रेड बैंक र उद्योग साझेदारद्वारा विश्व व्यापारमा लामो समयदेखि देखिएका समस्या समाधान गर्न गठित संस्था हो। यसले विश्वका बैंक, कर्पोरेट र लजिस्टिक्स पार्टनर्सलाई रियल टाइममा कमन डिजिटल र ट्रस्टेड नेटवर्कमा सँगै ल्याउन डिसेन्ट्रलाइज्ड टेक्नोलोजीको प्रयोग गरी लेटर्स अफ क्रेडिटजस्ता ट्रेड फाइनान्स प्रडक्ट्स ट्रान्सफर्म गर्ने जनाइएको छ। कार्यक्रममा कन्दुरका चिफ प्रडक्ट अफिसर जोसुआ क्रोकरले डिएलटीमाथि आफ्नो धारणा राख्नुका साथै कन्दुरको मल्टिबैंक प्लाटफर्मले डिएलटीलाई आयात तथा निर्यात एलसी लेनदेनका लागि ग्राहकले उठाउन सक्ने लाभका बारेमा जानकारी गराएका थिए।

स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालका सिइओ अनिर्वाण घोष दस्तीदारले आफ्नो बैंक ट्रेड फाइनान्ससहित ब्लकचेनका विभिन्न प्रयोग कार्यान्वयन गर्ने विश्वको अग्रणी बैंकमध्ये एक रहेको बताए।

नेपाल लाइफका ६००० अभिकर्तालाई पुनर्ताजगी प्रशिक्षण



नयाँ पत्रिका

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले सातवटै प्रदेशमा अभिकर्ता प्रशिक्षण तथा सम्मान कार्यक्रम गरेको छ। कम्पनीले ६ हजार ८० अभिकर्तालाई पुनर्ताजगी प्रशिक्षण तथा एक हजार अभिकर्तालाई सम्मान कार्यक्रम गरेको हो।

कम्पनीले कोसी प्रदेशको बिर्तामोड र इटहरी, मधेस प्रदेशको वीरगन्ज र मिर्चैया, बागमती प्रदेशको नारायणघाट, भक्तपुर र काठमाडौं, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल र नेपालगन्ज, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको टीकापुर र अत्तरिया गरी कुल १३ स्थानमा प्रशिक्षण तथा सम्मान कार्यक्रम राखेको जनाएको छ।

पोखरामा आयोजित कार्यक्रममा कम्पनीका सञ्चालक समिति सदस्यहरू कमलेशकुमार अग्रवाल र विमलप्रसाद ढकालको उपस्थिति रहेको थियो। कार्यक्रममा अग्रवालले गण्डकी प्रदेशको विभिन्न आर्थिक सूचकांकमा अग्रपंक्तीमा रहेकाले यस क्षेत्रमा बिमा व्यवसायको विस्तार गर्न प्रचुर सम्भावना रहेको बताए।

प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले अभिकर्ताको क्षमताको विकास गर्ने हेतुले यस किसिमको कार्यक्रम आयोजना गरिएको बताए। कार्यक्रमले बिमा क्षेत्रमा भएका नवीन प्रयोग गरी साक्षात्कार गराउन, क्षमता अभिवृद्धि गर्न तथा व्यवसाय विस्तारका लागि आवश्यक उपयोगी सीपलाई थप निखार्न महत्त्वपूर्ण भूमिका खेल्नेमा आफू विश्वस्त रहेको उनको भनाइ थियो।

नेपालमा प्रोमेटका सामग्री भित्र्याउँदै सेल्लुसिटी



काठमाडौं/ सेल्लुसिटी अन्तर्राष्ट्रिय प्रालिले ग्राहकलाई उच्च गुणस्तरीय उपकरणको पहुँच बढाउने उद्देश्यसहित ताइवानको 'प्रोमेट' बान्डका सामग्री नेपाल भित्र्याएको छ। सेल्लुसिटी नेपाली बजारमा भिभो मोबाइललगायत एंकर र नोइजजस्ता मोबाइल उपकरणको आयातकर्ता र वितरक कम्पनी हो।

सेल्लुसिटीले अनलाइन माध्यमबाट प्रोमेटका उपकरणहरू वितरण गर्ने सोच बनाउँदै दराज अनलाइन स्टोरसँग सहकार्य गरेको जनाएको छ। प्रोमेटले स्मार्ट फोन केस, ब्लुतुथ स्पिकर, एप्पल मोबाइलका उपकरण, डाटा केबल, कार चार्जर, इयरपड्स, हेडफोन र युएसबी हबलगायत स्मार्ट वाचहरू उत्पादन गर्दै आएको जनाइएको छ। प्रोमेटले उत्पादनमा नवीनता, गुणस्तर र ग्राहककेन्द्रित सेवालाई प्राथमिकतामा राख्दै उच्च गुणस्तरीय प्रविधिद्वारा प्रयोगकर्ताको जीवनलाई सहज बनाउने लक्ष्य बोकेको कम्पनीको दाबी छ।

प्रोमेटका सामग्री पहिलोपटक नेपाल आएको अवसर पारेर कम्पनीले प्रयोगकर्तालाई आकर्षक अफर पनि दिने जनाएको छ। कम्पनीले स्मार्ट फोन केस, ब्लुतुथ स्पिकर, एप्पल मोबाइलका उपकरण, डाटा केबल, कार चार्जर, इयरपड्स, हेडफोन युएसबी हबलगायतका सम्पूर्ण उपकरणमा २४ महिना र स्मार्ट वाचमा १२ महिनाको वारेन्टी दिएको उल्लेख गरेको छ। त्यस्तै, जेठ ३२ सम्म दराज फ्लास सेलमार्फत आफ्ना सामग्री खरिद गर्ने दुईजनालाई एक-एकवटा सुनको सिक्का दिने जनाएको छ। त्यस्तै, पहिलो एक सय ५० ग्राहकलाई ३० प्रतिशत छुट र लक्की ड्रमार्फत पाँचजनालाई प्रोमेटका सामग्री केवल ९९ रुपैयाँमा प्रदान गर्ने जनाइएको छ।

ग्लोबल आइएमईले पायो 'इन्फोसिस फिनाकल इनोभेसन अवार्ड'



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेड 'इन्फोसिस फिनाकल इनोभेसन अवार्ड-२०२३' बाट सम्मानित भएको छ। फिनाकल १० कोर बैंकिङको कार्यान्वयनपश्चात् बैंकले ग्राहककेन्द्रित सेवाहरूमा नवीनतम सोचका साथ उत्कृष्ट प्राविधिक रूपान्तरण (डिजिटल ट्रान्सफर्मेसन) गरेकोमा बैंकलाई ट्रान्सफर्मेसन एक्सिलेन्स विधाअन्तर्गत सर्वोत्कृष्ट घोषित गरिएको हो।

इन्फोसिस फिनाकल इनोभेसन अवार्ड बैंकिङ टेक्नोलोजी क्षेत्रको एक प्रतिष्ठित अन्तर्राष्ट्रिय पुरस्कार रहेको बैंकले जनाएको छ। नवीनतम ग्राहककेन्द्रित आविष्कारहरूको सर्जक बैंकहरूलाई प्राविधिक रूपान्तरण, यसको सही प्रयोग तथा टेक्नोलोजीमा सिर्जनशीलताजस्ता बुँदाहरूलाई आधार मानेर यो अवार्ड प्रदान गर्ने गरिएको उल्लेख छ। ग्लोबल आइएमई बैंक डिजिटल टान्सफर्मेसन, टेक्नोलोजीमा नवीनता एवं उत्कृष्टता र यसको सही सदुपयोग गर्दै उत्तरदायी तथा सुरक्षित बैंकिङमार्फत सेवा प्रवाह गर्ने उत्कृष्ट बैंक भएकाले यो अवार्ड प्राप्त गर्न सफल रहेको बैंकको दाबी छ।

आइएमई पेबाट आइएमई लाइफमा प्रिमियम भुक्तानी गर्दा क्यासब्याक

काठमाडौं/ आइएमई पेले आइएमई लाइफ इन्स्योरेन्सको प्रिमियम भुक्तान गर्दा क्यासब्याक पाउने योजना ल्याएको छ। कम्पनीले सेवाग्राहीले भुक्तान गरेको प्रिमियम रकमको ०.५ प्रतिशतबराबर वा अधिकतम एक हजार रुपैयाँसम्म क्यासब्याकको अफर ल्याएको हो।

साउन ३१ सम्म लागू हुने उक्त अफरअन्तर्गत ग्राहकले आफ्नो पोलिसी नम्बरको प्रयोग गरी आइएमई लाइफ इन्स्योरेन्सको प्रिमियम घरै बसीबसी सजिलै तिर्न सक्ने कम्पनीले जनाएको छ। आइएमई पे मोबाइल ब्यालेटमार्फत सेवाग्राही आफैंले अथवा एजेन्टमार्फत विभिन्न किसिमको भुक्तानी कार्य गर्न सक्ने जनाइएको छ। यसले व्यक्ति-व्यक्तिबीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि विभिन्न अनलाइन तथा स्थलगत स्टोरमा क्युआर स्क्यान गरी भुक्तान गर्ने, मोबाइल रिचार्ज गर्ने, र विभिन्न घरायसी तथा कार्यालयका बिल भुक्तान गर्न मिल्ने सेवा प्रदान गर्दै आइरहेको जनाएको छ।

ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सुचना

(सुचना प्रकाशित मिति : २०८०/०२/२६)

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीले संस्थाबाट कर्जा लिई उक्त कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावां, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन पटक पटक मौखिक तथा लिखित सुचना दिई तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको र यस गोर्खा एकता बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा तिर्नका लागि पठाएको पत्र समेत नबुझी फिर्ता गरेकोले यो कर्जा चुक्ता गर्न आउने ३५(पैतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। सो अवधि भित्र संस्थामा उपस्थित भई तपाईं ऋणीले बुझाउनु पर्ने साँवा, ब्याज समेत सम्पुर्ण रकम चुक्ता गर्न सुचित गरिन्छ, अन्यथा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, यस संस्थाको बिनियमावली, निर्देशन र प्रचलित कानुन बमोजिम ऋणीलाई कालो सुचीमा समेत राखी संस्थाको लेना रकम ऋणीले कर्जा लिंदाका बखत यस संस्थामा राखेको धितो सुरक्षण, ऋणी तथा ऋणीका एकाघर परिवारका नाममा नेपाल राज्यभर रहेको चलअचल सम्पति समेतबाट लिलाम बिक्री गरी वा अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाई असुल उपर गरिने छ। साथै सो कर्जा लिंदा ऋणीको तर्फबाट रहेका जमानीकर्ताहरूले समेत यसै सुचनालाई आधार मानी उक्त कर्जाहरू चुक्ता गर्नु गराउनु होला, नगरे नगराएमा जमानी कर्ताहरूलाई समेत ऋणी सरह यसै बमोजिम कारबाही अगाडि बढाइने व्यहोरा सुचित गरिन्छ।

तपशिल

ऋणीको नाम, ठेगाना तथा अन्य बिवरण	जमानीकर्ताको नाम, ठेगाना तथा अन्य बिवरण
नाम : **नारायण खनाल** ठेगाना : नुवाकोट जिल्ला पञ्चकन्या गा.पा. वडा नं. ३, मिश्रफांट बाबुको नाम : डोलराज खनाल बाजेको नाम : जीवलाल खनाल ना. प्र. नं. : ३७२००/१८२० मिति : २०५१।०१।२७ जि. प्र. का.: नुवाकोट।	नाम : **कमला खनाल** ठेगाना : नुवाकोट जिल्ला पञ्चकन्या गा.पा. वडा नं.९ मिश्रफांट बाबुको नाम: गोपी बहादुर नगरकोटी पतिको नाम : नारायण खनाल ससुराको नाम : डोलराज खनाल ना. प्र. नं. २५-०१-७१-००९०५ मिति : २०७१।०२।०७ जि. प्र. का.: नुवाकोट

गोर्खा एकता
बचत तथा ऋण सहकारी संस्था लि.
GURKHA EKATA SAVING & CREDIT CO-OPERATIVE LTD.

चण्डोल-४, काठमाडौं, नेपाल
फोन: ०१-४५२५२५६, ०१-४५२४१५०
E-mail: gurkhaekata@gmail.com

धितोमा रहेको चल/अचल सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०२/२६ गते

यस माछापुच्छ्रे बैंक लि. कटारी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०७९/०५/२० गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुंदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउनु हुन समेत विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग अन्तर्गत प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **महाभारत सप्लायर्स** प्रा.फ.र.नं. १६४४/०७३/०७४, दर्ता मिति : २०७३/०५/०१, पान नं. ६०४९९०५२५, दर्ता मिति : २०७३/०५/०१ ठेगाना : उदयपुर जिल्ला, कटारी वडा नं. ७, **प्रोप्राईटर : सरस्वती खड्का**
व्यक्तिगत जमानतकर्ताहरु
१. बालकृष्ण खड्का ना.प्र.नं. १३५६७/१२०६, ई.प्र.का. कटारी जारी मिति : २०४२/०६/१५ बाबु : राम कृष्ण खड्का, बाजे : हिक्मत बहादुर खड्का ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ४
२. निश्चल खड्का ना.प्र.नं. ०१४३०४२/३८, जि.प्र.का. उदयपुर जारी मिति : २०६३/१०/०३ बाबु : बालकृष्ण खड्का, बाजे : राम कृष्ण खड्का, पत्नी : रेखा खड्का ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ४
३. सरस्वती खड्का ना.प्र.नं. १४७८/८०, ई.प्र.का. कटारी, जारी मिति : २०४६/०२/२६ बाबु : देव बहादुर भट्टराई, ससुरा : राम कृष्ण खड्का, पती : बालकृष्ण खड्का ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ४
धितोमा रहेको सम्पतिको विवरण
१. हिक्मत बहादुर खड्काको नाति, राम कृष्ण खड्काको छोरा, उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ४ बस्ने बालकृष्ण खड्काको नाउँमा मालपोत कार्यालय कटारीमा दर्ता कायम भएको उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. १/क स्थित कि.नं. २२६५ को क्षेत्रफल ०-०-८-० (बिघा) घर जग्गा आदि सम्पूर्ण लिगलगापत समेत। २. हिक्मत बहादुर खड्काको नाति, राम कृष्ण खड्काको छोरा, उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ४ बस्ने बालकृष्ण खड्काको नाउँमा मालपोत कार्यालय कटारीमा दर्ता कायम भएको उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. ७/ग स्थित कि.नं. ३०० को क्षेत्रफल ०-०-६-० (बिघा) जग्गा आदि सम्पूर्ण लिगलगापत समेत। ३. राम कृष्ण खड्को बुहारी, बालकृष्ण खड्काको पत्नी, उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ४ बस्ने सरस्वती खड्काको नाउँमा मालपोत कार्यालय कटारीमा दर्ता कायम भएको उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. २/घ स्थित कि.नं. ६८४ को क्षेत्रफल ०-१-०-० (बिघा) जग्गा आदि सम्पूर्ण लिगलगापत समेत। ४. राम कृष्ण खड्को बुहारी, बालकृष्ण खड्काको पत्नी, उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ४ बस्ने सरस्वती खड्काको नाउँमा मालपोत कार्यालय कटारीमा दर्ता कायम भएको उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. १/१ क स्थित कि.नं. ४११३ को क्षेत्रफल ०-०-९-० (बिघा) जग्गा आदि सम्पूर्ण लिगलगापत समेत। ५. महाभारत सप्लायर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तीको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ती र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।
लिलाम बिक्रीको शर्त तथा बन्देजहरु
१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ। २. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन। ३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ। ४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। ५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक मौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। ६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ। ७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। ८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ। ९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ। १०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ। ११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन। १२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन। १३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ। **पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साबिकमा बैंकबाट भएको मूल्याङ्न भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८०/०२/३२ बिहीबार कार्यालय समय सम्म शाखा कार्यालय, कटारी	२०८०/०३/०१ शुक्रबार दिनको १:३० बजे शाखा कार्यालय, कटारी

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, कटारी

Invitation for Bids

Request for proposal for EOI (Expression of Interest)

Date of Publication: Jestha 26, 2080
Deadline for Submission: - Ashad 08, 2080

Citizens Bank International Limited invites sealed Bids for acquiring insurance policy of Bankers' Blanket Insurance; Gold Insurance; Fixed asset Policy; Money Policy; Group Personal Accidental and Group Medical Insurance as per the terms and conditions outlined below:-

1. Tender form can be procured during office hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path, Durbar Marg, Kathmandu upon payment of NPR 5,000.00 (Nepalese Rupees Five Thousand only), at A/c no. 999-01290040101 nonrefundable, latest by 11:00 hours on Ashad 8, 2080.
2. Sealed Tenders should be submitted to Head Office of the Bank latest by 13:30 hours on Ashad 08, 2080. Sealed tenders will be opened on 15:00 hours on Ashad 10, 2080 at Head Office of the Bank at Narayanhiti Path, Kathmandu in presence of respective bidders (s) or in presence of its authorized representative. However, non-presence of the bidder(s) or its representative will not affect or change the pre-scheduled bid opening date for opening of the Bids.
3. If the last date of purchasing, submission and opening falls on a public holiday, immediate next working day shall be considered the last day for respective jobs.
4. Documents received after the deadline of the submission will not be considered for further evaluation.
5. Bids must be accompanied by bid security of 5% of the bid amount either in the form of earnest money (refundable) deposited in cash at the Head Office of the Bank or in the form of bank guarantee (Bid Bond) issued in favor of the Bank having validity of 90 days from the last date of bid submission.
6. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the "Bids" received from the bidders, wholly or partly; any or all the bids without assigning reason whatsoever.

Citizens Bank

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977- 4427842,977-01-4427843
Fax 977-01-4427077, Email: gsd@ctznbank.com

www.ctznbank.com

नबिल बैंक लिमिटेड, हेटौंडा शाखा, मकवानपुर तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०२/२६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो को कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत : यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल
ऋणी फर्मका नाम र ठेगानाको विवरण
औद्योगिक व्यवसाय ऐन २०७३ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा मिति : २०७०/१२/२० मा प्रा.फ.द.नं. ८४९५/३८८/२०७०/२०७१ अन्तर्गत दर्ता भएका **श्री श्रेष्ठ ढुवानी सेवा।** ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. १७, खमारे, मकवानपुर।
ऋणी फर्मका प्रोप्राइटरको विवरण
मान बहादुर श्रेष्ठको नाति, विष्णु लाल श्रेष्ठको छोरा, मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. १७ बस्ने नागरिकता नं. ३१३०१३/२१७ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, मिति : वि.सं. २०६३/११/१९) भएका **श्री विकाश श्रेष्ठ।**
व्यक्तिगत जमानतकर्ताको विवरण
१. विनोद कुमार श्रेष्ठकी छोरी, विष

सहकारीविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

हुन सकेन । जसकारण सिंगो सहकारी क्षेत्र नै संकटमा परेको छ ।

एक दर्जन सहकारी सिआइबी छानबिनमा

सिआइबीले हाल शिव शिखर सहकारी र एकताबद्ध सहकारीका सञ्चालक पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । शिव शिखरले मात्र एक लाखभन्दा धेरै सर्वसाधारणको करिब १४ अर्ब रुपैयाँ फिर्ता गरेको छैन । भक्तपुरको कौशलटारमा केन्द्रीय कार्यालय रहेको यो सहकारीका ३५ जिल्लामा शाखा कार्यालय छन् । निक्षेप फिर्ता गर्न नसकेपछि सबैजसो कार्यालय बन्द छन् । 'हामीले तीन सञ्चालकलाई पक्राउ गरेर मुद्दा चलाएकोमा उनीहरू जेल चलान भएका छन्,' एआइजी बज्राचार्यले भनिन्, 'यो सहकारीले सर्वसाधारणको करिब १४ अर्ब रकम हिनामिना गरेको देखिन्छ ।'

बुढानीलकण्ठको एकताबद्ध सहकारीमा नौ सय ५८ सदस्य छन् । जसमध्ये एक सय ९१ जनाले सिआइबीमा उजुरी दिएका छन् । आठ करोड १८ लाख निक्षेपको दाबी गरिएको छ ।

यसबाहेक ललितपुरको कुमारीपाटीस्थित पशुपति सहकारी, चुच्चेपाटीको एभर ट्रस्ट सहकारी, तिनकुनेको रियल गोर्खा सहकारीका सञ्चालकलाई पनि पक्राउ गरी कारबाही गर्न सहकारी विभागले सिआइबीलाई पत्राचार गरेको छ ।

पशुपतिविरुद्ध हालसम्म एक अर्ब १४ करोड रुपैयाँ माग गरी जाहेरी परेको छ । त्यस्तै, एभर ट्रस्टविरुद्ध एक सय ८८ जनाले ३४ करोड १४ ठगीको जाहेरी दिएका छन् । रियल गोर्खाविरुद्ध एक सय १४ जनाले दुई करोड ६४ लाखको जाहेरी दिएका छन् ।

त्यस्तै, ललितपुरको लालीगुराँस, नेसनल, सुमेरु, देउराली, काठमाडौंको कुलेश्वरस्थित गौतमश्री सहकारीलगायतविरुद्ध पनि सर्वसाधारण उजुरी लिएर सिआइबी धाउन थालेका छन् । तर, प्रहरीले सहकारी विभागले पत्राचार गरेपछि मात्र अनुसन्धान गर्दै आएको छ । बानेश्वरमा रहेको सन्ध्या ऋण तथा बचत सहकारी संस्था, हरित कृषि सहकारीविरुद्ध पनि उजुरी परेका छन् ।

त्यस्तै, बागमती प्रदेशको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले विभिन्न सहकारीका सञ्चालकलाई कारबाही गर्न सिआइबीलाई पत्राचार गरेको छ । काठमाडौंको एबिसी बचत तथा ऋण सहकारी संस्था, स्मृति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, अक्षता बचत तथा ऋण सहकारी संस्था, राइजिङ अप बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुरको सातदोबाटोस्थित मञ्जरी बहुउद्देश्यीय सहकारी संस्था, सन्ध्या बचत तथा ऋण सहकारी संस्था लिमिटेड, विश्वास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, भद्रकाली कृषि सहकारी संस्था लिमिटेडविरुद्ध पनि प्रहरीमा मन्त्रालयले पत्राचार गरेको छ ।

गोलढुंगाको जनप्रेम बचत तथा ऋण सहकारी संस्था लिमिटेड, काठमाडौं तिनकुनेको भरोसा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, टोखाको जयअम्बे बचत तथा ऋण सहकारी संस्था लिमिटेड, स्युचाटारको विशुद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेडविरुद्ध पनि सिआइबीलगायत निकायमा उजुरी परेका छन् ।

महाराजगन्जको हिउँचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड, न्युरोडको लवकुश बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, युवा विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, राष्ट्रप्रेम बचत तथा ऋण सहकारी संस्था लिमिटेड र गतिशील बचत तथा ऋण सहकारी संस्था लिमिटेडले पनि निक्षेप फिर्ता दिन नसकेपछि निक्षेपकर्ता प्रहरीमा पुगेका छन् । एकैपटक धेरै सहकारीविरुद्ध उजुरी आएपछि सिआइबी अनुसन्धान नै गर्न नसक्ने अवस्थामा पुगेको छ । प्राथमिकताका आधारमा ब्युरोले पालैपालो अनुसन्धान गरिरहेको छ ।

सर्वसाधारण सडकमा, सञ्चालक विदेशमा

सहकारीबाट पीडितहरू आफ्नो निक्षेप फिर्ताको माग गर्दै सडकमा ओर्लिएका छन्, रकम हिनामिना गरेर सहकारी सञ्चालकहरू भने विदेश भाग्न थालेका छन् । सहकारीपीडित बचतकर्ता महासंघको नेतृत्वमा बिहीबार माइतीघरदेखि नयाँ बानेश्वरसम्म विरोध च्याली निकालिएको छ । ठगी गर्ने सहकारीका सञ्चालकमाथि कारबाही तथा आफ्नो बचत फिर्ताको माग गरी उनीहरूले विरोध प्रदर्शन गरेका हुन् । विगतमा पनि पटक-पटक सहकारीपीडितले आन्दोलन गर्दै आएका छन् ।

सहकारीमा सर्वसाधारणको अर्बौं रकम डुबेको छ । विगतमा पनि प्रहरीले सिभिललगायत ठूला सहकारीका सञ्चालकलाई पक्राउ गरेर मुद्दा दायर गरे पनि पीडितहरूले अझै आफ्नो निक्षेप फिर्ता पाउन सकेका छैनन् । सिभिलको करिब ६ अर्ब ठगीको मुद्दा जिल्ला अदालत काठमाडौंमा विचाराधीन नै छ । त्यसअघि ओरेन्टललगायत १२ सहकारीलाई समस्याग्रस्त घोषणा गरी सरकारले 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' गठन गरी पैसा फिर्ता गर्ने पहल गरे पनि प्रभावकारी हुन सकेको छैन । हाल देशभर ३० हजार आठ सय ७९ सहकारी संस्थामा ७३ लाख ३७ हजार दुई सय ५२ सेयर सदस्य रहेको सरकारी तथ्यांक छ ।

नियमन नै कमजोर हुँदा यसरी सहकारीमा हिनामिना मौलाएको र अहिले ठूलो समस्या देखिएको जानकारहरू बताउँछन् । पूर्वसचिव केदार न्यौपानेले सहकारी सञ्चालकले सहकारीको पैसा नियमविपरीत जग्गा र सेयरबजारमा लगानी गरेको र डुबे क्षेत्र खस्किएपछि अहिले धेरैजसो सहकारी समस्यामा परेको बताए । सहकारी क्षेत्रमा समस्या बढेपछि राम्रोसँग चलिरहेका सहकारीमा पनि निक्षेप निकाल्नेको क्रम बढेको छ, जसले गर्दा समग्र सहकारी क्षेत्र नै संकटमा परेको हो ।

सर्वसाधारण सडकमा आउँदा कतिपय सञ्चालक भने विदेश भागिसकेको प्रहरी स्रोत बताउँछ । शिव शिखर तथा तुलसी सहकारीका पूर्वअध्यक्ष केदारनाथ शर्मा भारतमा लुकेर बसेका छन् । उनले दुई सहकारीको करिब ६ अर्ब भारतमा लगेर लगानी गरेका छन् । अन्य सहकारीका सञ्चालक पनि भाग्न थालिसकेको स्रोत बताउँछ । यद्यपि, केहीको राहदानी सरकारले रोक्का राखेको छ ।

अनुसन्धान धान्नै नसक्ने गरी उजुरीको चाप बढेको छ

एआइजी किरण बज्राचार्य, निर्देशक, केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)

सिआइबीले एकपछि अर्को सहकारीमाथि छानबिन गरिरहेको छ, सहकारी ठगीको अवस्था भयावह नै भएको हो ?

पछिल्लो समयमा हामीकहाँ जति पनि पीडित आइपुग्नु भएको छ, त्यो हेर्दा धेरै सहकारीका सञ्चालक सम्पर्कमा छैनन् । बचतकर्ताको पैसा फिर्ता गर्न नसक्ने भएपछि उनीहरू सम्पर्कविहीन भएका छन् । कतिपय त विदेश नै भागेको भन्ने पनि छ । यसरी हेर्दा सहकारीबाट ठूलो संख्यामा सर्वसाधारण ठगिएको हो भन्ने देखिन्छ ।

ठगी कसरी भएका छन् ?

सञ्चालकहरूले सुरुदेखि नै योजनाबद्ध रूपमा संस्थाको पैसा आफूले व्यक्तिगत रूपमा प्रयोग गरेर ठगी भएको छ । संस्था स्थापना गर्दादेखि नै पैसा उठाउने र त्यसबाट व्यक्तिगत लाभ लिने गलत मनसाय राखेको देखिन्छ । सहकारीको नियमित साधारणसभा गरेको छैन, लेखापरीक्षक हुन सकेको छैन । यसले पनि मनलागी रूपमा सञ्चालकले संस्थाको पैसा व्यक्तिगत कम्पनी र सम्पत्तिमा लगानी गरेका छन् ।

अहिले धेरै सहकारी धराशयी हुनुमा मुख्य कमजोरी कसको देखिन्छ ?

अनुसन्धानका क्रममा हेर्दा त सञ्चालकहरू नै यसका मुख्य दोषी हुन् । धेरै सञ्चालकको आपराधिक मनसाय देखिन्छ । दोस्रो, नियमन गर्ने निकायको पनि कमजोरी देखियो । राम्रोसँग अनुगमन नगर्ने र हचुवाको भरमा ठीक छ भन्ने गरेका कारण आज धेरै सहकारी समस्यामा परेका छन् । बचतकर्ताले पनि आफूले जहाँ पैसा राखेको छ त्यो संस्थाबारे राम्रोसँग बुझ्ने प्रयास गरेको पाइएन । संस्थाको अवस्था के छ ? साधारणसभा गरेको छ कि छैन, अडिट रिपोर्ट कस्तो छ भन्ने बेवास्ता गरी ब्याजको लोभमा पैसा राखेको देखिन्छ । समयमै सहकारीमा हुने बेथितिबारे सम्बन्धित निकायमा खबर भएको भए यो अवस्था आउने थिएन जस्तो लाग्छ ।

सहकारी ठगीसम्बन्धी उजुरी सिआइबीमा कति छन् ?

हामीकहाँ उजुरी एकदमै बढेका छन् । शिव शिखरका सञ्चालक त जेल चलान नै भइसके । एकताबद्धका सञ्चालकलाई पक्राउ गरी अनुसन्धान गरिरहेका छौं । अन्य सहकारीको अनुसन्धान पाइपलाइनमा छ । फोन, फेसबुकदेखि कार्यालयमै आएर उजुरी गर्ने बढिरहेका छ । उजुरीको चाप हेर्दा हामीले अनुसन्धान धान्न सक्ने अवस्था छैन । ठगी गर्ने सहकारीको संख्या सयौं छ, पीडितको संख्या लाखौं छ । त्यसकारण यो समस्यालाई फरक ढंगले समाधान गर्नुपर्छ भन्ने लाग्छ ।

फरक ढंगले भनेको कस्तो ?

हाम्रो अनुभवमा सञ्चालक थुनेर १० वर्षदेखि हुँदै आएको बदमासी पत्ता लगाएर पैसा फिर्ता गराउन सक्ने अवस्था पनि छैन । सञ्चालक र प्रबन्धकलाई थुनेर मात्र समस्या समाधान हुँदैन, पासपोर्टदेखि सम्पत्तिसम्म रोक्का राख्ने र पीडितलाई संस्थाको सम्पत्तिबाट निक्षेप फिर्ता गराउने रणनीतितर्फ लाग्नुपर्छ जस्तो लाग्छ ।

काठमाडौंमा सहकारीले निक्षेप फिर्ता नगरेको भनेर एक महिनामा दर्जन उजुरी आउने गरेको एसएसपी दानबहादुर कार्कीले बताए । 'हामीलाई सीधै सहकारी ठगीको जाहेरी दर्ता गर्ने अधिकार छैन,' उनले भने, 'ठाडो निवेदन लिएर छलफलसम्म गराइदिन्छौं, पक्राउ गरेर मुद्दा चलाउन भने सहकारी विभागबाटै पत्राचार हुनुपर्छ ।' अनुगमन नै नहुँदा धेरैजसो सहकारी समस्यामा परेको र त्यही कारण अहिले प्रहरीमा धेरै उजुरी आएको उनको भनाइ छ ।

ललितपुर प्रहरीमा पनि सहकारीले ठगी गरेको भनेर दर्जनौं उजुरी आएका छन् । तर, सहकारी विभागबाट पत्र नआएसम्म आफूहरूले मुद्दा दर्ता नगर्ने ललितपुर परिसरका एसएसपी सिद्धिविक्रम शाहले बताए । लालीगुराँस, सुमेरु, देउरालीलगायत सहकारीबाट सबैभन्दा धेरै पीडित छन् ।

त्यस्तै, कान्तिपुर सहकारी मीनभवन, उपलब्धि बहुउद्देश्यीय सहकारी कैलाशचौरले पनि निक्षेप फिर्ता गर्न नसकेको सहकारी विभागमा निक्षेपकर्ताले उजुरी दिएका छन् । जसमा विभागले छलफल गराई निक्षेप फिर्ता गर्न निर्देशन दिएको छ । विभागले बुधबार जारी गरेको विज्ञप्तिअनुसार सञ्चालकहरूले आफ्नो सम्पत्ति बेचेर भए पनि पैसा फिर्ता गर्न मञ्जुरी दिएका छन् ।

तुलसी सहकारीमा ६८ करोड डुब्यो

विराटनगरको तुलसी बहुउद्देश्यीय सहकारी संस्थाले बचतकर्ताको करिब ६८ करोड हिनामिना गरेको छ । सो संस्थाका तीनजनालाई हालै प्रहरीले पक्राउ गरी मुद्दा दायर गरेको छ । उपाध्यक्ष अनिता गौतम र सचिव सविना न्यौपाने र प्रबन्धक मन्दीप खवासलाई मुद्दा दायर भएकोमा उनीहरू २२ जेठमा जेल चलान भएका हुन् । प्रहरीले सो सहकारीका अध्यक्ष केदारनाथ शर्मासहित आठ सञ्चालकविरुद्ध ठगी मुद्दा दायर गरेको थियो । जसमा शर्मासहित सदस्यहरू बन्टी अधिकारी, आदित्यराज भट्टराई, निर्मला पोखरेल भट्टराई र छविलाल विश्वकर्मा छन् । संस्थाले ६७ करोड ७६ लाख २१ हजार दुई सय ६८ रुपैयाँ हिनामिना गरेको अनुसन्धानबाट खुलेको मोरङका एसपी दीपक पोखरेलले बताए ।

सर्वसाधारणको ५० करोड ८८ लाख ७८ हजार सात सय २८ निक्षेप फिर्ता गर्न सकेको छैन । अध्यक्ष शर्माले १६ करोड ९७ लाख ४२ हजार पाँच सय ४० रुपैयाँ रेडर्क नराखी आफूले निकालेर हिनामिना गरेका हुन् । शर्मा हाल प्रहरी अनुसन्धानमा रहेको शिव शिखर सहकारीका पनि पूर्वअध्यक्ष हुन् । उनी लामो समय नियमविपरीत दुई सहकारी संस्थाको अध्यक्ष बनेका थिए ।

कर्मचारी...

पृष्ठ १ बाट क्रमशः

स्थानीय तहमा कर्मचारी व्यवस्थापन जटिल रहेको उनले बताए । दोहोरो सहमतिका आधारमा अन्तरस्थानीय तह सरुवाले कर्मचारीलाई दुर्गम छाडेर सुगममा आउन प्रेरित गरेकाले त्यसलाई आफूले रोकेको उनको भनाइ छ ।

स्थानीय तहमा कर्मचारी समस्या न्यूनीकरण गर्न आफूले प्रयास गरेको पनि मन्त्री मोदीले बताए । आफू आउनुअघि दुई सय ५० भन्दा बढी स्थानीय तह निमित्तका भरमा चलेकामा त्यसलाई घटाएर एक सय ३३ सम्म पुऱ्याएको उनको दाबी छ । 'निमित्तबाट स्थानीय तह चलाउने प्रवृत्ति रोक्न चाहन्छौं,' उनले भने, 'साउनसम्ममा यो हटाउँछौं ।' मन्त्रालयले खटाएका कर्मचारीलाई हाजिर नगराउने केही स्थानीय तहको खातासमेत रोक्कासमेत गरिएको र हाजिर हुन नजाने कर्मचारीलाई स्पष्टीकरणलगायत कारबाही गरिएको उनले बताए । खटाएका ठाउँमा जान रमाना नै नबुझ्ने कर्मचारीलाई समयसीमा नै तोकेर कारबाहीको चेतावनीसमेत मन्त्रालयले दिएको थियो ।

बढुवा भएका नयाँ उपसचिवलाई प्रमुख प्रशासकीय खाली रहेका स्थानीय तहमा पठाएर रिक्तता पूर्ति गर्ने प्रयास गरिएको उनले बताए । केही स्थानीय तहमा विभिन्न कारण नचाहेरै पनि विभिन्न कारणवश पटक-पटक र छिटो-छिटो सरुवा गर्नुपरेको उनको भनाइ छ । साउनपछि स्थानीय तहको निमित्तको समस्या समाधान हुने मन्त्री मोदीको दाबी छ । सचिव डा. कृष्णहरि पुस्करले कर्मचारीको विवेकपूर्ण सरुवा गर्दा धाकधम्कीसमेत आउने गरेको बताए । 'तर, हामीले विवेकपूर्ण निर्णय गरेरै सरुवा गरिरहेका छौं,' उनले भने ।

चार स्थानको...

पृष्ठ १ बाट क्रमशः

३९.३ डिग्री पुगेर रेकर्ड ब्रेक भएको छ । त्यहाँ यसअघि २२ अप्रिल २०१३ मा ३८.८ डिग्री पुगेको थियो ।

त्यस्तै, इलामको कन्याम चिया बगान क्षेत्रमा पनि अधिकतम तापक्रम ३० डिग्री पुगेको छ । त्यहाँ यसअघि १० जुन १९७३ मा २९ डिग्री पुगेको थियो । पहाडी क्षेत्र ओखलढुंगामा पनि तापक्रम लगातार उकालो लागेको छ । ओखलढुंगामा २८ अप्रिल १९९९ अधिकतम तापक्रम ३०.९ डिग्री पुगेर रेकर्ड बनेकामा सोमबार र मंगलबार क्रमशः ३१.१ र ३१. ३ डिग्री मापन भएको छ । बुधबार घटेर ३९.३ डिग्रीमा झरेको छ । बिहीबारको तथ्यांक भने प्राप्त हुन सकेन ।

विभागका वरिष्ठ मौसमविद् डा. इन्दिरा कँडेलका अनुसार कुल ११३ स्टेसनको अधिकतम तापक्रम केलाउँदा चारवटामा रेकर्ड ब्रेक भएको पाइएको हो । '१९९० देखिको तथ्यांक ब्रेक गर्ने गरी तापक्रम बढ्नुले जलवायु परिवर्तनको असर पुष्टि गर्छ,' वरिष्ठ मौसमविद् कँडेलले भनिन्, 'यसको अर्थ चिसा दिन घट्दै गएको र ताता दिन बढ्दै गएको देखिन्छ ।'

एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको ले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, फर्म दर्ता तथा अभिलेख व्यवस्थापन शाखामा प्रा.फ.र.नं. १२६४२४/०७२/७३ स्थानीय व्यापार अन्तर्गत मिति २०७२/१२/०८ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २४ स्थित **सौभाग्य सप्लायर्स** **प्रोप्राइटर तथा जमानीकर्ता: विनिता गौतम** स्थायी ठेगाना : ललितपुर जिल्ला, कालेश्वर गा.वि.स. वडा नं. ७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चावहिल बाबु : अमृत नाथ गौतम ससुरा : कृष्ण बहादुर कालिकोटे पति : दिनेश कालिकोटे	**दिनेश कालिकोटे** स्थायी ठेगाना : दोलखा जिल्ला, पवटी गा.वि.स. वडा नं. २ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चावहिल बाबु : कृष्ण बहादुर कालिकोटे बाजे : सेर बहादुर कालिकोटे
	२) दिनेश कालिकोटे स्थायी ठेगाना : दोलखा जिल्ला, पवटी गा.वि.स. वडा नं. २ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चावहिल बाबु : कृष्ण बहादुर कालिकोटे बाजे : सेर बहादुर कालिकोटे	**विनिता गौतम** स्थायी ठेगाना : ललितपुर जिल्ला, कालेश्वर गा.वि.स. वडा नं. ७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चावहिल बाबु : अमृत नाथ गौतम ससुरा : कृष्ण बहादुर कालिकोटे पति : दिनेश कालिकोटे
	धितोको विवरण	
	१) सेर बहादुर कालिकोटेको नाती, कृष्ण बहादुर कालिकोटेको छोरा, दोलखा जिल्ला, पवटी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चावहिल बस्ने दिनेश कालिकोटेको नाममा मालपोत कार्यालय चनौली, चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ८ ग(हाल भरतपुर म.न.पा. वडा नं.२४) स्थित कित्ता नं. ८८६, ८८९, ८८३, ८७८, ८९३ र ८९२ को क्षेत्रफल क्रमशः ४७४.५७, ५०७.९६, ४७३.७४, ३४४.८४, ९५८.८४ र ६८२.३३ (व.मि.)को जग्गा तथा सो जग्गामा लेचेर्को र भविष्यमा चर्चिने सम्पूर्ण लिलालगापात समेत । २) सौभाग्य सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८०/०२/२६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीफर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति : २०७९/१०/०५ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **गजुरी शाखा, धादिङमा** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी फर्म, फर्मका प्रोपाईटर तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण:

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाहीमा मितिः २०६९/०२/३२ मा प्रा.फ.र.नं १४०६/०६८/०६९ अन्तर्गत दर्ता भएको **श्री मनकामनामाई हार्डवयर ।**

ठेगानाः धादिङ जिल्ला पिठा गा.वि.स

शुक्रबार २६ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

खेल संक्षेप

पृथ्वी सेमिफाइनलमा

काठमाडौं/ आयोजक बुढानीलकण्ठ मोडेल कम्युनिटी एकेडेमी (बिएमसिए) र पृथ्वी प्रथम बिएमसिए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताका बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन् । बिएमसिए सिनियर पुरुष तथा पृथ्वी महिलामा अन्तिम चार स्थान पुगेका हुन् । सिनियर पुरुषमा बिएमसिएले ग्राम शिक्षालाई ३६-१९ ले पराजित गऱ्यो । महिलातर्फ पृथ्वीले टेरेसा एकेडेमीलाई ४१-३० ले हरायो ।

एन्जल्सको जित

काठमाडौं/ लालीगुराँस नेसनल एकेडेमी (एलएनए) र एन्जल्स हार्टले प्रथम तार्केश्वर नगर प्याब्सन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा बिहीबार सहज जित निकालेका छन् । एलएनएले सेक्रेट हार्टलाई १९-१२ ले पराजित गऱ्यो । एन्जल्स हार्टले लालीगुराँस विद्याकुञ्जलाई २७-२० ले हरायो । जुनियर पुरुषमा स्प्रिङ भ्यालीले ल्यान्डमार्क एकेडेमीलाई १५-१२ ले निराश पाऱ्यो ।

रातो बंगला विजयी

काठमाडौं/ रातो बंगलाले तेस्रो संस्कृति कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा बिहीबार दोहोरो जित हात पारेको छ । पुरुषतर्फ रातो बंगलाले एपेक्स लाइफलाई २५-१२ ले हरायो । महिलातर्फ होली भिजनलाई २ ९-४ ले पराजित गऱ्यो । पुरुष काठमाडौं वर्ल्डले टिआइएलाई १६-१५ तथा युरोले इम्पेरियललाई २७-२६ ले हराए ।

विमल, सिमन्त र लाकेन राष्ट्रिय टोलीमा

नयाँ पत्रिका
काठमाडौं, २५ जेठ

मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बेर्टो एनेसले तीन नयाँ अनुहार समेट्दै भारतमा हुने पुरुष साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताका लागि नेपाली राष्ट्रिय टोली घोषणा गरेका छन् । सहिद स्मारक 'ए' डिभिजन लिगमा उत्कृष्ट प्रदर्शन गरिरहेका रक्षकद्वय विमल पाण्डे र सिमन्त थापासँगै मिडफिल्डर लाकेन लिम्बू पहिलोपटक टोलीमा स्थान बनाएका हुन् । विमल त्रिभुवन आर्मी, सिमन्त जावलाखेल युथका कप्तान र लाकेन श्री स्टारबाट शीर्ष डिभिजन लिग खेलिरहेका छन् । मुख्य प्रशिक्षक अल्बेर्टोले ६ देखि १८ असारसम्म बेंग्लोरमा हुने प्रतियोगिताका लागि बिहीबार अन्तिम २३ को नाम सार्वजनिक गरेका हुन् ।

आर्मीका जिलेस्पीजंग कार्की, श्री स्टारका कप्तान विक्रम लामा, सातदोबाटोका सुदीप गुरुङ, फ्रेन्ड्सका अन्जल महर्जन, मनाङ मर्स्याङ्दीका आशिष गुरुङ, जावलाखेलका विशाल तामाङ र आर्मीकै दिनेश हेन्जन टोलीबाट बाहिरिएका छन् । सिमन्त र लाकेन पहिलो क्लोज क्याम्पबाटै टोलीमा स्थान बनाउन सफल भए । विमल पटक-पटक अन्तिम छनोटबाट बाहिरिने गरेका खेलाडीमा पर्छन् ।

यसपटक राष्ट्रिय टोलीमा स्थान बनाउँदा हर्षित देखिएका विमलले डेब्यु अवसर पाउने आशा गरेका छन् । 'धेरैपटक बाहिर रहँ, लामो प्रतीक्षापछि मेरो मिहिनेत साकार भएको छ,' ३१ वर्षीय सेन्ट्रलब्याक विमलले खुसी हुँदै नयाँ पत्रिकासँग भने, 'पहिलोपटक टोलीमा स्थान बनाएको छु । डेब्युको आशा छ । अभ्यासमा भनै प्रमाणित गर्नेछु ।'

चर्च ब्वाइज, मच्छिन्द्र र एपिएफका चार खेलाडी

लिगमा एक चरण बाँकी रहँदा प्रशिक्षक अल्बेर्टोले च्याम्पियन चर्च ब्वाइज, मच्छिन्द्र र विभागीय एपिएफ क्लबबाट समान चार खेलाडीलाई राष्ट्रिय टोलीमा स्थान दिएका छन् । संकटाबाट तीन र आर्मीबाट दुई खेलाडी परेका छन् । जावलाखेल, सातदोबाटो, श्री स्टार, मनाङ, पञ्जाब एफसी र पर्सिक केडेरीबाट समान एक खेलाडीले टोलीमा स्थान बनाए । चर्च ब्वाइजबाट कप्तान अनन्त तामाङ, मिडफिल्डर एरिक विष्ट र स्ट्राइकर अञ्जन विष्ट र आशिष चौधरी छन् । मच्छिन्द्रबाट कप्तान तथा गोलरक्षक विशाल श्रेष्ठसँगै विमल घर्तीमगर, देवेन्द्र तामाङ र पुजन उपरकोटीले स्थान पक्का गरे । एपिएफबाट कप्तान नवीन लामा, मणिकुमार लामा, आवास लामिछाने र सनिस श्रेष्ठले स्थान पाए । संकटाबाट तीन खेलाडीमा निशान खड्का, आयुष घलान र मनीष डाँगी रहे । आर्मीबाट नवयुग श्रेष्ठ र विमलले टोलीमा स्थान बनाए । मनाङबाट दीप कार्की, जावलाखेलबाट सिमन्त, श्री स्टारबाट लाकेन र सातदोबाटोबाट दीपकराजसिंह ठकुरीले स्थान बनाएका छन् । पञ्जाब एफसीबाट किरण र पर्सिक केडेरीबाट रोहित चन्द छन् ।



फाइल तस्बिर

सदभावलाई दुई स्ट्रोकको अग्रता

काठमाडौं/ राष्ट्रिय टोलीका एमेच्योर खेलाडी सदभाव आचार्यले सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको बिहीबार तेस्रो दिन शीर्ष स्थानमा दुई स्ट्रोकको अग्रता लिएका छन् । सूर्य नेपाल टुरकै अन्तिम प्रतियोगिताको १८ होलको खेल बाँकी छँदा सदभावले एकल अग्रता लिएका हुन् । सदभावले समग्रमा १६ अन्डर दुई सय स्कोर गरेका थिए । सदभावको उत्कृष्ट प्रदर्शनअगाडि नेपालका एमेच्योर नम्बर एक खेलाडी सुभाष तामाङ दोस्रो स्थानमा झरेका छन् । सुभाषले पहिलो दिन पाँच स्ट्रोकको अग्रता लिएका थिए ।

तर, तेस्रो दिनको खेल समाप्तिसम्म सुभाष सदभावसँग दुई स्ट्रोकले पछि परे । अघिल्लो दिन सुभाषले संयुक्त रूपमा सदभावसँग शीर्ष स्थान बाँडेका थिए । उनले समग्रमा १४ अन्डर २०२ स्कोर गरे । प्रतियोगितामा यी दुवै खेलाडीले प्रोफेसनल गल्फरहरूलाई पछि पार्दै उपाधिमाथि दाबेदारी प्रस्तुत गरेका छन् ।

धरानका नीरज तामाङ समग्रमा ८ अन्डर २०८ स्कोरसहित तेस्रो स्थानमा छन् । साबिक विजेता तथा नम्बर एक प्रोफेसनल खेलाडी शुक्रबहादुर राई चौथो स्थानमा छन् । शुक्रबहादुरले समग्रमा ७ अन्डर २०९ स्कोर गरे ।

एपिएफका प्रिन्सलाई उपाधि

काठमाडौं/ १६औं कृष्णमोहन स्मृति खुला ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलको उपाधि नेपाल एपिएफ क्लबका प्रिन्स दाहालले जितेका छन् । प्रतियोगिताको बिहीबार भएको फाइनलमा प्रिन्स दाहालले त्रिभुवन आर्मी क्लबका रुकेश महर्जनलाई २१-११ र २१-११ ले पराजित गरी उपाधि जितेका हुन् । महिला एकलमा आर्मीकी रसिला महर्जन च्याम्पियन भइन् ।

उनले फाइनलमा नेपाल एपिएफ क्लबकी जेसिका गुरुङलाई २१-१९, १५-२१ र २१-१७ ले हराइन् । यसैगरी, यू-१९ मुनिको पुरुषतर्फ एपिएफका क्षितिज खनालले एपिएफकै रोशन साउदलाई १३-२१, २१-१७ र २१-१८ ले पराजित गरी उपाधि जिते । यू-१२ पुरुषमा आर्मीका रिजन मगरले उपाधि हात पारे । उनले आर्मीका सुदेश राजकोटीलाई २४-२२, २१-१८ ले हराए । पुरुष जोडीमा एपिएफका प्रिन्स र विजित थापामगरले पुलिस क्लबका जीवन आचार्य र विष्णु कटुवाललाई २१-१८ र २१-१३ ले पराजित गरी उपाधि जिते ।

यसैगरी, ५५ वर्षमाथिका भेट्रान्सतर्फ चितवनका बुद्धि चौधरी र धादिङका विष्णुलाल श्रेष्ठले बैतडीका पूर्णचन्द्र जोशी र कीर्तिपुरका राजु महर्जनलाई २३-२१ र २२-२० ले पराजित गरी उपाधि जितेका छन् ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बर्दियामा प्रा.फ.र.नं. बर्दिया १५४/१४८२/०६८/०६९ स्थानीय व्यावसाय अन्तर्गत मिति २०६८/०६/२९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ८ स्थित **बर्दिया एल.पि. ज्यौंस स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: केदार नाथ अधिकारी** **धितोको विवरण** १) उमानाथ काफ्लेकी छोरी, जगत प्रसाद अधिकारीकी बुहारी, केदार नाथ अधिकारीकी पत्नी, नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा वडा नं. ८ बस्ने एकुमाया अधिकारीको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ८ (हाल बढैयाताल गा.पा वडा नं. ८) स्थित कित्ता नं. ५२९, ९३१ र ९६९ को क्षेत्रफल क्रमशः ३४०.००, ४६०.०० र १७०.०० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) मोहन दत्त शर्माकी छोरी, केदार नाथ अधिकारीकी बुहारी, गणेश अधिकारीकी पत्नी, बर्दिया जिल्ला, बढैयाताल गा.पा वडा नं. ८ बस्ने शोभा शर्माको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ६ (हाल बढैयाताल गा.पा वडा नं. ८) स्थित कित्ता नं. १८७५ को क्षेत्रफल १६९३.१५ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) लिलाधर अधिकारीको नाती, जगत प्रसाद अधिकारीको छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा वडा नं. ८ बस्ने केदार नाथ अधिकारीको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ६ (हाल बढैयाताल गा.पा वडा नं. ८) स्थित कित्ता नं. ६३४, १७२९, १८७६ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, १६९३.१५ र ३३८.६३ (व.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) लिलाधर अधिकारीको नाती, जगत प्रसाद अधिकारीको छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा वडा नं. ८ बस्ने केदार नाथ अधिकारीको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ८ (हाल बढैयाताल गा.पा. वडा नं. ८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३९३.५०(व.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ५) बर्दिया एल.पि. ज्यौंस स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताहरुको विवरण** **१) केदार नाथ अधिकारी** स्थायी ठेगाना : नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बाबु : जगत प्रसाद अधिकारी बाजे : लिलाधर अधिकारी **२) शोभा शर्मा** ठेगाना : बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बाबु : मोहन दत्त शर्मा ससुरा : केदार नाथ अधिकारी पति : गणेश अधिकारी **३) ऐकुमाया अधिकारी** स्थायी ठेगाना : नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बाबु : उमानाथ काफ्ले ससुरा : जगत प्रसाद अधिकारी पति : केदार नाथ अधिकारी **४) गणेश अधिकारी** स्थायी ठेगाना : बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ८ हालको ठेगाना: बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बाबु : केदार नाथ अधिकारी बाजे : जगत प्रसाद अधिकारी

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिर्दा प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको गोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट

आन्तरिक आयको बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०२/२६ गते)

आ.व. २०८०/०८१ को नदीजन्य सामाग्रीको संकलन तथा विक्रि कर एवं कवाडि तथा अन्य सामाग्रीहरुको निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, लिखु गाउँपालिकाको राजस्व परामर्श समितिको मिति २०८०।०२।२१ को बैठकको सिफारिस एवं गाउँ कार्यपालिकाको मिति २०८०।०२।२५ गतेको निर्णय बमोजिम आ.ब. २०८०/०८१ को लागि लिखु गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका लिखु र तादी नदीको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित देहायको परिमाणको ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल आदि नदीजन्य पदार्थहरुको संकलन तथा विक्री कर असूली सम्बन्धी कार्यहरु एवं कवाडी तथा अन्य वस्तुहरुको निकासी कर संकलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्महरुले यो सूचना प्रकाशित मितिले ३१ औं दिन को १२:०० भित्र (मिति २०८०।०३।२४ भित्र) यस कार्यालयको कृषि विकास बैंक लि. छहरे शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ०२२४८०१९४५१०८०१९ मा बोलपत्र दस्तुर वापतको रु ५०००।०० पाँच हजार (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी र चालु आ.व. सम्मको नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/०७९ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र फारम भरी ३१ औं दिन (मिति २०८०।०३।२४) दिनको १२:०० बजेसम्म आफूले कबोल गरेको अङ्कको ५% धरौटी रकम कृषि विकास बैंक लि. छहरे शाखामा रहेको धरौटी खाता नं. ०२२४८०१९४५१०८११६ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैक ग्यारेन्टी (Bid Bond) संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत पेश गर्न सकिनेछ । रीतपूर्वक पर्न आएका बोलपत्रहरु ३१ औं दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

ठेक्का नं.	विवरण (शीर्षक)	उत्खनन् परिमाण (क्यु फिट)	कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक)	बोलपत्र दस्तुर रु.
०१/आन्तरिक आय/ २०८०/०८१	नुवाकोट जिल्ला, लिखु गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका तादी र लिखु नदीहरुबाट संकलन र विक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट ढुङ्गा, आदि नदीजन्य पदार्थहरु र कवाडी एवं अन्य वस्तुमा कर असूल गर्ने क. ढुंगा, गिटी, बालुवा, ग्राभेल संकलन र विक्री कर प्रति क्यु फिट रु ९।०० का दरले ख. कवाडी तथा अन्य वस्तुमा निकासी कर रु १. ब्लक प्रति गोटा रु ०।२५ (पचिस पैसा) २. पानी प्रति लिटर रु ०।१५ (पन्ध्र पैसा) ३. पानी प्रति जार रु १।०० (एक रुपैयाँ) ४. माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) प्रति घ.फि रु ३।५० (तीन रुपयाँ पचास पैसा) ५. प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु ०।०५ (पाँच पैसा) ६. फलाम प्रति केजी रु २।०० (दुई रुपैयाँ) ७. सिलौट, जस्ता प्रति केजी रु २।०० (दुई रुपैयाँ) ८. तामा, पित्तल प्रति केजी रु ३०।०० (तीस रुपैयाँ) ९. कागज प्रति केजी रु ०।२५ (पच्चीस पैसा) १०. हाड, सिंग, खुर, प्वांख प्रति केजी रु ०।१० (दश पैसा) ११. इटा लोकल प्रति गोटा रु ०।१० (दस पैसा) १२. इनारको रिंग प्रति गोटा रु ३।०० (तिन रुपैयाँ) १३. मेशिनबाट उत्पादित इटा प्रति गोटा रु ०।२५ (पचिस पैसा)	४०७९९९८।४६	रु ३६७।९९८६।१४ (रु तीन करोड सतसठी लाख उन्नाइस हजार नौ सय छयासी रुपैया चौध पैसा मात्र) रु २०००००।०० (बिस लाख मात्र)	रु ५००० (पाँच हजार)
	कुल जम्मा		रु ३८७।९९८६।१४ (रु तिन करोड सतासी लाख उन्नाइस हजार नौ सय छयासी रुपैया चौध पैसा मात्र)	

शर्त तथा बन्देज

१. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म e-Bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मा Annex to Bidding data sheet for provision of e-bidding मा सबै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्न सकिने छ ।
२. नेपाल सरकार, बागमती प्रदेश सरकार र लिखु गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ ।
३. ठेकेदार र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।
४. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण प्रत्येक चौमासिक भुक्तान भएको महिना दिन भित्र गाउँपालिकामा बुझाउनु पर्नेछ र अन्य कर शुल्क लागेमा ठेकेदार आफैंले असूल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ ।
५. ठेक्का स्वीकृत भएको ७ दिन भित्र ठेक्का सकार गर्ने फर्मले संझौता अगावै निजले सकार गरेको कबोल अंक एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिने र अग्रीम एकमुष्ठ नबुझाएमा कबुल अंकको संझौता अगावै ६० प्रतिशत नगदै दाखिला र बाँकी ४० प्रतिशत रकमको लागि २०८१ को साउन मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का संझौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।
६. कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।
७. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गरेमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।
८. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं गाउँपालिका भित्र बसोबास गर्ने भूकम्प पिडित नागरिकहरुले निर्माण गर्ने घरको लागि नदी किनारबाट मानिस आफैंले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन ।
९. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।
१०. ठेक्का अवधि गाउँपालिकासंग संझौता भएको मिति देखि २०८१ को आषाढ मसान्त सम्म रहनेछ ।
११. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com